# वार्षिक प्रगति प्रतिवेदन

## २०७८/७९




नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन

## २०७८/७९

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**मा. देवेन्द्र पौडेल**
**मन्त्री**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या/Let.No.:
चलानी नं./Ref. No.:

**Hon'ble Devendra Paudel**
**Minister**
**Ministry of Education, Science and Technology**
Singhadurbar, Kathmandu, Nepal

## शुभकामना



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणासँगै सुशासन र सामाजिक न्यायमा आधारित समावेशी राज्य व्यवस्थामा हामी अगाडी बढिरहेका छौं। नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक सामाजको निर्माण गर्ने संकल्प गरेको छ। विगतमा भएको जनयुद्ध र जनआन्दोलनहरुको परिमाणस्वरूप भएको राजनैतिक परिवर्तनपछि, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अनुरूप शिक्षाको संरचना संघ, प्रदेश र स्थानीय तहमा संस्थागत गर्ने प्रक्रिया निरन्तर जारी छ। संवैधानिक प्रावधान अनुरुप नेपालको शैक्षिक प्रशासनको अधिकार र राज्यको साधन स्रोतलाई तीन तहमा बाँडफाँड गरिएको छ।

राज्यका तीनओटै तहका सरकार मार्फत् जनतामा शैक्षिक सेवा प्रदान गर्न उपलब्ध स्रोत साधन तथा जनशक्ति व्यवस्थापन गरी समग्र शैक्षिक संगठन एवम् संरचनाहरुलाई क्रियाशील बनाउने कार्य भई रहेको छ। संविधानले निर्दिष्ट गरे बमोजिम राज्यबाट प्रवाह हुने शिक्षा सेवामा समतामूलक पहुँच विस्तार गर्न, शैक्षिक गुणस्तर सुनिश्चित गर्न, सक्षमता अभिवृद्धि गर्न, शैक्षिक सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न मन्त्रालय प्रयासरत छ।

यसै सन्दर्भमा मन्त्रालय र अन्तर्गतका निकायबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका कार्यहरु समेटी यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। यसमा समावेश भएका सूचनाहरु सरोकारवालाहरुलाई उपयोगी हुनेछ भन्ने अपेक्षा राखेको छु। यस प्रकाशनका लागि योगदान गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु। यसमा प्रकाशित विषयवस्तुका सन्दर्भमा सुझाव तथा पृष्ठपोषण उपलब्ध गराइदिनु हुन सम्बद्ध निकायहरु र समस्त पाठक वर्गमा हार्दिक अनुरोध गर्दछु।

२०७९।०५।१०

देवेन्द्र पौडेल
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

**मा. बोधमाया कुमारी यादव**
**राज्यमन्त्री**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल

**Hon'ble Bodhmaya Kumari Yadav**
**State Minister**
**Ministry of Education, Science and Technology**
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No.:
चलानी नं./Ref. No.:

विषय : शुभकामना



शिक्षा विकासको आधार हो। मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार पनि हो। सुशासन, विकास र समृद्धिका लागि शिक्षाले नै महत्वपूर्ण भूमिका निर्वाह गरको हुन्छ। शिक्षा सम्बन्धी नीति एवम् योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरु प्रदेश तथा स्थानीय तहसँग समन्वय र सहकार्यको माध्यमबाट प्रभावकारी रुपमा सम्पन्न गर्न मन्त्रालयबाट भए गरेका कार्यहरूका सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्न चाहन्छु।

मन्त्रालय एवम् सम्बद्ध तथा मातहतका निकायहरुबाट आफ्नो उद्देश्य अनुरुप नीतिगत, योजनागत तथा कार्यक्रमगत रुपमा कार्यान्वयन गरिएका कार्यक्रमहरुबाट हासिल वार्षिक उपलब्धिहरु, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतिहरू र समाधानका उपायहरूसमेत समेटी यो प्रतिवेदन प्रकाशन गरिएको छ।

यस प्रतिवेदनमा प्रकाशित सूचना तथा तथ्याङ्कहरु अध्ययन गर्ने सबै पाठकहरुले आ-आफ्ना रचनात्मक सुझावहरु मन्त्रालयलाई उपलब्ध गराउनु हुनेछ भन्ने अपेक्षा लिएको छु। यस्ता सुझावहरुले प्रकाशनमा रहेका कमीकमजोरीहरुलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र उपयोगी बनाउन सकिन्छ भन्ने मलाई लागेको छ।

अन्तमा, पुस्तिका प्रकाशनको लागि आवश्यक सूचना र विवरण उपलब्ध गराउनु हुने सबै निकाय तथा पुस्तिका प्रकाशनमा महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्णमा धन्यवाद दिन चाहन्छु।

मा. बोधमाया कुमारी यादव
राज्यमन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**मा. बोधमाया कुमारी यादव**
राज्यमन्त्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

विषयः शुभकामना ।



संवैधानिक प्रावधान अनुसार अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा र विज्ञान तथा प्रविधिको क्षेत्रका उद्देश्य हासिल गर्नका लागि आर्थिक वर्ष २०७८/७९ को नेपाल सरकारबाट स्वीकृत वार्षिक कार्यक्रमहरूको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरू, कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौति र समाधानका उपायहरू  समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराइएको सशर्त अनुदानको प्रगति विवरण भने प्राप्त हुन नसकेका कारण यसमा समावेश गर्न सकिएको छैन।

मन्त्रालय तथा अन्तर्गतका निकायहरूले आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरेका ऐन नियम मस्यौदा सम्बन्धी कार्यहरु, शैक्षिक योजना सम्बन्धी कार्यहरु, कार्यविधि, निर्देशिका तथा मापदण्ड सम्बन्धी कार्यहरु र बार्षिक नीति तथा कार्यक्रमबाट हासिल भएका समग्र उपलब्धिहरूलाई यसमा समेट्ने प्रयास गरिएको छ।

यस प्रतिवेदनमा समग्र शिक्षा एवम् विज्ञान तथा प्रविध क्षेत्रका उपलब्धिहरूलाई समेटिएको हुँदा हुनाले सरोकार राख्ने सबैका लागि यो प्रकाशन उपयोगी हुने विश्वास लिएको छु। यो वार्षिक प्रगति प्रतिवेदन अध्ययन गर्ने सबै आदरणीय पाठकहरुले आ-आफ्ना रचनात्मक सुझावहरु मन्त्रालयलाई उपलब्ध गराउनुहुने नै छ भन्ने अपेक्षा राखेको छु।

अन्तमा, यो प्रतिवेदन प्रकाशनको लागि आवश्यक सूचना तथा विवरण उपलब्ध गराउनुहुने अन्तर्गतका सबै निकाय तथा प्रतिवेदन प्रकाशनमा योगदान गर्नुहुने सबै राष्ट्रसेवकहरूलाई धन्यवाद ज्ञापन गर्दै प्रकाशनको निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

मितिः २०७९।०५।१९

(रामकृष्ण सुवेदी)
सचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-



शुभकामना सन्देश !

विज्ञान प्रविधि कुनै पनि राष्ट्रको समग्र विकासको लागि अभिन्न माध्यम बनेको छ। वर्तमान समयमा वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास तथा उपयोगको अवस्थाबाट नै उक्त राष्ट्रको विकास स्तरलाई निर्धारण गरेको पाइन्छ। यसको समुचित प्रयोगबाट नागरिकको दैनिक जीवनमा सहजीकरण, सुशासन तथा सामाजिक आर्थिक रुपान्तरण सम्भव भएको कुरा विकसित देशका अनुभवले देखाइसकेका छन्। वि.सं.२०५३ सालमा विज्ञान तथा प्रविधि मन्त्रालयको गठन तथा २०६१ सालमा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति जारी भए सँगै नेपालले पनि यस क्षेत्रको उन्नयनमा विशेष चासो राखेको स्पष्ट हुन्छ।
नेपालको संविधानले पनि वैज्ञानिक अनुसन्धान, प्रविधिको आविश्कार, उन्नयन र विकासमा एवम् बौद्धिक प्रतिभाहरुको संरक्षणमा विशेष जोड दिएको छ। **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि **"दिगो विकास र समृद्धिका लागि विज्ञान प्रविधि तथा नव-प्रवर्तन"** भन्ने सोंच सहित विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ जारी भई कार्यान्वयनमा आएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यस नीतिको कार्यान्वयनका लागि रणनितिक कार्ययोजनाको मस्यौदा तयारी गर्नुका साथै यस क्षेत्रलाई मार्गनिर्देशन गर्ने क्रममा विज्ञान प्रविधि विकास तथा समन्वय परिषद्को तेस्रो वैठक सम्पन्न भई विभिन्न महत्वपूर्ण निर्णयहरु भएका छन्।
यसै क्रममा विज्ञान तथा प्रविधिका विभिन्न क्षेत्रमा सक्रिय वैज्ञानिक समाजहरुलाइ गुणस्तरीय जर्नल प्रकाशनमा उत्प्रेरणाका लागि अनुदान सहयोग, वैज्ञानिक संस्कृतिको विकासमा विज्ञान समाजसँगको सहकार्यमा कार्यक्रम सञ्चालन, उत्कृष्टताका केन्द्रहरुको स्थापना तथा प्रवर्द्धनका कार्यक्रम, विज्ञान तथा प्रविधि विधेयकको तथा रासायनिक पदार्थको व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा तयारी, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ र रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ को कार्यान्वयन साथै विज्ञान तथा प्रविधिका क्षेत्रमा कार्यरत संस्थाहलाई सहजिकरण लगायतका विषयमा मन्त्रालयले निरन्तर कार्य गरिरहेको छ। तथापि आवश्यक कानून, संरचनागत व्यवस्था, अनुसन्धान पूर्वाधारहरुको विकास तथा उपयुक्त लगानी सहितको वातावरण निर्माण गरी प्रतिभाहरुलाई स्वदेशमै टिकाई विज्ञान प्रविधि तथा नव-प्रवर्तनको विकास तथा अधिकतम उपयोग गरी दिगो विकास, सुशासन र समृद्धिमा योगदान पुर्याउने नै आजको आवश्यकता भएकोले सोही दिशातर्फ मन्त्रालयका आगामी दिनका कार्यक्रहरु लक्षित रहेका छन्।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक बर्ष २०७८।७९ मा शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरेका मुख्य-मुख्य उपलब्धिहरु समावेश गरेर बार्षिक प्रगति प्रतिवेदन २०७८।७९ प्रकाशित गरेको छ। यस पुस्तिकालाई अध्ययन गर्नुहुने सबै पाठकहरुले आ-आफ्नो रचनात्मक सुझावहरु मन्त्रालयमा उपलब्ध गराई आगामी कार्यसम्पादन तथा प्रतिवेदनलाई अझ बढी प्रभावकारी र गुणस्तरीय बनाउने कार्यमा सहयोग पुग्ने अपेक्षा मैले लिएको छु।
अन्त्यमा, बार्षिक कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मितिः२०७९।०५।१७

सचिव
प्रमिला देवी शाक्य बज्राचार्य

फोन नं.:
वेबसाइटः www.moest.gov.np

# दुई शब्द

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मुलुकको समग्र शिक्षा, विज्ञान र प्रविधि सम्बन्धी नीति निर्माण, योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने कार्य हुँदै आएको छ। मन्त्रालयबाट भएका कार्यहरू बारे सरोकारवालाहरूलाई सुसूचित गर्नु मन्त्रालयको दायित्व हो। तसर्थ मन्त्रालय, सम्बद्ध तथा मातहतका निकायहरूबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका कार्यहरू समेटेर यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७८/७९ को नेपाल सरकारको आयव्ययको सार्वजनिक जानकारी, बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम तथा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमबाट हासिल भएका उपलब्धि, वित्तीय तथा भौतिक प्रगतिका साथै मन्त्रालय, मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरूको संक्षिप्त परिचय, हासिल भएका मुख्य उपलब्धिहरू, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती र समस्या समाधान गर्न गरिएका प्रयासहरू समेटिएका छन्।

आर्थिक वर्ष २०७८/७९ मा शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको कूल विनियोजित परिमार्जित वार्षिक बजेट रु.१ खर्ब ८३ अर्व ८ करोड मध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तर्गत संघीय तहका लागि कुल रु. ४८ अर्ब ५२ करोड १८ लाख (चालु तर्फ रु ४८ अर्ब १२ करोड ३३ लाख र पूँजिगत तर्फ रु. ३९ करोड ८५ लाख) विनियोजित भएकोमा यस वर्ष लक्षित बजेटबाट चालु तर्फ ८८.२ प्रतिशत र पूँजीगत तर्फ ३९.८८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयबाट एक आर्थिक वर्षमा सम्पादित कार्यका साथै यससँग सम्बन्धित विविध विवरणहरूको एकिकृत अभिलेख भएकोले सम्बद्ध निकायहरू तथा सरोकारवालाहरूलाई यो प्रगति प्रतिवेदन उपयोगी हुने विश्वास लिइएको छ। प्रतिवेदन प्रकाशनमा प्रत्यक्ष र परोक्ष रूपमा योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मितिः २०७९/०५/१९

**(योजना तथा अनुगमन महाशाखा)**
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं।

# विषय सूची

## खण्ड - एक
## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय


१.१ परिचय ........ १
१.२ दूरदृष्टि ........ २
१.३ लक्ष्य ........ २
१.४ उद्देश्य ........ २
१.५ सोच ........ ३
१.६ लक्ष्य ........ ३
१.७ उद्देश्यहरु ........ ४
१.८ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कार्यहरु ........ ४
१.९ संगठन संरचना ........ ७
१.१० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत दरबन्दी ........ ८
१.११ कानूनी व्यवस्था ........ १२
१.१२ नीति तथा प्रमुख योजना/परियोजनाहरू ........ १३


## खण्ड - दुई
## वार्षिक कार्यक्रम तथा प्रगति


२.१ मन्त्रालयको प्रगति सारांश ........ १४
२.२ महाशाखागत प्रगति विवरण ........ १५
  २.२.१ प्रशासन महाशाखा ........ १५
  २.२.२ प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा ........ १६
  २.२.३ विद्यालय शिक्षा महाशाखा ........ १७
  २.२.४ उच्च शिक्षा महाशाखा ........ २०
  २.२.५ योजना तथा अनुगमन महाशाखा ........ २२
  २.२.६ विज्ञान प्रविधि महाशाखा ........ २४
  २.२.७ पारमाणिक पदार्थ व्यवस्थापन महाशाखा ........ २६
२.३ माइलस्टोनको प्रगति ........ २७
२.४ आ. व. २०७८/७९ को कूल वार्षिक बजेट तथा समग्र प्रगति स्थिति ........ २८
२.५ मन्त्रालयको प्रगति स्थिति, संघः (आ.व.२०७८/७९) ........ २९
२.६ समग्र आयोजनाहरू तथा वजेट उपशीर्षकहरूको प्रगति स्थिति P1) ........ २९
२.७ ८०% भन्दा कम प्रगति भएका P1 आयोजनाहरूको प्रगति, कम हुनुका कारण र समस्या समाधानका लागि गरिएका प्रयासहरू ........ ३०
२.८ बेरुजूको प्रगति विवरण (समग्र) ........ ३०
२.९ गुनासो व्यवस्थापन ........ ३१
२.१० कार्यक्रम/निकायगत वार्षिक प्रगति स्थिति (८० प्रतिशत भन्दा माथि) ........ ३१
२.११ कार्यक्रम/निकायगत वार्षिक प्रगति स्थिति (५० देखि ८०%सम्म) ........ ३२
२.१२ सूचकगत प्रगति ........ ३३

२.१३ विषयक्षेत्रगत रूपमा भएका प्रमुख उपलब्धिहरू २०७८/०७९........................................३४
२.१३.१ नीतिगत तथा कानूनी सुधार........................................................ ३४
२.१३.२ पूर्वाधार विकास..........................................................................३५
२.१३.३ कोभिड १९ को सम्बोधन तथा सूचना प्रविधि...................................३५
२.१३.४ अनौपचारिक शिक्षा तथा साक्षरता..................................................३६
२.१३.५ शिक्षक नियुक्ति, बढुवा र दरबन्दी मिलान.........................................३६
२.१३.६ पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री ...................................३६
२.१३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम ....................................३७
२.१३.८ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम......................................................३८
२.१३.९ सेवा प्रवाह तथा शैक्षिक सुशासन ....................................................३८
२.१३.१० उच्च शिक्षा ............................................................................३९
२.१३.११ विज्ञान तथा प्रविधि.....................................................................३९
२.१३.१२ विविध........................................................................................४०

## खण्ड –तीन

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बद्ध तथा मातहतका केन्द्रीय निकायहरुको प्रगति विवरण

३.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्र..............................................................४२
३.२ पाठ्यक्रम विकास केन्द्र ................................................................................४६
३.३ शिक्षक सेवा आयोग ....................................................................................४८
३.४ शैक्षिक गुणस्तर परीक्षण केन्द्र ......................................................................५०
३.५ राष्ट्रिय किताबखाना (शिक्षक) ......................................................................५१
३.६ राष्ट्रिय परीक्षा बोर्ड.......................................................................................५३
३.७ व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना –दोस्रो (EVENT-II) ..............५६
३.८ केन्द्रिय आयोजना कार्यान्वयन इकाई..............................................................५७
३.९ विश्वविद्यालय अनुदान आयोग .......................................................................५८
३.१० चिकित्सा शिक्षा आयोग................................................................................६१
३.११ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ............................................६३
३.१२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान .......................................................६५
३.१३ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति...............................................६९
३.१४ वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय..................७०
३.१५ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग .......................................................७१
३.१६ केशर पुस्तकालय..........................................................................................७३
३.१७ डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय............................................................७४
३.१८ नेपाल राष्ट्रिय पुस्तकालय.............................................................................७४

## खण्ड-चार

# समस्या तथा चुनौतीहरू र समाधानका लागि भएका प्रयास

४.१ समस्या तथा चुनौतीहरूः (समग्रमा).....................................................................७६
४.२ समस्या तथा चुनौतीहरूः (आयोजना/कार्यक्रम सम्बद्ध) .........................................७७
४.३ रुपान्तरणकारी आयोजनाका समस्याहरूः ..........................................................७८
४.४ समस्या समाधानका लागि गरिएका कार्यहरु/प्रयासहरु .........................................७८

खण्ड **एक**

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १.१ परिचय

प्रजातन्त्र स्थापना पश्चात संघीय लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा मुलुकको समग्र शिक्षासम्बन्धी नीति निर्माण, शैक्षिक योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुँदै आएको छ। उच्च शिक्षासम्बन्धी नीति निर्माण तथा कार्यक्रम सञ्चालनमा विश्वविद्यालय अनुदान आयोगबाट समन्वय र सहजीकरण हुँदै आएको छ भने विश्वविद्यालयहरूबाट आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

विद्यालय तहको शिक्षक छनौट, नियुक्ति र बढुवा सिफारिससम्बन्धी कार्य शिक्षक सेवा आयोगबाट हुँदै आएको छ। राष्ट्रिय परीक्षा बोर्डबाट विद्यालय शिक्षा परीक्षा (SEE) र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को परीक्षा सञ्चालन व्यवस्थापन हुँदै आएको छ।

विद्यालय शिक्षासम्बन्धी आयोजनाहरुको कार्यान्वयन गर्ने जिम्मेवारीका साथ शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएको छ। केन्द्रबाट स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरुको समन्वय, सहजीकरण तथा प्रगति प्रतिवेदन तयारी सम्बन्धी कार्यक्रमहरु सम्पादन हुँदै आएका छन्। शिक्षक पेशागत विकासका लागि आवश्यक तालिम पाठ्यक्रम, तालिम प्याकेज विकास तथा श्रव्य तथा श्रव्यदृष्य सिकाइ सामग्रीको विकास केन्द्रबाट हुँदै आएको छ।

विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जन र पाठ्यपुस्तक विकाससम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट हुँदै आएको छ। मुलुकको लागि आवश्यक मध्यमस्तरीय प्राविधिक जनशक्ति विकासका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद र प्रदेशस्थित कार्यालयहरुबाट प्राविधिक शिक्षा तथा तालिमसम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। विद्यालय शिक्षाको उपलब्धी र कार्यसम्पादन परीक्षण गरी सुधारका लागि सुझाव दिन शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि राष्ट्रिय किताबखाना (शिक्षक) सञ्चालनमा रहेका छन्। पढाइ संस्कृतिको विकास तथा निरन्तर सिकाइको अवसर विस्तारका लागि राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डिल्लीरमण—कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालनमा रहेका छन्। त्यस्तै विद्यालय तहको पाठ्यपुस्तकहरू छपाइ र वितरणका लागि जनक शिक्षा सामग्री केन्द्र रहेको छ ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा नविनतम खोज तथा अनुसन्धान कार्यका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST), राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, विपि कोइराला मेमोरेयल प्लानेटोरियम अब्जरभेटरी र विज्ञान संग्रहालय स्थापना भै सञ्चालनमा रहेका छन्।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षाको दूरदृष्टि, लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छ।

## १.२ दूरदृष्टि

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि"।

## १.३ लक्ष्य

सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने।

## १.४ उद्देश्य

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु।

२. आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चत गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु।

३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु।

५. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु।

६. नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु।

७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहूँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।

८. शिक्षा प्रणालीका विभिन्न अवयवहरुमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरुको पेशागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु।

९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practice) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु।

१०. राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु।

११. औपचारिक (Formal), अनौपचारिक (Non-formal) र अतिरिक्त (Informal)शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु।

१२. शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency) समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु।

१३. व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु।

राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ अनुसार विज्ञान, प्रविधि तथा नवप्रवर्तनको सोच, लक्ष्य र उद्देश्य देहायबमोजिम रहेको छ।

## १.५ सोचः

दिगो विकास र समृद्धिका लागि विज्ञान, प्रविधि तथा नव-प्रवर्तन।

## १.६ लक्ष्यः

विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

### १.७ उद्देश्यहरुः

१. विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकास एवम् उपयोगबाट राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।

२. अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन, विश्वका अत्याधुनिक (Cutting Edge) प्रविधिको प्रयोग, लगानी सुनिश्चितता र पुर्वाधार निर्माण गरी ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्नु।

३. प्राकृतिक स्रोतको दीगो उपयोग, वातावरणीय सन्तुलन, विपद् जोखिम न्यूनिकरण, औद्योगिकरणमा योगदान एवम् राष्ट्रिय सुरक्षाका लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको अधिकतम उपयोग गर्नु।

४. विज्ञान प्रविधिसम्बन्धी पूर्वाधार विकास, संरचनागत परिवर्तन एवम् कानूनी आधार तयार गरी वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनलाई सशक्त, क्रियाशील र परिणाममुखी बनाउनु।

५. परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण, वैज्ञानिक संस्कारको विकास र अनुसन्धानमुखी शिक्षा प्रणालीलाई प्रोत्साहन गर्दै दक्ष एवम् विज्ञ वैज्ञानिक र प्राविधिक जनशक्तिको विकास गर्नु।

### १.८ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कार्यहरु

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचि २ बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु निम्नबमोजिम छन्।

१. शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।

२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड।

३. विदेशी विश्वविद्यालयसंगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन(Accreditation), समन्वय तथा नियमन।

४. केन्द्रीय पुस्तकालय सम्बन्धी नीति, कानून र व्यवस्थापन।

५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना।

६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप, मुल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन।

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड।

८. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड।

९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठयक्रम प्रारुप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसंगको समन्वय।

१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण।

११. कुटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति।

१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई संचालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन ।

१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय।

१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठान।

१५. छात्रवृत्ति र विद्वत वृत्तिसम्बन्धी नीति र मापदण्ड।

१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति सम्बन्धी नीति, कानुन र मापदण्ड।

१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन।

१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन।

१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्।

२०. विज्ञान प्रविधि सम्बन्धी नीति, कानुन, मापदण्ड।

२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान।

२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र विकास।

२३. विज्ञान प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड।

२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरुको गुणस्तर तथा उपयोग सम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना व्यवस्थापन र नियमन।

२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन।

२६. ओजोन अध्ययन, सौर्य-विकीरण मापन तथा सुचना प्रवाह।

२७. वैज्ञानिक उपकरण क्यालिव्रेशन तथा प्रमाणीकरण।

२८. रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन।

२९. पारमाणविक पदार्थ, बेवारिसे स्रोतहरुको खोज तथा पुनर्लाभ र व्यवस्थापन।

३०. आणविक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन।

३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटोरियम, वेदशाला र विज्ञान सङ्ग्रहालय।


३२. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासंग सन्धि, सम्झौता अभिसन्धि, सम्पर्क र समन्वय।

३३. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन।

३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूह बाहेक)

## १.९ संगठन संरचना

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संगठन संरचना



## १.१० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको दरबन्दी विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको दरबन्दी विवरण देहाय अनुसार रहेको छः

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
दरबन्दी विवरण

| सि.नं | पदको नाम | श्रेणी/स्तर | सेवा | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | _ | _ | | २ |
| २ | सह सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | | १ |
| ३ | सह सचिव | रा.प.प्रथम | इन्जि. | केमेष्ट्री | | १ |
| ४ | सह सचिव | रा.प.प्रथम | इन्जि. | | | १ |
| ५ | सह सचिव | रा.प.प्रथम | शिक्षा | शिक्षा प्रशासन | | ४ |
| ६ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | ४ |
| ७ | सि.डि.के. | रा.प.द्वितीय | इन्जिनियर | केमेष्ट्री | | २ |
| ८ | उप सचिव | रा.प.द्वितीय | शिक्षा | शिक्षा प्रशासन | | १७ |
| ९ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| १० | वरिष्ट पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय विज्ञान | | १ |
| ११ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानुन | | १ |
| १२ | सि.डि.इ. | रा.प.द्वितीय | इन्जि. | मेट्रोलोजी | | १ |
| १३ | सि.डि.इ. | रा.प.द्वितीय | इन्जि. | मेकालिकल | | २ |
| १४ | कम्प्युटर उपसचिव | रा.प.द्वितीय | विविध | | | १ |
| १५ | मेडिकल फिजिसिष्ट | आठौं | स्वास्थ्य | | | १ |
| १६ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | | १३ |
| १७ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |

| सि.नं | पदको नाम | श्रेणी/स्तर | सेवा | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|---|
| १८ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | २२ |
| १९ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | _ | | १ |
| २० | कम्प्युटर इञ्जिनियर | रा.प.तृतीय | विविध | _ | | १ |
| २१ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेकानिकल | | १ |
| २२ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेट्रोलोजी | | ४ |
| २३ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | जनरल इलेक्ट्रिक | | २ |
| २४ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | इलेक्ट्रोनिक एण्ड टे. | | १ |
| २५ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | केमेष्ट्री | | १ |
| २६ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | | १ |
| २७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | | २ |
| २८ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | तथ्याङ्क | | | १ |
| २९ | स. वन अधिकृत | रा.प.तृतीय | वन | ज.फरेष्ट्री | | १ |
| ३० | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | | २० |
| ३१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | २ |
| ३२ | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | शिक्षा | शि.प्र. | निरीक्षण | १० |
| ३३ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम | शिक्षा | पु.विज्ञान | पु.विज्ञान | १ |
| ३४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | _ | | १७ |
| ३५ | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | विविध | _ | | १ |
| ३६ | इलेक्ट्रिसियन | रा.प.अनं.प्रथम | इन्जिनियरिङ्ग | मे.इ. | ज.मे. | १ |
| ३७ | हल्का सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मे.इ. | ज.मे. | १५ |
| ३८ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | | | २५ |
| | | | | | **कूल जम्मा** | **१८५** |

मन्त्रालय र अन्तर्गतका संघीय कार्यालयमा रहेको नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह अन्तर्गतको स्वीकृत स्थायी दरबन्दी, पुल दरबन्दी र कार्य प्रकृति तथा कार्यक्रम अनुसार सिर्जना हुने अस्थायी दरबन्दी विवरण देहाय अनुसार रहेको छ।

## १.१०.१ स्थायी दरबन्दी

| क्र.स. | निकायको नाम | रा.प.प्रथम | रा.प.द्वितीय | रा.प. तृतीय | रा.प.अनं. प्रथम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४ | १७ | २२ | १० | ५३ |
| २ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ४ | १३ | १८ | ८ | ४३ |
| ३ | पाठ्यक्रम विकास केन्द्र | १ | ९ | १८ | २ | ३० |
| ४ | शिक्षक सेवा आयोग | १ | ७ | ६ | ० | १४ |
| ५ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १ | ३ | १२ | २ | १८ |
| ६ | राष्ट्रिय किताबखाना (शिक्षक) | १ | ४ | ४ | ६ | १५ |
| ७ | शिक्षा विकास तथा समन्वय इकाइ ७७ जिल्ला | ० | ४१ | १२४ | १८२ | ३४७ |
| ८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | २ | ७ | ० | ९ |
| ९ | भाषा आयोग | १ | ५ | ३ | ५ | १४ |
| १० | शैनिक शिक्षण पक्ष | ० | ० | १५ | ११ | २६ |
| ११ | युवा तथा खेलकुद मन्त्रालय | १ | ३ | ३ | ० | ७ |
| १२ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान ललितपुर, सुनसरी र रुपन्देहीमा शा.अ. रा.प.तृतीय (प्रा./शिक्षा/पाठ्यक्रम) | ० | ० | ३ | ० | ३ |
| संघ अन्तर्गत जम्मा दरबन्दी | | १४ | १०४ | २३५ | २२६ | ५७९ |

## १.१०.२ पुल दरबन्दी

| क्र.स. | निकायको नाम | रा.प. प्रथम | रा.प. द्वितीय | रा.प. तृतीय | रा.प.अनं. प्रथम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा वि.तथा प्र. मन्त्रालय शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा (पुल) | ० | २ | २ | ४ | ८ |
| २ | नीति निर्धारण समितिको सचिवालय (पुल) | ० | ३ | २ | २ | ७ |

| क्र.स. | निकायको नाम | रा.प. प्रथम | रा.प. द्वितीय | रा.प. तृतीय | रा.प.अनं. प्रथम | जम्मा |
|---|---|---|---|---|---|---|
| ३ | युनेस्कोका नि.ने.रा.आ.सचिवालय (पुल) | ० | २ | १ | १ | ४ |
| ४ | प.नि.का. (पुल) | १ | २ | १० | १० | २३ |
| ५ | EVENT | १ | २ | ४ | १ | ८ |
| ६ | पुनर्निर्माण केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) | १ | १ | ३ | १ | ६ |
| ७ | चिकित्सा शिक्षा आयोग | ० | ४ | ५ | ५ | १४ |
| ८ | शिक्षाको लागि खाद्य | १ | ० | १ | ० | २ |
| ९ | DLPIU (अ.द.NRA) २०७८।०५।३१ मा अवधि समाप्त । | ० | ० | ० | ० | ० |
| १० | मेडिकल कलेज पूर्वाधार निर्माण वि.स. गेटा (अ.द.) | ० | १ | १ | ० | २ |
| ११ | बुटवल मे.कलेज बुटवल (अ.द.) | ० | १ | १ | ० | २ |
| १२ | बर्दिवास मेडिकल कलेज (अ.द.) | ० | १ | १ | १ | ३ |
| १३ | सुर्खेत मेडिकल कलेज (अ.द.) | ० | १ | १ | १ | ३ |
| | **जम्मा** | ४ | २० | ३२ | २६ | ८२ |

## १.१०.३ अस्थायी दरबन्दी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | चिकित्सा शिक्षा आयोग | १ | ३ | ३ | ० | ७ |
| २. | मदन भण्डारी प्रौद्योगिक वि.पू.नि.वि. समिति | ० | १ | १ | ० | २ |
| ३. | विदुषी योगमाया आयुर्वेद वि.पू.नि.वि. समिति | ० | १ | १ | ० | २ |
| ४. | शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना | ० | १ | ० | ० | १ |
| ५. | राष्ट्रिय युवा परिषद् (अ.द. राष्ट्रिय युवा परिषद्) | १ | ५ | ३ | ० | ९ |
| **जम्मा** | | २ | ११ | ८ | ० | २१ |

## १.११ कानूनी व्यवस्था

शिक्षा क्षेत्रसंग सम्बद्ध प्रत्यक्ष तथा परोक्ष ऐन, नियम, नीति तथा योजनाहरु निम्नानुसार रहेका छन् ।

१. नेपालको संविधान, २०७२

२. शिक्षा ऐन,२०२८

३. शिक्षा नियमावली,२०५९

४. शिक्षक सेवा आयोग नियमावली, २०५७

५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

६. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नियमावली, २०७५

८. छात्रवृत्ति सम्बन्धी ऐन, २०२१

९. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५

१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१

११. नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०४८

१२. विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०

१३. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९

१४. पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०

१५. पोखरा विश्वविद्यालय ऐन, २०५३

१६. लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३

१७. मध्यमाञ्चल विश्वविद्यालय ऐन, २०६७

१८. सुदुर पश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७

१९. नेपाल खुला विश्वविद्यालय ऐन, २०७३

२०. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५

२१. रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७

२२. नेपाल शिक्षा सेवा गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू, २०५०

२३. राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६

२४. छात्रवृत्ति सम्बन्धी नियमावली, २०७२

### १.१२ नीति तथा प्रमुख योजना/परियोजनाहरू

१. राष्ट्रिय शिक्षा नीति, २०७६

२. राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६

३. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम

४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

५. उच्च शिक्षाको उत्कृष्टता प्रवर्द्धन कार्यक्रम

६. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

७. राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजना

८. सक्षमता परियोजना

९. इन्स्योर परियोजना

खण्ड दुई

# वार्षिक कार्यक्रम तथा प्रगति

## २.१ मन्त्रालयको प्रगति सारांशः

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रालय, सम्बद्ध तथा मातहतका निकायहरूबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरेका कार्यहरू समेटेर वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छ। यस प्रतिवेदनमा आ.व.२०७८/७९ को नेपाल सरकारबाट स्वीकृत कार्यक्रम/आयोजना एवम् बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयनबाट हासिल भएका उपलब्धि, वित्तीय तथा भौतिक प्रगतिका साथै मन्त्रालय, सम्बद्ध तथा मातहतका निकायहरुको संक्षिप्त परिचय, हासिल भएका मुख्य तथा विषयगत उपलब्धीहरु र कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती र समाधानका उपायहरू समेटिएका छन्।

आ.व.२०७८/७९ मा शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको कूल विनियोजित परिमार्जित वार्षिक बजेट रु.१ खर्ब ८३ अर्ब ८ करोड मध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तर्गत संघीय तहका लागि कुल रु. ४८ अर्ब ५२ करोड १८ लाख (चालु तर्फ रु ४८ अर्ब १२ करोड ३३ लाख र पूँजिगत तर्फ रु. ३९ करोड ८५ लाख) विनियोजित भएकोमा यस वर्ष लक्षित बजेटबाट चालु तर्फ ८८.२ प्रतिशत र पूँजिगत तर्फ ३९.८८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

यस अवधिमा प्राथमिकता नं.१ (P1) मा परेका आयोजना तथा ब.उ.शि.नं.हरूमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका ६ वटा, ५० देखि ८० प्रतिशत सम्म प्रगति भएका ३ वटा र ५० प्रतिशत भन्दा कम प्रगति भएका २ वटा रहेका छन् भने प्राथमिकता नं.२ (P2) मा परेका आयोजना तथा ब.उ.शि.नं.हरूमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका ५ वटा, ५० देखि ८० प्रतिशत सम्म प्रगति भएका ५ वटा रहेका छन्। अर्थात सबै P2 आयोजनाहरुले ५० प्रतिशत भन्दा बढी प्रगति हासिल गरेका छन्।

यस अवधिमा दस वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत भई कार्यान्वयन हुने चरणमा रहेको, संघीय शिक्षा ऐनको मस्यौदा तयार भई सहमतिका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको, लेटर ग्रेडिङ् निर्देशिका, २०७८, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढदैं कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि,२०७८, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८, सिकाइ चौतारी (Learning Portal) विकास, सञ्चालन, प्रयोग र सम्भार कार्यविधि, २०७८ स्वीकृत

भई कार्यान्वयन भइरहेको छ। यस अवधिमा ५,९८० सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माण, २,१८१ विद्यालयमा डिजिटल पुस्तकालय/ आईटी ल्याव व्यवस्थापन कार्य सम्पन्न हुनुको साथै थप ८ जिल्ला सहित हाल साक्षर जिल्लाको संख्या ६१ पुगेको छ।

## २.२ महाशाखागत प्रगति विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका महाशाखाहरुबाट आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन भएका प्रमुख कामहरूको विवरण देहाय बमोजिम रहेको छ।

### २.२.१ प्रशासन महाशाखा

प्रशासन महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. कर्मचारी प्रशासन तथा सुशासन प्रवर्धन शाखा

२. आर्थिक प्रशासन शाखा

३. कानून तथा फैसला कार्यान्वयन शाखा

४. आन्तरिक व्यवस्थापन शाखा

**प्रशासन महाशाखाबाट सम्पन्न भएका कार्यहरूः**

१. यस अवधिमा मन्त्रालय तथा मातहतमा कार्यरत विभिन्न तह, पद र श्रेणीका जम्मा ५४ जना कर्मचारीको सरुवा सम्बन्धी कार्य गरिएको,

२. मन्त्रालयमा कार्यरत विभिन्न पदका २७ जना कर्मचारीलाई रमाना दिई सरुवा तथा पदस्थापन भएको निकायमा हाजिर हुन पठाइएको,

३. १७ जना कर्मचारीको बढुवा/बढुवा पदस्थापन गरिएको, साथै २७ जनाको समायोजन मिलान गरिएको,

४. १२६ जना कर्मचारीलाई काज तथा कामकाजको पत्र दिई विभिन्न निकायमा खटाईएको,

५. आ.व.२०७७/७८ सालको का.स.मू. पुनरावलोकन समितिबाट मूल्याङ्कन भएका का.स.मू. संख्याः ४५३ रहेको,

६. कार्यालय प्रयोजनका लागि All in one computer, Laptop, Server rack Cabinet, Server, Firewall आदि खरिद कार्य सम्पन्न गरिएको, साथै भिडियो कन्फरेन्स कक्षको लागि टेलीभिजन खरिद, प्रिन्टर, पंखा साथै AC खरिद र जडान गरिएको।

७. श्रीमान सचिवज्यू तथा विभिन्न महाशाखाबाट राय माग भई आएका १५७ विषयमा राय प्रदान गरिएको,

८. यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दाहरुमा मन्त्रालयको तर्फबाट लिखित जवाफ तयार गरी महान्यायधिवक्ताको कार्यालयलाई प्रतिरक्षा गरिदिन अनुरोध गर्ने गरिएकोमा यस अवधिमा ७४ वटा लिखित जवाफ महान्यायधिवक्ताको कार्यालय तथा सरकारी वकिलको कार्यालय मार्फत सम्मानित जिल्ला, उच्च तथा सर्वोच्च अदालतमा लिखित जवाफ पठाइएको,

९. आर्थिक वर्ष २०७८/७९ मा १९ वटा आदेश/फैसलाहरु कार्यान्वयनका लागि पठाइएको,

१०. द्वन्द्वपिडित शिक्षकको तर्फबाट परेको रिटमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलामा ४ वटा पूनरावलोकनको मुद्दा दायर गरिएको,

११. फैसला कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी प्रकाशन गर्ने क्रममा रहेको,

### २.२.२ प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा

प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. प्राविधिक शिक्षा शाखा

२. निजी तथा सहकारी संघसंस्था समन्वय शाखा

३. व्यावसायिक तालिम प्रवर्धन शाखा

४. गुणस्तर प्रत्यायन शाखा

५. शैक्षिक प्रविधि तथा विद्युतीय सुशासनः

**प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखाबाट सम्पन्न भएका कार्यहरूः**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सम्बन्धी विधेयकको मस्यौदा तयार भई सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको।

२. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन,२०७९ जारी भई कार्यान्वयनमा आएको।

३. विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक संघीय संसदबाट पारित भएको।

४. एकीकृत स्वास्थ्य शिक्षा सम्बन्धी विधेयक र उच्च शिक्षा सम्बन्धी विधेयकको मस्यौदा तयार भई सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको।

५. कोभिडका कारणले स्वदेश फर्किएका एक हजार विद्यार्थीहरूलाई स्वदेशमा नै इन्टर्नसीप र सम्बन्धित विश्वविद्यालयमा अध्ययनका लागि व्यवस्था मिलाइएको।

६. कैलालीको गेटामा शिक्षण अस्पताल सञ्चालनका लागि तयारी कार्य भइरहेको।

७. डडेलधुरा मेडिकल कलेजको स्थापनाको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य मन्त्रालय र सुदूरपश्चिम विश्वविद्यालय विच त्रिपक्षीय संझौता भएको।

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायहरुबाट प्राप्त उजुरीका सम्बन्धमा छानविन गरी राय प्रतिवेदन सम्प्रेषण गरिएको,

९. राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसंग समझदारी, सहकार्य, समन्वय तथा सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरिएको,

१०. गुणस्तर प्रत्यायन सम्बन्धी हरेक क्रियाकलापहरू राष्ट्रिय योग्यता प्रारुपसंग सम्बन्धित भएकोले राष्ट्रिय योग्यता प्रारुप सम्बन्धी विधेयक मस्यौदा तयार गरिएको र राय सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको,

११. IEMIS को Guideline तयार गरिएको र सोको Data र Coding standard को मस्यौदा तयार भएको।

१२. Interactive Virtual Class को अवधारणा तयार गरिएको।

१३. National Learning management System को रणनीतिक कार्ययोजनाको प्रारम्भिक मस्यौदाको कार्य भएको।

१४. मन्त्रालयको Network लाई स्तरोन्नति गरी Free Wifi समेतको व्यवस्था गरिएको।

### २.२.३ विद्यालय शिक्षा महाशाखा

विद्यालय शिक्षा महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. प्रारम्भिक बाल शिक्षा तथा विद्यालय पोषण शाखा

२. विद्यालय शिक्षा शाखा

३. स्वयंसेवा परिचालन तथा भिषा शाखा

४. पुस्तकालय समन्वय तथा अभिलेख शाखा

५. बैकल्पिक तथा निरन्तर शिक्षा शाखा

**विद्यालय शिक्षा महाशाखाबाट सम्पन्न भएका कार्यहरू:**

१. संघीय शिक्षा ऐनको मस्यौदा तयार गरी सम्बन्धित सरोकारवालाहरुसंग छलफल गरी प्राप्त सुझावलाई समेत समावेश गरी अन्तिमीकरण गरिएको र राय सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको,

२. शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,

३. राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७८ पहिलो संशोधनको मस्यौदा तर्जुमा कार्यान्वयनमा ल्याइएको,

४. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका,२०७९को मस्यौदा तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,

५. लेटर ग्रेडिङ निर्देशिका, २०७९को मस्यौदा तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,

६. शिक्षण संस्थामा विदेशी नागरिक परिचालन तथा भिषा सिफारिस सम्बन्धी निर्देशिका, २०७८ को अन्तिम मस्यौदा तयार गरिएको,

७. आवश्यकता अनुसार शैक्षिक संवाद समितिको बैठकहरु सम्पन्न भई शिक्षकहरुका माग सम्वोधन भएको.

८. राजनैतिक पूर्वाग्रहबाट हटाइ विस्थापित भएका द्वन्दपिडित शिक्षकहरु सम्बन्धमा जाँचबुझ समितिले दिएको प्रतिवेदन कार्यान्वयनका लागि कार्यविधि तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,

९. विद्यालय सम्पत्ती संरक्षण सम्वर्द्धन तथा अभिलेखिकरण सम्बन्धी निर्देशिका तयार गर्न सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व रहेको समिति गठन गरी निर्देशिकाको मस्यौदा तयार गरेको,

१०. शिक्षक अस्पताल स्थापनाको संभाव्यता अध्ययन गरी प्रतिवेदन तयारी तथा मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई जग्गा प्राप्तीको लागि प्रकृया सुरु गरिएको,

११. विदेशी शिक्षण संस्थासंग सम्बन्धन प्राप्त विद्यालयहरुको नविकरण गरिएको,

१२. राष्ट्रिय योग दिवस माघ १ र अन्तराष्ट्रिय योग दिवस कार्यक्रम जुन २१ सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा भव्यता पूर्वक सम्पन्न गरिएको,

१३. विभिन्न शैक्षिक संस्थाहरुमा अध्ययन अध्यापन अनुसन्धान तथा स्वयम् सेवक शिक्षकको रुपमा कार्य गर्न आएका विभिन्न देशका विदेशी नागरिकहरुको विस्तृत विवरण नियमित रुपमा अध्यावधिक राखिएको,

१४. पुस्तकालयका लागि करिब ९५० थान नयाँ पुस्तक खरिद तथा करिब ५० थान उपहारमा प्राप्त भएको,

१५. सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको दुरइ दिने राष्ट्रिय सम्मेलन रिड नेपाल, शान्ति भोलेन्टियर एशोशिएशन तथा अन्य संस्थाको समेत सहभागितामा यही २०७९ साल असार १५ र १६ गते काठमाडौंमा सम्पन्न गरिएको,

१६. झापा, गुल्मी, उदयपुर, धनकुटा, गोर्खा, काठमाडौ, बुटवल, पाल्पा र ललितपुर जिल्लामा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको अनुगमन गरिएको, अनुगमनका क्रममा सम्पादित कामको विस्तृत प्रतिवेदन तयार पारिएको, पुस्तकालयका पदाधिकारीहरूसंग छलफल गरी समस्यको पहिचान र सुधारका उपायहरू सुझाइएको,

१७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पुस्तकालय सुदृणीकरण योजना तर्जुमा तथा संघीय संसद सचिवालयको अभिलेखालयमा रहेका रेकर्डहरूको व्यवस्थापनमा विशेषज्ञ सेवा प्रदान गरेको।

१८. आ.व. २०७७/०७८ सम्म पुस्तकालयमा प्राप्त भएका पुस्तक लगायतका पठन सामग्रीको डाटावेश अद्याबधिक गरिएको। विद्युतीय पुस्तकालयको थालनी गरिएको,

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, रिड नेपाल, शान्ति भोलेन्टियर एशोसिएशन नेपालको सहकार्यमा नेपालमा भएका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको राष्ट्रिय सर्भेक्षण गरी प्रतिवेदन तयार पारिएको, सर्भेक्षणमा मुलुकभरका ९२८ सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको नाम संकलन भएको भएपनि २२७ वटा मात्र सक्रिय रहेको पाइएको,

२०. सिंहदरबार परिसरमा केन्द्रीय सचिवालय पुस्तकालयको स्थापना गरी सवै निकायलाइ एकीकृत पुस्तकालय सेवा प्रदान गर्ने उद्देश्यले मन्त्रालयको पुस्तकालय समन्वय तथा अभिलेख शाखाको शाखाप्रमुखको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालयका प्रतिनिधि रहेको एक समिति गठन गरी पहिलो चरणको कार्य सम्पन्न गरिएको,

२१. विभिन्न सार्वजनिक तथा सामुदायिक पुस्तकालय तथा शैक्षिक पुस्तकालयहरूमा समेत विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनका लागि सहजीकरण गरिएको,

२२. साहित्यकार सूर्यवहादुर सेन ओली (सुव सेन) द्वारा लिखित विभिन्न शीर्षकका १३५० थान पुस्तकहरू मुलुकभर रहेका सामुदायिक, सार्वजनिक तथा शैक्षिक पुस्तकालयलाई मन्त्रालय मार्फत वितरण गर्न प्राप्त भएकोमा हालसम्म ८०० थान पुस्तकहरू वितरण गरिएको,

### २.२.४ उच्च शिक्षा महाशाखा

उच्च शिक्षा महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. उच्च शिक्षा शाखा
२. वैदेशिक अध्ययन अनुमति शाखा
३. शैक्षिक परामर्श तथा प्रमाणिकरण शाखा
४. छात्रवृत्ति शाखा

**उच्च शिक्षा महाशाखाबाट सम्पन्न भएका कार्यहरुः**

१. उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ को मस्यौदा तयार गरिएको,

२. शैक्षिक परामर्श तथा भाषा शिक्षण (सञ्चालन र नियमन) नियमावली, २०७८ सहमतिका लागि अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको,

३. यस आ.व.मा वैदेशिक अध्ययन अनुमतिका लागि १,१९,३०० जना विद्यार्थीहरुको निवेदन दर्ता भएकोमा १,१४,१३४ विद्यार्थीहरुलाई अध्ययन अनुमति पत्र प्रदान गरिएको, प्रकृया नपुगेका ५१६६ विद्यार्थीका निवेदन रद्द गरिएको,

४. १२ ओटा शैक्षिक कन्सल्टेन्सी उपर परेको उजुरी छानविन गरी कारवाही गरिएको,

५. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ बमोजिम सञ्चालित तीन ओटा संस्थाको कम्पनीको नाम परिवर्तन अनुमति, पाँच संस्थाको सम्बन्धन प्रदायक विश्वविद्यालय परिवर्तन, दुई ओटा संस्थाको सञ्चालन स्थान परिवर्तन र एक संस्थाको शैक्षिक कार्यक्रमको नाम परिवर्तन अनुमति प्रदान गरिएको ,

६. नौ वटा संस्थाहरुको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रियाका लागि वन तथा वातवारण मन्त्रालय समक्ष सिफारिस गरिएको,

७. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ बमोजिम सञ्चालित शिक्षण संस्थाहरुको नवीकरण प्रक्रियाका लागि स्थलगत अनुगमन साथै यस आ.व. मा शैक्षिक कार्यक्रम थपका लागि निवेदन पेश गरेका १७ ओटा संस्थाको स्थलगत अनुगमन सम्पन्न भएको,

८. त्रिभुवन विश्वविद्यालय अन्तर्गत सम्बन्धन प्राप्त गरेका निजी कलेजहरुमा स्नातक र स्नातकोत्तर तहको वन विज्ञान विषय (BSc/MSc Foresty) को छात्रवृत्तिमा सिफारिस तथा मनोनयन सम्बन्धी कार्य गरिएको,

९. त्रिभुवन विश्वविद्यालय अन्तर्गत सम्बन्धन प्राप्त गरेका निजी कलेजहरुमा स्नातक तहको BSc AG को छात्रवृत्तिमा सिफारिस तथा मनोनयन सम्बन्धी कार्य गरिएको,

१०. कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुर अन्तर्गत सम्बन्धन प्राप्त गरेका निजी कलेजहरुमा स्नातक तहको BSc AG को छात्रवृत्तिमा सिफारिस तथा मनोनयन सम्बन्धी कार्य गरिएको,

११. पाकिस्तान सरकारबाट प्राप्त एम बिबिएस, डि फर्मा लगायतका छात्रवृत्तिको अन्तिम मनोनयन र परराष्ट्र मन्त्रालय मार्फत सिफारिस भएको,

१२. चीन सरकारबाट प्राप्त प्राविधिक विषयको छात्रवृत्तिको छनोट तथा पत्राचार गरिएको,

१३. श्रीलङ्का लगायतका मुलुकबाट सम्बन्धितले नै छनोट गर्ने गरी माग भएको छात्रवृत्तिका लागि समितिको बैठक तथा सूचना सम्प्रेषण गरिएको,

१४. आवश्यकतानुसार बस्ने भएकोले छात्रवृत्ति निर्धारण समितिको बैठक यस आव मा १ पटक र छात्रवृत्ति छनौट समितिको बैठक ६५ पटक बसेको,

१५. छात्रवृत्तिमा अध्ययन गरी फर्केका विद्यार्थीहरुको प्रतिवेदन लिने र सेवा करारको लागि सिफारिस गर्ने गरिएको,

१६. सेवा करार सम्पन्नको प्रतिवेदन तथा सम्पन्न कागजात प्रमाणित गर्ने तथा छात्रवृत्तिमा मनोनयन भई अध्ययन गर्न जाने विद्यार्थीलाई प्रमाणपत्र दिने कार्य गरिएको,

१७. विदेशबाट सम्बन्धित संस्था वा निकायले नै छनौट गर्ने गरी माग भएको छात्रवृत्तिको विधिसम्मत ढंगले सूचना सम्प्रेषण गरिएको,

१८. छात्रवृत्ति सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिएको,

### २.२.५ योजना तथा अनुगमन महाशाखा

योजना तथा अनुगमन महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. योजना तथा बजेट शाखा
२. विकास सहायता समन्वय शाखा
३. अनुगमन तथा मूल्याङ्कन शाखा
४. जनशक्ति विकास योजना तथा समन्वय शाखा
५. तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा

**योजना तथा अनुगमन महाशाखाबाट सम्पन्न भएका कार्यहरुः**

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यविधि निर्माण गरिएको,
२. मन्त्रालयको वार्षिक कार्यक्रम र बजेट विवरण सहितको पुस्तिका विकास गरिएको,
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण गरिएको,
४. विभिन्न निकायहरुबाट तयार गरी पेश भएका नियमावली कार्यविधि तथा निर्देशिकामा राय प्रदान गरिएको,
५. मन्त्रालय अन्तर्गत शाखागत कार्यक्रम तथा बजेट बाँडफाँड गरिएको,
६. वार्षिक विकास कार्यक्रम तथा वजेटका सम्बन्धमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा छलफल तथा कार्यक्रम संशोधन र रकमान्तरका लागि पेश गरिएको,
७. आवश्यक थप बजेटका लागि अर्थ मन्त्रालयसँगको समन्वय गरिएको,
८. बजेट निर्माण सम्वन्धमा निकायगत छलफल, परियोजना बैंक तयारीका लागि सरोकारवालाहरु वीचमा छलफल गरिएको,
९. मन्त्रालयको वार्षिक विकास कार्यक्रम र बजेट निर्माण गरिएको,
१०. कार्यक्रम तथा बजेट कार्यान्वयनको सन्दर्भमा प्रदेश तथा स्थानीय तहसँग समन्वय सहजीकरण गरिएको
११. विपद् व्यवस्थापन प्रतिकार्य योजना तयार गरी गृह मन्त्रालयमा पठाईएको,
१२. मध्यकालिन खर्च संरचनाको तयारी, मन्त्रालयको कार्यक्रम तथा बजेट पुस्तिका निर्माण गरिएको,

१३. १० वर्षको लागि विद्यालय शिक्षा क्षेत्र योजना निर्माण कार्य सम्पन्न गरिएको,

१. योजना निर्माण गर्ने क्रममा विभिन्न समितिका पदाधिकारी तथा सरोकारवालाहरूसंगको बैठक सञ्चालन व्यवस्थापन गर्ने कार्य गरिएको,

२. संयुक्त पुनरावलोकन बैठक (Joint Review Meeting), बजेट पुनरावलोकन बैठक (Budget Review Meeting) सञ्चालन गरिएको,

३. Global Partnership for Education/strategic Partnership Aggrement सम्वन्धी कार्य, स्रोत व्यवस्थापन र पहिचान सम्बन्धी विविध कार्यमा समन्वय गरिएको ।

४. मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमिति (Pre- MDAC) तथा समिति (MDAC) को बैठक आयोजना गरी त्रैमासिक तथा वार्षिक प्रगति समिक्षा गरिएको र राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठकको निर्णय जानकारी तथा कार्यान्वयनका लागि मातहतका निकायहरुमा पठाइएको,

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एकिकृत अनुगमन प्रणालीमा बजेट कार्यान्वयन कार्ययोजनामा उल्लिखित माइलस्टोनमा भएको प्रगति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा प्रगति प्रविष्टि गरिएको,

६. सूचनाको हक सम्बन्धी त्रैमासिक प्रतिवेदन तयार गरी मन्त्रालयको वेभसाइटमा अपलोड गरिएको,

७. नेपालको संविधानको धारा ५३ बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसंग सम्बद्ध विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,

८. आर्थिक सर्वेक्षण २०७८/७९को लागि मन्त्रालयसंग सम्बन्धित विवरण तयार गरी अर्थ मन्त्रालय पठाइएको,

९. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना मन्त्रालय, मन्त्रालय सम्बद्ध तथा अन्तर्गतका निकायसंगको बैठक, छलफल र अन्तरक्रिया गरी तयार गरिएको,

१०. अर्थ मन्त्रालयबाट प्रकाशन हुने मन्त्रालयगत प्रगति विवरणको लागि यस मन्त्रालयसंग सम्बन्धित विवरण तयार गरी पठाइएको,

११. अर्धवार्षिक, वार्षिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय पठाइएको,

१२. मासिक/त्रैमासिक/अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्न मन्त्रालय, मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरुको बैठक छलफल र अन्तरक्रिया गरिएको,

१३. वार्षिक अनुगमन योजना निर्माण तथा कार्यान्वयनका लागि सम्बन्धितलाई जानकारी गराइएको,

१४. राष्ट्रिय विश्वविद्यालयहरू- जनशक्ति (मानव संसाधन) विकास अध्ययन तथा अभिलेखन प्रतिवेदन २०७८ को प्रारम्भिक मस्यौदा तयार गरिएको,

१५. राष्ट्रिय जनशक्ति मानव संसाधन विकास अध्ययन कार्यदलको प्रतिवेदन २०७८ को प्रारम्भिक मस्यौदा तयार गरिएको,

१६. राष्ट्रिय जनशक्ति मानव संसाधन विकास मापदण्ड तथा कार्यविधि २०७८ को प्रारम्भिक मस्यौदा तयार गरिएको,

१७. राष्ट्रिय जनशक्ति मानव संसाधन विकास नीति २०७९ को प्रारम्भिक मस्यौदा तयार गरिएको,

१८. वार्षिक शैक्षिक सूचना २०७८ प्रकाशन गरिएको।

१९. विभिन्न निकायबाट माग भइआएका नीति/निर्देशिकाहरुमा राय/सुझाव पेश गरिएको।

### २.२.६ विज्ञान प्रविधि महाशाखा

विज्ञान प्रविधि महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. वैज्ञानिक अनुसन्धान शाखा

२. आविष्कार तथा नवप्रवर्तन शाखा

३. उपयुक्त प्रविधि शाखा

४. अन्तरिक्ष तथा उदीयमान प्रविधि शाखा

**विज्ञान प्रविधि महाशाखाबाट सम्पन्न भएका कार्यहरुः**

१. विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐनको मस्यौदा तयार गरिएको,

२. नेपालमा विज्ञान तथा प्रविधिको क्षेत्रमा विभिन्न विधामा सक्रिय रहेका व्यवसायीक संस्थाहरुलाई गुणस्तरीय अनुसन्धान पुस्तिका (जर्नल) प्रकाशन गर्न अनुदान

सहयोगको लागि निवेदन माग तथा मूल्याङकन गरी ५ ओटा संस्थालाई अनुदान प्रदान गरिएको,

३. व्यवसायिक संस्थालाई वैज्ञानिक सम्मेलनका लागि अनुदान सहयोग कार्यविधि, २०७९ को मस्यौदा तयार भएको,

४. अन्तरिक्ष अध्ययन केन्द्रको सम्भाव्यता अध्ययनको लागि सबै सरोकारवालाहरु सम्मिलित समितिबाट Concept Paper तयार भई विस्तृत कार्ययोजना तयार गर्न TOR को मस्यौदा तयार गरिएको,

५. आणविक अनुसन्धान केन्द्र लगायतका अन्य विज्ञान/प्रविधि/इन्जिनियरिङ्ग सम्बन्धि संस्थाहरु स्थापनाको लागि उपयुक्त स्थान पहिचान कार्य जारी रहेको,

६. वहुविधागत अनुसन्धान केन्द्र (Multi disciplinary science research center) स्थापनाको लागि सम्भाव्यता अध्ययनको लागि TOR निर्माण गरिएको,

७. विज्ञान सम्बन्धि अन्तराष्ट्रिय Olympiad लगायत अन्य प्रतिष्पर्धामा सहभागी सहयोग अनुदान अन्तर्गत साइन्स ओलम्पियाड वृत्ति सम्वन्धि कार्यविधि, २०७८ को मस्यौदा तयार गरिएको,

८. राष्ट्रिय उत्कृष्टताका केन्द्र (Center of Excellence) सञ्चालनको लागि अनुदान वितरण सम्बन्धी कार्यविधिको अन्तिम मस्यौदा तयार गरिएको,

९. विज्ञान प्रविधि तथा नवप्रवर्तन समन्वय परिषद्को बैठक सम्पन्न गरिएको,

१०. वैज्ञानिक सिकाइ विधि/संस्कार प्रवर्द्धन गर्न शिक्षक समाजहरुको सहकार्यमा विज्ञ परिचालन गरी अभियान सञ्चालनको कार्यमा TOT सम्पन्न गरी दुई ठाँउमा फिल्ड कार्यक्रम सम्पन्न गरिएको,

११. Meet the Scientist कार्यक्रम अन्तरगत विद्युतीय सवारी, Natural Extract Production in Nepal for food and feed supplement, Market of Multimedia & Animation र काठमाण्डौको Solid Waste Management सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको,

१२. नवप्रवर्तन प्रवर्द्धनसंग सम्बन्धित STEM Toolkit Design सम्बन्धी विश्वविद्यालयका विद्यार्थीहरु बिच प्रतियोगिता आयोजना कार्यक्रम कार्यविधिको अन्तिम मस्यौदा तयार गरिएको,

१३. विज्ञान प्रविधि सम्बन्धी छाता ऐनको मस्यौदा तयारीको लागि समिति गठन भई अवधारणा पत्र तयार गरिएको,

१४. स्थानीय तहमा वैज्ञानिक/प्राविधिक/विज्ञान शिक्षक, साना तथा मझौला उद्योग र विज्ञान/प्रविधि/इन्जिनियरिङ्ग विषय सम्मिलित ज्ञान त्रिभूज (Knowledge Triangle) को अवधारणाको विषयमा कार्यक्रमहरु तय भएको,

१५. विज्ञान प्रविधि तथा नवप्रवर्तन दशक मनाउने योजना र खाका तयार गरिएको,

१६. अन्तरिक्ष अध्ययन केन्द्रको सम्भाव्यता अध्ययनको लागि सबै सरोकारवालाहरु सम्मिलित समितिबाट Concept Paper तयार भई विस्तृत कार्ययोजना तयार गर्न TOR को मस्यौदा तयार गरिएको,

१७. राष्ट्रिय उत्कृष्टताका केन्द्रहरु सञ्चालनको लागि अनुदान वितरण सम्वन्धी कार्यविधिको अन्तिम मस्यौदा तयार गरिएको ।

१८. उच्च मूल्यका स्थानीय उत्पादन तथा मौलिक ज्ञान र सिपमा आधारित वस्तुहरु पहिचान गर्ने कार्य अन्तर्गत निम्न ४ जिल्लाको भ्रमणमा देखिएका सम्भावित बस्तुहरुः

| जिल्ला | सम्भावना भएका बस्तुहरु | कैफियत |
|---|---|---|
| डोल्पा | जडिबुटी, उन र तानको प्रचुर सम्भावना | |
| कास्की | चिया, कफी, ढाका, फलामको भाडाहरुको सम्भावना | |
| चितवन | मुर्तिकला, माटोको भाडाहरु, चिनोको सामाग्री, आरनको कामहरु बनाउन प्रचुर सम्भावना | |
| गोरखा | ढाका, चिनोको सामाग्री, मादल, खुकुरी बनाउने आरन आदिको प्रचुर सम्भावना | |

## २.२.७ पारमाणिक पदार्थ व्यवस्थापन महाशाखा

पारमाणिक पदार्थ व्यवस्थापन महाशाखा अन्तर्गतका शाखाहरु निम्न बमोजिम छन्।

१. मापदण्ड गुणस्तर तथा तथ्याङ्क शाखा

२. अनुमति नियमन तथा अनुसन्धान शाखा

३. रासायनिक पदार्थ तथा प्रयोगशाला व्यवस्थापन शाखा

**पारमाणिक पदार्थ व्यवस्थापन महाशाखाबाट सम्पन्न भएका कार्यहरुः**

१. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ तयार भई कार्यान्वयनमा आएको,

२. रेडियोधर्मी पदार्थको सुरक्षा र संरक्षण सम्बन्धी मापदण्को प्रारम्भिक मस्यौदा तयार गरिएको,

३. रासायनिक पदार्थको सुरक्षित प्रयोग तथा व्यवस्थापन सम्बन्धी ऐनको मस्यौदा तयारी सम्बन्धमा सचेतना तथा विज्ञबाट राय सुझाव संकलन गरिएको,

४. रासायनिक पदार्थ सम्बन्धी सरकारी प्रयोगशालाहरुको अवस्था नक्साङ्कन कार्य सम्पन्न भई प्रतिवेदन तयार गरिएको,

५. नेपालमा स्थापित विभिन्न ४० प्रयोगशालाहरुको स्थलगत अनुगमन/निरीक्षण गरी प्रयोगशाला तयार गरिएको,

## २.३ माइलस्टोनको प्रगति

आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा आधारित रही तय गरिएको मुख्य क्रियाकलाप र माइलस्टोनहरूको निकायगत संख्यात्मक प्रगति विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | निकायको नाम | कुल | सम्पन्न हुनुपर्ने | सम्पन्न भएका | कार्य जारी | कार्य शुरू नभएका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक तालिम परिषद् | ११ | ११ | ११ | ० | ० | |
| २ | विश्वविद्यालय अनुदान आयोग | १६ | १६ | ८ | ८ | ० | |
| ३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ३६ | ३६ | ३० | ५ | १ | |
| ४ | पाठ्यक्रम विकास केन्द्र | २ | २ | २ | ० | ० | |
| ५ | जनक शिक्षा | | २ | २ | १ | १ | |
| ६ | मन्त्रालय | ९ | ९ | २ | ५ | २ | |
| ७ | मदनभण्डारी प्रौद्योगिक विश्वविद्यालय | ५ | ५ | ० | ३ | २ | |

| क्र.सं. | निकायको नाम | कुल | सम्पन्न हुनुपर्ने | सम्पन्न भएका | कार्य जारी | कार्य शुरू नभएका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८ | योगमाया आयुर्वेद विश्वविद्यालय | ४ | ४ | ० | १ | ३ | |
| ९ | गेटा मेडिकल कलेज | ६ | ६ | १ | १ | ४ | |
| १० | बुटवल मेडिकल कलेज | ४ | ४ | ० | ४ | ० | |
| ११ | वर्दिवास मेडिकल कजेल | २ | २ | ० | २ | ० | |
| १२ | सुर्खेत मेडिकल कलेज | ७ | ७ | ५ | २ | ० | |
| १३ | युनेस्को सचिवालय | १ | १ | ० | १ | ० | |
| १४ | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय | ४ | ४ | २ | २ | ० | |
| १५ | नास्ट | १ | १ | ० | १ | ० | |
| १६ | विपि कोइराला मे.वि. संग्रहालय | ३ | ३ | ३ | ० | ० | |
| १७ | राष्ट्रिय किताबखाना | १ | १ | १ | ० | ० | |
| १८ | स्थानीय तह र प्रदेश सामाजिक विकास मन्त्रालय | १ | १ | ० | १ | ० | |
| | जम्मा | ११५ | ११५ | ६६ | ३७ | १२ | |
| १९ | केन्द्रीय आयोजना कार्यान्वयन इकाइ | १९ | १९ | ६ | १३ | ० | |
| | कुल जम्मा | १३४ | १३४ | ७२ | ५० | १२ | |

माइलस्टोनको विस्तृत प्रगतिविवरण अनुसूची १ मा राखिएको छ ।

## २.४ आ.व. २०७८/७९ को कूल वार्षिक बजेट तथा समग्र प्रगति स्थितिः

| विवरण | शुरु वार्षिक बजेट (रु. लाखमा) | परिमार्जित वार्षिक बजेट (रु. लाखमा) | वार्षिक खर्च (रु. लाखमा) | वार्षिक खर्च (प्रतिशतमा) |
|---|---|---|---|---|
| स्थानीय तहमा वित्तीय हस्तान्तरण | १,१४,९१,१० | १,२९,०५,९६.६० | १,२९,०५,९६.६० | १०० |
| प्रदेश तहमा वित्तीय हस्तान्तरण | ५,०२,३४ | ५,५०,०२.६१ | ५,५०,०२.६१ | १०० |

| विवरण | शुरु वार्षिक बजेट (रु. लाखमा) | परिमार्जित वार्षिक बजेट (रु. लाखमा) | वार्षिक खर्च (रु. लाखमा) | वार्षिक खर्च (प्रतिशतमा) |
|---|---|---|---|---|
| संघीय तहको बजेट | ५८,२६,७८ | ४८,५२,१८.६७ | ४२,६२,०२ | ८७.८४ |
| **जम्मा** | १,७८,२०,२२ | १,८३,०८,१७.६७ | १,७७,१८,०१.२१ | ९६.७७ |

## २.५ मन्त्रालयको प्रगति स्थिति, संघः (आ.व.२०७८/७९)

| विवरण | बर्षिक बजेट रु. हजारमा | बार्षिक खर्च रु. हजारमा | बार्षिक वित्तीय प्रगति प्रतिशत | बार्षिक भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| **चालु** | ४८,१२,३३,५१ | ४२,४६,१३,८२ | ८८.२ | ९५ | |
| **पूँजीगत** | ३९,८५,१६ | १५,८९,०९ | ३९.८८ | ६५ | |
| कूल | ४८,५२,१८,६७ | ४२,६२,०२,९१ | ८७.८४ | ९१ | |

## २.६ समग्र आयोजनाहरू तथा वजेट उपशीर्षकहरूको प्रगति स्थितिः

| | **८० % भन्दा बढी प्रगति भएका आयोजना तथा वजेट उपशीर्षक** | **५० % देखी ८० %सम्म प्रगति भएका आयोजना तथा वजेट उपशीर्षक** | **५० % भन्दा कम प्रगति भएका आयोजना तथा वजेट उपशीर्ष** |
|---|---|---|---|
| P1 | १.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>२.शिक्षक सेवा निवृत्त सुविधा<br>३.शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>४.शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>५.चिकित्सा शिक्षा आयोग विद्यालय ६.शिक्षक कितावखाना | १.विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र)<br>२.शिक्षा विकास तथा समन्वय इकाई<br>३.शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १.व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना- दोस्रो<br>२.उच्च शिक्षा सुधार परियोजना |
| P2 | १.पाठ्यक्रम विकास केन्द्र<br>२. विश्वविद्यालय अनुदान आयोग<br>३. राष्ट्रिय परीक्षा वोर्ड<br>४. युनेस्कोको निम्ति ने.रा.आयोग<br>५. शिक्षक सेवा आयोग | १. शिक्षा तथा व्यवसायिक तालिम परिषद्<br>२. पुस्तकालयहरु<br>३. सवैका लागि शिक्षा शिशु विकास कार्यक्रम<br>४. शिक्षाको लागि खाद्य कार्यक्रम<br>५. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | P2 का सबै उपशीर्षकमा ५० भन्दा माथि प्रगति भएको |

## २.७ ८०% भन्दा कम प्रगति भएका P1 आयोजनाहरूको प्रगति, कम हुनुका कारण र समस्या समाधानका लागि गरिएका प्रयासहरू:

| क्र. सं. | आयोजना / वजेट उशिको नाम | प्रगति कम हुनुका कारण | समस्या समाधानका लागि गरिएका प्रयास |
|---|---|---|---|
| १ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना- दोस्रो | हालसम्म पनि केहि विषयका सहभागीहरूको सिप परीक्षण हुन नसकेकोले वित्तीय प्रगतिमा कमी हुन आएको । | NSTB लगायत विभिन्न समिति तथा मन्त्रालयमा हुने बैठकमा समस्याको बारेमा जानकारी गराई समाधानका लागि पहल गरिएको. |
| २ | विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र) | -विपन्न लक्षित छात्रवृत्ति विद्यार्थी पहिचान र प्रक्रियामा समावेश गर्न समस्या रहेको, स्थानीय तह सक्रिय नभएको<br>-डिजिटल लर्निङ सेन्टर स्थापनाका लागि कर्मचारी क्षमतामा कमी र समयाभाव,<br>-मापदण्ड र कार्यविधि समयमा जारी हुन नसकेको। | - इमिसमा तथ्याङ्क र फारम व्यवस्थित गरी पहिचान र सत्यापन गरिएको।<br>-कार्यविधि र बजेट प्रदेश तहमा हस्तान्तरण गरिएको।<br>-मन्त्रालयसँग समन्वय भै रहेको। |
| ३ | उच्च शिक्षा सुधार परियोजना | आव २०७८/७९ मा उच्च शिक्षाको उत्कृष्टता प्रवर्द्धन कार्यक्रमको तयारी र व्यवस्थापन गर्नु परेको कारण परियोजना पूर्ण रूपमा शुरु नभएको । | समन्वय र सहजीकरण भै रहेको। आव २०७९/८० देखि प्रभावकारी रुपमा यो कार्यक्रम अघि बढ्ने गरी व्यवस्थापन गरिएको। |

## २.८ बेरुजूको प्रगति विवरण:

| प्रकार | फछ्यौंट गर्नुपर्ने बेरुजु रकम (रु. हजारमा) | जेठसम्म फछ्यौंट भएको बेरुजु रकम (रु. हजारमा) | फछ्यौंट प्रतिशत |
|---|---|---|---|
| विनियोजन तर्फ | २२४९१३३५ | ३३१७६४० | १४.७५ |
| कोषतर्फ | ८८६२७०९ | २२९२३९ | २.५९ |

## २.९ गुनासो व्यवस्थापनः

| क्र.सं. | आव २०७८/७९ मा हेलो सरकार मार्फत प्राप्त गुनासाहरू | सख्या/प्रतिशत |
|---|---|---|
| १ | मन्त्रालयको नाममा प्राप्त कूल गुनासो संख्या | २८४ |
| २ | गुनासो फछ्र्यौट भएको संख्या | २०७ |
| ३ | गुनासो फछ्र्यौट प्रतिशत | ७२.८८ |
| ४ | समाधान भएको (मन्त्रालयबाट गुनासो समाधान भएको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट फछ्यौट गर्न बाँकी) | ४३ |
| ५ | अनुसन्धानको क्रममा रहेका | ३४ |

## २.१० कार्यक्रम/ निकायगत वार्षिक प्रगति स्थिति (८० प्रतिशत भन्दा माथि)

| क्र. सं. | ब.उ.शी.नं. | कार्यक्रम/ निकायको नाम | प्रगति प्रतिशत | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पूँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | ३५०००१०९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ९२ | ९४ | | |
| २ | ३५०००१०११ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ९७ | ८०.७ | ९० | ८८ |
| ३ | ३५०२१०१४ | चिकित्सा शिक्षा आयोग | ९६ | ९३.२ | १०० | ७० |
| ४ | ३५०००२०११ | पाठ्यक्रम विकास केन्द्र | ९५ | ९१ | ८१ | ६९ |
| ५ | ३५०००३०११ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १०० | ९७ | | |
| ६ | ३५०००४०११ | विद्यालय शिक्षक किताबखाना | १०० | ९७ | १०० | ९९ |
| ७ | ३५००४०१२ | शिक्षक सेवा निवृत्त सुविधा | ९९ | ९८ | | |
| ८ | ३५०२१०१३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ९९ | ९२.२ | | |
| ९ | ३५०२१०११ | विश्वविद्यालय अनुदान आयोग | | ९४.६ | | |
| १० | ३५०३१०११ | राष्ट्रिय परीक्षा बोर्ड | ९६ | ८२.२ | | |
| ११ | ३५०२१०१२ | शिक्षक सेवा आयोग | १०० | ९८.२ | १०० | १०० |

## २.११ कार्यक्रम/निकायगत वार्षिक प्रगति स्थिति (५० देखि ८०%सम्म)

| सि.नं | ब.उ.शी.नं. | कार्यक्रम/ निकायको नाम | प्रगति प्रतिशत | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पूँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | ३५०००११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विपि कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति) | ८५ | ७८.४ | ८० | ६० |
| २ | ३५०००१२ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ९५ | ९१ | ० | ४ |
| ३ | ३५०००१०१ | शिक्षाको लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ८९ | ७७.२ | १०० | ९८ |
| ४ | ३५०००१०२ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | ५१ | ६४ | | |
| ५ | ३५०००१०८ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर (CEHRD, CDC,ERO) | ८४ | ५३ | ९२ | ७९ |
| ६ | ३५०००१०१३ | शिक्षा विकास तथा समन्वय इकाई | ८२ | ७७ | १०० | ६१ |
| ७ | ३५०४१०११ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | ८० | ६० | | |
| ८ | ३५०६१०११ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ९५ | ८७ | ६५ | ४० |

## २.१२ सूचकगत प्रगति

**विगत ५ वर्षको सूचकमा आधारित संख्यात्मक प्रगति प्रस्तुत गरिएको छ।**

| क्र.स. | सूचकहरु | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|---|---|
| **१.** | **आधारभूत शिक्षा प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत** | | | | | |
| १.१ | पूर्वप्राथमिक शिक्षामा कूल भर्ना दर | ८४.१ | ८४.७ | ८६.२ | ८७.६ | ८९.६ |
| १.२ | पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ६६.३ | ६६.९ | ६८.६ | ७०.२ | ७४.९ |
| १.३ | कक्षा १ मा कुल प्रवेशदर | १२८.६ | १२३.९ | १२१.९ | १२०.७ | १२७.० |
| १.४ | कक्षा १ मा खुद प्रवेशदर | ९५.९ | ९६.३ | ९६.९ | ९७.३ | ९६.३ |
| १.५ | कुल भर्नादर (कक्षा १–५) | १३२.३ | ११८.८ | ११९.२ | ११८.२ | १२२.० |
| १.६ | खुद भर्नादर (कक्षा १–५) | ९७.२ | ९६.५ | ९७.१ | ९७.४ | ९६.९ |
| १.७ | कुल भर्नादर (कक्षा १–८) | १२०.२ | १०९.३ | ११०.४ | ११३.२ | ११८.० |
| १.८ | खुद भर्नादर (कक्षा १–८) | ९२.३ | ९२.७ | ९३.४ | ९४.७ | ९५.१ |
| १.९ | कक्षा १–८ को खुद भर्नादरमा लैंगिक समता सूचकांक | १.०० | ०.९८ | ०.९८ | ०.९९ | ०.९९ |
| १.१० | कक्षा ८ मा टिकाउ दर | ७७.४ | ७७.९ | ७९.३ | ८२.२ | |
| १.११ | आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | ७०.७ | ७१.३ | ७२.७ | ७५.३ | ७६.२ |
| १.१२ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ८.७ | ७.३ | ६.७ | ५.४ | ४.९ |
| १.१३ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | | | १४.६ | १४.६ | ४३.७१ |
| **२.** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | | |
| २.१ | कक्षा ९-१० कुल भर्ना दर | ५९.६ | ६०.६ | ६६.२ | ७९. ४ | ७६.१ |
| २.२ | कक्षा ९-१२ खुद भर्ना दर | ३८.९ | ४३. ९ | ४६.४ | ४७.६ | ५१.२ |
| २.३ | कक्षा १० सम्मको टिकाउ दर | ४५.२ | ५७.१ | ५८.५ | ६०.३ | ६४.६ |
| २.४ | कक्षा १२ सम्मको टिकाउ दर | | १७.२ | २२.२ | २४.० | २९.२ |
| २.५ | कक्षा ९-१२ मा लैङ्गिक समता सुचकांक | ०.९८ | ०.९९ | १.०१ | १.०१ | १.०१ |

| क्र.स. | सूचकहरु | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|---|---|
| **३.** | **साक्षरता दर** | | | | | |
| ३.१ | साक्षरता दर ६+वर्ष | ७८ | ७८ | ७८ | ७८ | ७८ |
| ३.२ | साक्षरता दर १५-२४ वर्ष | ८८.६ | | ८८.६ | ८८.६ | ८८.६ |
| ३.३ | साक्षरता दर १५ वर्ष | ५७ | ५७ | ५७ | ५७ | ५७ |
| **४.** | **शिक्षक व्यवस्थापन** | | | | | |
| ४.१ | आधारभूत तहमा महिला शिक्षक प्रतिशत | ४०.७ | ४१.२ | ४३.१ | ४३.७ | ४६.५ |
| ४.२ | माध्यमिक तहमा महिला शिक्षक प्रतिशत | १४.८ | १६.१३ | १७.४ | १९.८ | २०.४ |

## २.१३ विषय क्षेत्रगत रूपमा भएका प्रमुख प्रगतिहरू २०७८/०७९

### २.१३.१ नीतिगत तथा कानूनी सुधार

१. संघीय शिक्षा ऐन (विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय योग्यता प्रारुप र एकिकृत स्वास्थ्य शिक्षा सम्बन्धी) को मस्यौदा तयार भई सहमतिका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएको,

२. शिक्षक सेवा आयोग नियमावलीको ११ औं संशोधन गरिएको,

३. दस वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत भई आर्थिक वर्ष २०७९/८० देखि कार्यान्वयन हुने चरणमामा रहेको,

४. लेटर ग्रेडिङ् निर्देशिका, २०७८, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढदैं कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८, विपन्न लक्षित छात्रवृत्ती कार्यान्वयन मापदण्ड, २०७८, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८, सिकाइ चौतारी (Learning Portal) विकास, सञ्चालन, प्रयोग र सम्भार कार्यविधि, २०७८ र परम्परागत शिक्षण सँस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ स्वीकृत भई कार्यान्वयन भइरहेको,

५. प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ जारी गरी कार्यान्वयनमा ल्याइएको।

### २.१३.२ पूर्वाधार विकास

- ५,९८० सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माण भएको,
- २,१८१ विद्यालयमा डिजिटल पुस्तकालय/ आईटी ल्याव व्यवस्थापन कार्य भएको,
- भुकम्पबाट क्षति भएका ७,५८३ ओटा विद्यालयमध्ये यस आ.व. मा थप ६६१ ओटा विद्यालयको निर्माण कार्य सम्पन्न भई हालसम्म कुल ७,२७५ ओटा विद्यालयको निर्माण कार्य सम्पन्न भएको,
- थप १,०१२ ओटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापनाका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको,
- शिक्षक अस्पताल निर्माणको लागि मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भै चितवन जिल्लामा निर्माण गर्न जग्गा प्राप्त हुने क्रममा रहेको,

### २.१३.३ कोभिड १९ को सम्बोधन तथा सूचना प्रविधि

१. कोभिड १९ को कारण विद्यार्थीको सिकाइमा परेको असरलाई कम गर्न शिक्षासँग सम्बन्धित स्मार्ट लकडाउन कार्ययोजना तयार गरी लागू गरिएको, विद्यालय जान नपाएका विद्यार्थीलाई लक्षित गरी सिकाई पोर्टलको विकास गरी  श्रव्य तथा श्रव्यदृष्य पाठ उत्पादन कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत जारी रहेको। श्रव्यदृष्य पाठ NTV+ बाट तथा Dishhome, Max TV, Mero TV, NET TV र Clear TV को School Education च्यानलबाट र रेडियो नेपाल तथा देशभरका करिव २०१ वटा भन्दा बढी सामुदायिक रेडियोहरूमार्फत समेत श्रव्य पाठहरुको प्रशारण नियमित रुपमा भई रहेको,

२. चीनका विभिन्न विश्वविद्यालयमा चिकित्सा शास्त्र अध्ययन गरेका तर कोभिडको कारण फर्किन नपाएका विद्यार्थीहरूको समस्या समाधानका लागि चीन फर्कनको लागि निवेदन दिएका विद्यार्थीहरूको विवरण परराष्ट्र मन्त्रालय मार्फत चीन सरकार समक्ष पठाइएकोमा पहिलो चरणमा चीन फर्कनका लागि २८१ जना विद्यार्थीहरू भीसाको प्रक्रियामा रहेका,

३. आर्थिक वर्ष २०७८/७९ मा थप १,०१२ ओटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापनाका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको,

४. ७ वटा प्रदेशमा डिजिटल लर्निङ सेन्टर स्थापनाको लागि वित्तीय हस्तान्तरण गरिएको,

### २.१३.४ अनौपचारिक शिक्षा तथा साक्षरता

१. आर्थिक वर्ष २०७८/७९ मा (अछाम, काठमाडौं, ताप्लेजुङ, बझाङ, सोलुखुम्बु , कैलाली, बाजुरा) ७ जिल्ला र आ.व.२०७९/०८० बाँके जिल्ला साक्षर घोषणा भई हालसम्म ६१ जिल्ला साक्षर घोषणा भएका,

२. हालसम्म गण्डकी र वागमती प्रदेश पूर्ण साक्षर प्रदेश घोषणा भएका,

३. प्रदेश नं. १ का सबै जिल्ला साक्षर घोषणा भई साक्षर प्रदेश घोषणा हुने चरणमा रहेको।

### २.१३.५ शिक्षक नियुक्ति, बढुवा र दरबन्दी मिलान

१. शिक्षक सेवा आयोगको पदाधिकारी नियुक्ति गरी लामो समयदेखि रोकिएको शिक्षक बढुवा (३,३०९ जना) र खुला पदपुर्ति (१७,२५१जना) को विज्ञापन गरी परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन तथा सिफारिस प्रक्रिया समेत शुरु गरिएको, निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षक अध्यापन अनुमति पत्रको विज्ञापन भई माध्यमिक तहको नतिजा समेत प्रकाशन भइसकेको,

२. दरवन्दि मिलानका लागि स्थानान्तरण हुनु पर्ने १२,८३५ जना शिक्षकमध्ये ९,९८६ शिक्षकको स्थानीय तहभित्र तथा जिल्लान्तर सरुवा गरी मिलान सम्पन्न भएको,

३. न्युन शिक्षक दरवन्दी आपूर्तीका लागि माध्यमिक तहमा गणित, विज्ञान र अंग्रेजी विषयका ४,७५० जना र आधारभूत तह कक्षा ६-८ मा २,६०० जना गरी ७,३५० जना शिक्षक व्यवस्थाका लागि बजेट व्यवस्था गरिएको,

४. कूल २१,००० शिक्षकका लागि सेवाकालिन पेशागत तालिम सञ्चालन गरिएको,

### २.१३.६ पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री सम्बन्धी

१. कक्षा १० को ४,९६९ र कक्षा १२ को ८,०८० प्रमाणपत्रलाई मान्यता तथा समकक्षता प्रदान गरिएको,

२. कक्षा १ देखि १२ सम्मको १०२८ पाठ्यसामग्रीको मूल्याङ्कन र ८११ वटा पाठ्यसामग्री स्वीकृत भएको,

३. कक्षा १-३ को पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको लैङ्गिक परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको,

४. मान्यता तथा समकक्षता निर्देशिका, लेटर ग्रेडिङ निर्देशिका तथा लेटर ग्रेडिङ निर्देशिका सहयोगी पुस्तिका तयार भई छपाइ भएको,

५. संस्कृत तथा गुरुकुलतर्फ कक्षा ७ का ४ विषय र कक्षा ९का अनिवार्य संस्कृत भाषाव्याकरण, कर्मकाण्ड र सिद्धान्त ज्योतिष विषयको पाठ्यपुस्तक विकास भएको,

६. गोन्पा शिक्षा १- ८ का पाठ्यक्रम विकास गरिएको, कक्षा ९ को गोन्पा शिक्षा र कक्षा ४ को किरात मुन्धुम शिक्षाको पाठ्यपुस्तक विकास भएको,

७. प्राविधिक तथा व्यावसायिक धार तर्फ माध्यमिक तहका २१ वटा र मदरसा शिक्षा कक्षा ११ र १२ का ३ ओटा पाठ्यक्रम विकास भएको,

८. कक्षा ४ र ५ तथा कक्षा ६ देखि ८ सम्म २ वटा समावेशी तथा अपाङ्गमैत्री मूल्याङ्कन ढाँचा विकास भएको,

९. खुला विद्यालय तर्फ कक्षा ११ र १२ को एकवर्षे संश्लेषित पाठ्यक्रम (Condensed Curriculum) विकास भएको,

१०. शैक्षिक सत्र २०७९ मा कक्षा ९ सम्मका बालबालिकाहरूका लागि रंगिन पाठ्यपुस्तक वितरण गरिएको,

११. कक्षा ४, ७ र ९ मा शैक्षिक सत्र २०७९ बाट नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गरिएको,

### २.१३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम

१. Event परियोजनाबाट कूल १७,५०० जनालाई छोटो अवधिको र ९४० जनालाई लामो अवधिको तालिम सञ्चालन भएको

२. ५९ वटा सामुदायिक प्राविधिक विद्यालयलाई ICT Support Program वितरण गरिएको,

३. कूल ५० विद्यालयका १००० जनालाई Job Placement सहायता प्रदान गरिएको,

४. CTEVT बाट लक्षित समुदायका ५६० जना प्रशिक्षार्थीका लागि छात्रवृत्ति वितरण गरिएको,

५. कूल २,५२४ जना प्रशिक्षक/कर्मचारीलाई TITI द्वारा क्षमता अभिविद्ध तालिम प्रदान गरिएको,

६. ५८,७३७ जनाको सीप परीक्षण गरिएको,

७. प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि पूर्वाधार निर्देशिका विकास गरिएको,

८. प्रिडिप्लोमा तहका ३ वटा र छोटो अवधिका १ वटा पाठ्यक्रम निर्माण तथा डिप्लोमा तहका १४ वटा र प्रिडिप्लोमा तहको ५ वटा पाठ्यक्रम परिमार्जन गरिएको,

९. सक्षमता परियोजना अन्तरगत e-learning portal मा कूल ७३ वटा सिकाइ सामग्री Upload गरिएको,

१०. पूर्वाधार पूरा गरेका स्तरोन्नतिका लागि सिफारिस भई आएका सीप विकास तालिममा संलग्न ६५ वटा संस्थाहरूलाई स्तरोन्नति पत्र दिइएको,

## २.१३.८ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १ हजार ३ सय १० सामुदायिक विद्यालयमा २ कोठे भवन र १ हजार ६२ सामुदायिक विद्यालयमा ४ कोठे भवन निर्माण, २१८१ सामुदायिक विद्यालयमा डिजिटल पुस्तकालय/आईटी ल्याव व्यवस्थापनका लागि विद्यालय छनौट भई कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भई स्थानीय तह मार्फत विद्यालयहरूमा कार्यक्रम सञ्चालन भई रहेको,

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढदैं कमाउदै कार्यक्रम १४० विद्यालयमा सञ्चालन भइरहेको,

## २.१३.९ सेवा प्रवाह तथा शैक्षिक सुशासन

१. निवृत्त शिक्षकहरूको निवृत्तीभरण अधिकार पत्रको पाना सकिएमा, हराएमा, पारिवारिक निवृत्तीभरण अधिकार पत्र लगायत निजले पाउने अन्य सेवा प्राप्त गर्न केन्द्रमै धाउनु पर्ने समस्यालाई सम्बोधन गर्न सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उक्त सेवा प्राप्त हुने व्यवस्था मिलाइएको,

२. कूल ४,७२६ जना शिक्षकलाई अवकाशपछि पाउने निवृत्तिभरण सुविधा भुक्तानी तथा २५५ जनालाई उपदान वापतको रकम भुक्तानी,

३. विद्यालय भवनको सम्पन्न हुँन बाँकी काममा निरन्तरता दिई सम्पन्न गर्ने उद्देश्यकासाथ केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) लाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा ल्याइएको,

४. राजनीतिक पूर्वाग्रह, द्वन्द्व तथा आन्दोलनका कारण हटाइएका शिक्षक तथा कर्मचारीका विषयमा गठित जाँचबुझ समिति २०७३ ले २३३ जना शिक्षकलाई पुनर्वहाली गर्न, १८ जनालाई नियुक्ति गर्न, ४१ जनालाई सेवा निवृत्त सुविधा दिन र २८४ जनालाई अस्थायी सुविधा प्रदान गर्न सिफारिस गरेकोमा प्रतिवेदन कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयन जारी रहेको,

५. विद्यालय शैक्षिक सेवा प्रवाह सुधारसम्बन्धी सुधारका प्राथमिकताहरू तोकी कार्यान्वयनको शुरुवात गरिएको,

६. राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष, खुल्ला विश्वविद्यालयको उपकुलपति र कुलसचिव, शिक्षक सेवा आयोगका पदाधिकारी नियुक्ति गरिएको,

७. राष्ट्रिय परीक्षा वोर्ड (पहिलो संशोधन) नियमावली, २०७८ जारी गरी कक्षा १० को एसइइ परीक्षा प्रदेशगत रुपमा सञ्चालन तथा व्यवस्थापन गरिएको,

### २.१३.१० उच्च शिक्षा सम्बन्धी

१. उच्च शिक्षाको गुणस्तर सुधारको लागि उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम सञ्चालनमा आएको,

२. आ.व. २०७८/०७९ मा थप १० ओटा सहित ७० वटा उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको,

३. वैदेशिक अध्ययनमा जान चाहने १,१४,१३४ जना विद्यार्थीलाई वैदेशिक अध्ययन अनुमति पत्र प्रदान गरिएको,

### २.१३.११ विज्ञान तथा प्रविधि

१. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्रदान गरिने सेवालाई विकेन्द्रित गर्न सुदुरपश्चिम प्रदेश, मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना र संचालनको लागि सहमति प्राप्त भएकोमा यस अघि नै मधेश प्रदेशको बर्दिबासमा र सुदूरपश्चिम प्रदेशको धनगढीमा स्थापना भई सकेकोमा यस वर्ष लुम्बिनी प्रदेशको रुपन्देहीमा विधि विज्ञान प्रयोगशाला स्थापना भएको,

२. जनमानसमा विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई प्रवाह गर्ने उद्देश्य अनुरुप नेपाल टेलिभिजनबाट आजको विज्ञान कार्यक्रम पाक्षिक रूपमा प्रसारण भैरहेको,

३. विधि विज्ञान सम्बन्धी परीक्षणका लागि प्रहरी तथा अदालत लगायतबाट प्राप्त भएका ६ सय ८० केशका २ हजार ३ सय ५ नमूनाहरुको परिक्षण गरी परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पठाइएको,

४. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐनमा भएको व्यवस्था बमोजिम नियमनकारी निकायको गठन गर्न संगठन संरचना तयार गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको,

५. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ तथा नियमावली, २०७८ बमोजिम निर्देशिका तयार गरिएको, PET-CT सञ्चालन तथा Industrial Radiological Facility सञ्चालनको लागि मापदण्ड तयार गरिएको, Nuclear Medicine Facility ( PET-CT) संयन्त्रको इजाजत पत्र पूर्वाञ्चल क्यान्सर हस्पिटल, बिर्तामोड, Industrial Radiological Facility को इजाजत पत्र ह्वानसिन सिमेन्ट प्रालि र शिवम् सिमेन्ट प्रालिलाई प्रदान गरिएको,

६. अक्सिजन सिलिण्डरको निर्माण र लोड क्यापासिटी परीक्षण कार्य सम्पन्न भएको,

७. नेपाली नानो–स्याटेलाइट (Nep SAT-1) प्रक्षेपण सम्पन्न र दोस्रो स्याटेलाइट डाँफे प्रक्षेपणका लागि कार्य जारी रहेको,

### २.१३.१२ विविध

१. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अति आवश्यक पोषण र खाद्य उपलब्ध गराउने क्रममा स्थानीय उत्पादनको उपयोगलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई विस्तार गरी ७७ ओटै जिल्लाका कक्षा ५ सम्मका बालबालिकाको लागि दिवा खाजा कार्यान्वयन हुँदै आएकोमा आर्थिक वर्ष २०७९/८० मा कक्षा ६ सम्म विस्तार गरी कुल ४२ लाख ३९ हजार जना बालबालिकाहरूलाई दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरिएको,

२. शैक्षिक सत्र २०७९ मा कक्षा ९ सम्मका बालबालिकाहरूका लागि रंगिन पाठ्यपुस्तक उपलब्ध गराइएको,

३. आर्थिक वर्ष २०७८/७९ मा थप २० स्थानीय तहमा प्राविधिक धारको शिक्षा विस्तार गरी कुल ६५५ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुर्याइएको,

४. सामुदायकि विद्यालयमा अध्ययनरत छात्रालाई निःशुल्क रुपमा स्यानिटरी प्याड वितरण गरिएको,

५. कक्षा ४,७ र ९ मा शैक्षिक सत्र २०७९ बाट नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गरिएको,

६. शैक्षिक सत्र २०७९ मा सामुदायिक विद्यालयका माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरू छनौट गरिएको,

७. चिकित्सा शिक्षा आयोगबाट चिकित्सा शिक्षा अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहको ब्याच २०२२ का लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गरिएको,

८. पुस्तकालय दिवस, अन्तर्राष्ट्रिय साक्षरता दिवस, नवौं राष्ट्रिय विज्ञान दिवस, राष्ट्रिय योग दिवस र अन्तर्राष्ट्रिय योग दिवस खुल्ला वातावरणमा भव्यताकासाथ  मनाइएको।

खण्ड **तीन**

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बद्ध तथा मातहतका केन्द्रिय निकायहरूको प्रगति विवरण

## ३.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्र

### ३.१.१ परिचयः

शिक्षा मन्त्रालयद्वारा संचालित नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने निकायको रुपमा विक्रम सम्बत २०५६ सालमा शिक्षा विभागको स्थापना भएको हो। विभाग स्थापनाको इतिहासलाई हेर्दा तत्कालिन आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र माध्यमिक शिक्षा परियोजनाको निरन्तरता तथा अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षा विभागको आवश्यकता महसुस भएको देखिन्छ। मुलुकमा संघीयताको कार्यान्वयनसंगै शैक्षिक संरचनामा हेरफेर भई तत्कालिन शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएर हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भई सोही केन्द्र मार्फत गाभिएका तीनवटै निकायहरुको कार्य हुँदै आएको छ। विद्यालय शिक्षासम्बन्धी आयोजनाहरुको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी  शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रहेको छ। यस केन्द्र मार्फत स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको समन्वय, सहजीकरण तथा प्रगति प्रतिवेदन तयारी सम्बन्धी कार्यक्रमहरु सम्पादन हुँदै आएका छन्। शिक्षक पेशागत विकासका लागि आवश्यक तालिम पाठ्यक्रम, तालिम प्याकेज विकास तथा श्रव्य तथा श्रव्यदृष्य सिकाइ सामग्रीको विकास केन्द्रबाट हुँदै आएको छ।

आधारभूत तथा गुणस्तरीय शिक्षाको विकास र विस्तारको माध्यमबाट शिक्षित, सुसंस्कृत, सम्बृद्ध र गतिशील समाजको निर्माण र विकासमा सहयोग गर्नु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको प्रमुख उद्देश्य हो।

### ३.१.२ शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्य विवरण

१. विद्यालय शिक्षासम्बन्धी द्विपक्षीय र वहुपक्षीय विकास साझेदारहरू र निकायसँगको समन्वय ।

२. शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा सम्झौताअनुरुप विद्यालय क्षेत्र विकास योजनालगायतका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन तथा समन्वय ।

३. अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षा एवम् राष्ट्रिय पठन सिपलगायतका विषयमा नमुना कार्यक्रम विकास तथा कार्यान्वयन ।

४. मानव संसाधन प्रक्षेपण, योजना तर्जुमा, त्यसअनुरुप शैक्षिक योजना, कार्यक्रम विकास एवम् मानव संसाधन विकास योजना तयार ।

५. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन ।

६. प्रदेश र स्थानीय तहबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वय ।

७. विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रवोधीकरण ।

८. विद्यालय शिक्षाको लागि भौतिक सुविधासहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्यान्वयनको,लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण,

९. प्रारम्भिक बालविकास तथा शिशु शिक्षासम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वय,

१०. अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक मापदण्ड निर्माण तथा कार्यान्वयनमा सहजीकरण,

११. माध्यमिक शिक्षातर्फ साधारण तथा प्राविधिक शिक्षाको लागि आवश्यक नीतिगत व्यवस्था,

१२. शिक्षण संस्थाको स्थापना र सञ्चालनको न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण तथा आवश्यक समन्वय, सहजीकरण र अनुगमन,

१३. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीकरण,

१४. विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवा खाजालगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण,

१५. शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण,

१६. सेवाकालीन शिक्षक तालिमको लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, कोर्स तथा स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण,

१७. प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन,

१८. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँग समन्वय, समावेशी शिक्षा, लैङ्गिक समविकास, मातृभाषा तथा विशेष शिक्षा सम्बन्धी कार्यहरू,

१९. विद्यालयमा हुने विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षा कार्यक्रमसम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन,

२०. नमुना विद्यालय विकास, व्यवस्थापन एवम् सञ्चालनमा समन्वय र सहजीकरण,

२१. परम्परागत (गुरूकूल, गुम्बा, गोन्पा, मदरसा) लगायत वैकल्पिक एवम् खुला शिक्षा तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजीकरण,

२२. विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमुना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्यहरू,

२३. विद्यालय शिक्षाका नमुना परीक्षण कार्यक्रमहरू सञ्चालन र प्राप्त नतिजाका आधारमा आवश्यक सुधारका नीति तर्जुमा,

२४. भाषिक, लैङ्गिक, अपाङ्गता लगायतका विविधतालाई व्यवस्थापन गर्न समावेशी शिक्षा नीति अनुरूपका नमुना कार्यक्रमहरू तर्जुमा एवम् कार्यान्वयन,

२५. विद्यालय पोषण, बालमैत्री विद्यालयसम्बन्धी सहजीकरण तथा सवलीकरणका कार्यहरू,

२६. शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी मापदण्ड विकास, कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रमाणीकरण,

२७. दूर शिक्षा र खुला सिकाइ कार्यक्रमको लागि श्रव्य तथा श्रव्यदृष्य सामग्री विकास एवम् प्रसारण कार्यक्रम सञ्चालन एवम् समन्वय,

२८. स्वदेशी तथा विदेशी दातृसंस्था, सरकारी तथा गैह्र सरकारी संस्था एवम् तालिम प्रदायक संस्थाहरूसँग साझेदारी र सहकार्यमा शैक्षिक गुणस्तर सुधारसम्बन्धी कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन,

२९. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा सामुदायिक अध्ययन केन्द्रको नीति तर्जुमा योजना विकास र नियमन,

३०. केन्द्रमा कार्यरत कर्मचारीको व्यवस्थापन, वृत्तिविकास, क्षमता विकास र आन्तरिक व्यवस्थापनसम्बन्धी कार्यहरू,

३१. समावेशी शिक्षा, लैङ्गिक समविकास तथा विशेष शिक्षासम्बन्धी कार्यहरू,

३२. स्रोतकेन्द्रको मापदण्ड, नक्साङ्कन र स्रोतव्यक्तिको छनौट तथा सेवा सर्त सुविधासम्बन्धी कार्यहरू,

३३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय गर्न तोकिएका अन्य कार्यहरू,

३४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेका अन्य कार्यहरू,

### ३.१.३ आर्थिक वर्ष २०७८/७९ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा सम्पादन भएका कार्यहरुः

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि ४ कोठे भवन २ कोठे भवन र IT Lab स्थापनाका लागि स्थानीय तह मार्फत प्रस्ताव माग गरी मन्त्रालयबाट छनोट भई वित्तीय हस्तान्तरण भएको,

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रमको लागि विद्यालय छनौट र वित्तीय हस्तान्तरण गरिएको,

३. Digital Learning Center स्थापना, विकास र सञ्चालन कार्यविधि स्वीकृत भई प्रदेश तहमा बजेट वित्तीय हस्तान्तरण भएको गरिएको,

४. विद्यालयको भौतिक सर्वेक्षण कार्यक्रमका लागि विद्यालय भौतिक पूर्वाधार मापदण्डको मस्यौदा अन्तिमीकरण भइरहेको,

५. शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न शैक्षिक संस्थाहरुसंग समझदारी (MOU) र नविकरण तथा कार्यक्रम अनुगमन र प्रतिवेदन गरिएको,

६. शिक्षाका विभिन्न विषय सम्बन्धी ८ वटा मापदण्ड र कार्यविधि मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गरिएको,

७. ब्रेल पाठ्यपुस्तक छपाइ गरी विद्यार्थीलाई वितरण गरिएको,

८. विपन्न लक्षित छात्रवृत्ति, शहिद परिवार र द्वन्दपिडित बालबालिका छात्रवृत्ति, HIV एड्स् र वादी समुदायका बालबालिकालाई छात्रवृत्ति वितरण गरिएको,

९. श्रवणविहिनता, दृष्टीविहिनता र दृष्टि अपाङ्गता भएका बालबालिकाका लागि सामग्री विकास गरिएको,

१०. Learning Portal सञ्चालनमा आएको र सबै प्रदेशमा ४१४३ जनामा अभिमुखीकरण सम्पन्न भएको,

११. कक्षा ६ को सबै विषयको Full Text/E-Pub प्रविधिमा निर्माण भएको,

१२. साक्षर नेपाल अभियान अन्तर्गत साक्षर नेपाल वर्ष कार्यक्रम सञ्चालन गरी आ.व. २०७८/७९ मा थप ७ जिल्ला साक्षर जिल्ला घोषणा भएको,

१३. दरवन्दी मिलान कार्य निरन्तर भइरहेको, जिल्ला र स्थानीय तहबाट स्थानान्तरण भएका १०४ समेत गरी हालसम्म कूल जम्मा १४६६ खूद पुल दरवन्दी स्थानान्तरण भएको।

१४. श्रब्यपाठ उत्पादनः कक्षा ६ का ६ विषयका विषयगत ३३८ ओटा श्रब्य पाठका लागि नक्साङ्कन कार्य गरी स्क्रिप्ट विकास गरिएकोमा १९९ ओटा पाठ विकास ( Recording & Editing) कार्य सम्पन्न भएको,

१५. श्रब्यदृष्य पाठ उत्पादनः कक्षा १-११ सम्मका ३०४६ ओटा श्रब्यदृष्य पाठ उत्पादन गरिएको,

## ३.२ पाठ्यक्रम विकास केन्द्र

### ३.२.१ परिचयः

शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिका लागि विद्यालय शिक्षाको पाठ्क्रम, पाठ्यपुस्तक र अन्य शैक्षणिक सामग्रीको विकास गर्ने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्राज्ञिक केन्द्रको रुपमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हो। सुरुमा वि.सं. २०२८ सालमा पाठ्यपुस्तक तथा सुपरीवेक्षण केन्द्रको नामबाट संचालित यस केन्द्र वि.सं. २०५४ सालदेखि पाठ्यक्रम विकास केन्द्रको रुपमा सञ्चालनमा रहि आएको छ।

### ३.२.२ पाठ्यक्रम विकास केन्द्रको कार्यविवरणः

पाठ्यक्रम विकास केन्द्रको समग्र कार्यविवरण देहायबमोजिम उल्लेख गरिएका छन्।

१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गुणस्तर, मापदण्ड निर्धारणसम्बन्धी कार्य,

२. विद्यालय शिक्षाको योग्यता परीक्षण, मान्यता तथा समकक्षता र प्रमाणीकरणसम्बन्धी कार्य,

३. विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी योजना तथा कार्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कार्य,

४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री (डिजिटल पाठ्यसामग्री समेत) विकाससम्बन्धी कार्य,
५. थप पाठ्यसामग्रीको अनुमति, स्वीकृति तथा अनुगमनसम्बन्धी कार्य,
६. पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, नियमन, अध्ययन अनुसन्धान तथा अनुगमनसम्बन्धी कार्य,
७. पाठ्यक्रम तथा पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

### ३.२.३ आर्थिक वर्ष २०७८/७९ मा पाठ्यक्रम विकास केन्द्रद्वारा सम्पादन भएका कार्यहरुः

१. कक्षा १० को ४,९६९ र कक्षा १२ को ८,०८० प्रमाणपत्रलाई मान्यता तथा समकक्षता प्रदान गरिएको,
२. थप पाठ्यसामग्रीको मूल्याङ्कन तथा स्वीकृति गर्ने कार्यक्रम अन्तर्गत कक्षा १ देखि १२ सम्मको १०२८ पाठ्यसामग्रीको मूल्याङ्कन र ८११ वटा पाठ्यसामग्री स्वीकृत भएको,
३. साधारण विद्यालयतर्फका कक्षा ४, ७ र ९ का संस्कृत विषयका पाठ्यपुस्तक विकास भएको,
४. कक्षा १-३ को पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको लैङ्गिक परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको,
५. मान्यता तथा समकक्षता निर्देशिका, लेटर ग्रेडिङ निर्देशिका तथा लेटर ग्रेडिङ निर्देशिका सहयोगी पुस्तिका तयार भई छपाइ भएको,
६. परिमार्जित पाठ्यक्रमअनुसार कक्षा ९ को ऐच्छिक विज्ञान विषयको पाठ्यपुस्तकको पिआरसी विकास भएको,
७. निजी क्षेत्रका मुद्रक तथा वितरकहरू नवीकरण तथा सूचीकरण गरी कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकको मुद्रणीय कपी (CRC) उपलब्ध गराई मुद्रणको काम सम्पन्न भएको,
८. कक्षा ९-१० का ऐच्छिक विषय खाद्यविज्ञान र वास्तुकलाको पाठ्यक्रम र विशिष्टिकरण तालिका विकास भएको,
९. नेपाली र अंग्रेजी विषयको कक्षा ६ को श्रव्य सामग्री विकास भएको,

१०. संस्कृत तथा गुरुकुलतर्फ कक्षा ७ का संस्कृत भाषा, संस्कृत व्याकरण, कर्मकाण्ड र नीतिशास्त्र र कक्षा ९ का अनिवार्य संस्कृत भाषाव्याकरण, कर्मकाण्ड र सिद्धान्त ज्योतिष विषयको पाठ्यपुस्तक विकास भएको।

११. गोन्पा शिक्षा १- ८ का पाठ्यक्रम विकास गर्ने कार्य सम्पन्न भएको,

१२. कक्षा ९ को गोन्पा शिक्षा र कक्षा ४ को किराँत मुन्धुम शिक्षाको पाठ्यपुस्तक विकास भएको,

१३. कक्षा १२ को संस्कृत भाषा व्याकरण र संस्कृत रचना पाठ्यपुस्तक विकास कार्य सम्पन्न भएको

१४. मदरसा शिक्षा कक्षा ११ र १२ का पाठ्यक्रम विकास अन्तर्गत ३ ओटा पाठ्यक्रम विकास भएको,

१५. प्राविधिक तथा व्यावसायिक धार तर्फ माध्यमिक तहका २१ वटा पाठ्यक्रम विकास भएको,

१६. प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत कक्षा ११-१२ संगीत विषयका ३ वटा पाठ्यक्रम विकास भएको।

१७. बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि तेस्रो तहको श्रव्यदृष्य सामग्री विकास,

१८. कक्षा ४ र ५ तथा कक्षा ६ देखि ८ सम्म २ वटा समावेशी तथा अपाङ्गमैत्री मूल्याङ्कन ढाँचा विकास भएको,

१९. खुला विद्यालय तर्फ कक्षा ११ र १२ को एकवर्षे संश्लेषित पाठ्यक्रम (Condensed Curriculum) विकास भएको,

२०. कक्षा ९ का अनिवार्य ५ विषयका पाठ्यपुस्तक बहुरङ्गमा विकास गर्न मुद्रणीय प्रति जनक शिक्षा सामग्री केन्द्रलाई उपलब्ध गराइएको,

## ३.३ शिक्षक सेवा आयोग

### ३.३.१ परिचयः

शिक्षा ऐन, २०२८ संशोधन सहितको दफा ११ ख. मा "सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने छ" भन्ने व्यवस्था भएबमोजिम सामुदायिक विद्यालयका नेपाल सरकारबाट

स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीहरूको स्थायी नियुक्ति र बढुवाको लागि विज्ञापन प्रकाशन गरी खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन तथा व्यवस्थापन गरी नियुक्तिको लागि सिफारिश गर्न शिक्षक सेवा आयोगको गठन गरिएको हो ।

शिक्षा ऐनमा भएको सातौं संशोधनले आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक हुन नपाउने व्यवस्था गरेपछि शिक्षक पदमा उम्मेदवार हुन आवश्यक पर्ने अध्यापन अनुमति पत्र वितरण गर्ने जिम्मेवारीसमेत आयोगले पुरा गर्दै आइरहेको छ ।

### ३.३.२ आयोगको काम कर्तव्य र अधिकार

शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ अनुसार आयोगको काम, कर्तव्य र अधिकार यस प्रकार रहेको छ ।

१. शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने,
२. विद्यालयमा अध्यापन गर्न चाहने शिक्षकलाई अध्यापन अनुमति पत्र दिने,
३. अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने,
४. शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने,
५. शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने,
६. उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजात धुल्याउने,
७. ऐन वा यस नियमावली बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकता अनुसार निरीक्षण तथा जाँचबुझ गर्ने,

### ३.३.३ आर्थिक वर्ष २०७८/७९ मा शिक्षक सेवा आयोगद्वारा सम्पादन भएका कार्यहरुः

१. शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि,२०७८ र शिक्षक सेवा आयोग आचारसंहिता २०७८ आयोगबाट स्वीकृत गरी वेबसाइटमा राखिएको,
२. अनलाइन प्रणाली मार्फत दरखास्त फाराम भर्ने व्यवस्था गरिएको,
३. तीनै तहको आन्तरिक प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी उत्तीर्णहरुलाई नियुक्तिका लागि सिफारिस गरिएको,

४. शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि २०७८ बमोजिम अध्यापन अनुमतिपत्र (निम्न माध्यमिक र माध्यमिक तह) को पाठ्यक्रम परिमार्जन गरिएको,
५. कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाको केही विज्ञापनको नतिजा प्रकाशन गरिएको,

## ३.४ शैक्षिक गुणस्तर परीक्षण केन्द्र

### ३.४.१ परिचयः

शिक्षा मन्त्रालय पद्धतिका निकायलाई आफ्नो कार्यसम्पादन स्तर तथा शिक्षण संस्थाहरूलाई विद्यार्थी उपलब्धि प्रति जवाफदेही बनाउने उद्देश्यले शैक्षिक निकायको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणका लागि एक स्वतन्त्र र स्वायत्त निकायको संस्थागत व्यवस्थाको परिकल्पना विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले गरेअनुसार नेपाल सरकारबाट शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना २०६६ साल कार्तिकमा भएको हो ।

### ३.४.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यक्षेत्र

नेपाल सरकार मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित भई पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यक्षेत्रहरू देहायका विषयवस्तुसँग सम्बन्धित छन् ।

१. विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण
२. विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण
३. प्रारम्भिक कक्षा पठन सिप परीक्षण
४. शैक्षिक मुद्दाहरूमा विषयगत अध्ययन/अनुसन्धान
५. प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको परीक्षण

### ३.४.३ आर्थिक वर्ष २०७८/७९ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सम्पादन भएका कार्यहरुः

१. शिक्षाका लागि खाद्य कार्यक्रम र प्राविधिक नमुना विद्यालयहरुको कार्यसम्पादन परीक्षण साधन र मार्गदर्शन विकास गरी कार्यसम्पादन परीक्षण गरिएको,

२. Policy Guideline तयार भई स्वीकृतिको चरणमा रहेको,
३. पठनसीप विकासको लागि Benchmark तयार गरी स्वीकृतिको प्रकृयामा रहेको,
४. NASA/PA क्याप्सुल तयारी भएको,
५. विद्यालय कार्यसम्पादन परीक्षण र राष्ट्रिय विद्यार्थी उपलब्धी परिक्षणको प्रभाव अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पन्न भएको,
६. ७५० ओटा सामुदायिक माध्यमिक विद्यालयहरुको कार्यसम्पादन परीक्षण सम्पन्न गरिएको,
७. कार्यसम्पादन परीक्षण सम्पन्न विद्यालयहरुको समष्टिगत प्रतिवेदन तयारी भएको,
८. कक्षा १० को NASA पूर्व परीक्षण कार्य सम्पन्न भएको,
९. १८०० विद्यालयका ४२,००० बालबालिकाहरुको सहभागितामा कक्षा ५ को राष्ट्रिय विद्यार्थी उपलब्धी परीक्षण (NASA) कार्य सम्पन्न भएको,
१०. २८ जिल्लाको २८० बालविकास केन्द्रहरुमा कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भएको,
११. पालिकाहरुको लागि स्वमूल्याङ्कन साधन निर्माण भएको,
१२. सेवाग्राही सन्तुष्टी साधन निर्माण गरी सोको प्रयोग गरिएको,
१३. Policy Linking कार्यशाला गोष्ठी सम्पन्न,
१४. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको २५ देखि ३० मिनेट सम्मको डकुमेन्ट्री तयारी तथा प्रशारण,
१५. सुधार कार्ययोजना तयार भई स्वीकृतिको प्रकृयामा रहेको,
१६. स्वतन्त्र विज्ञ पत्रकारहरुबाट परीक्षण र मूल्याङ्कनका सम्बन्धमा स्थलगत रुपमा प्रभाव अध्ययन सम्पन्न भएको,

## ३.५ राष्ट्रिय किताबखाना (शिक्षक)

### ३.५.१ परिचयः

सेवानिवृत शिक्षकहरुलाई निवृतभरण, उपदान लगायतका सेवा सुविधा दिने व्यवस्था वि.सं २०३५ सालमा भएपछि अभिलेख राख्ने र सेवा सुविधा प्रदान गर्ने कार्य साबिकको क्षेत्रीय

शिक्षा निर्देशनालयबाट हुँदै आएकोमा अलग्गै निकायबाट उक्त कार्य संचालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को मिति २०५४ माघ २ गतेको निर्णयबमोजिम शिक्षा नियमावली, २०४९ को छैठौं संशोधन, २०५४ ले विद्यालय शिक्षक कितावखाना स्थापना भई यस कार्यलाई २०५४/११/१९ गतेदेखि शिक्षा नियमावलीमा आवद्ध गरियो। यसपछि मिति २०५४/१२/२६ गतेदेखि शिक्षा मन्त्रालय, केशरमहल परिसरको एक कोठाबाट आफ्नो कार्य आरम्भ गरी वि.सं.२०५५ साल भाद्र महिनादेखि ताहाचलस्थित साबिकको जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनमा स्थानान्तरण गरियो। वि.सं. २०६६ जेष्ठदेखि विद्यालय शिक्षक कितावखानाको आफ्नै भवन काठमाडौं महानगरपालिका वडा नं. १३ म्यूजियम मार्ग, छाउनीमा निर्माण भएपछि सोही स्थानबाट सेवाप्रदान गर्दै आएको छ।

नेपालको संविधान, २०७२ जारी भएपश्चात मुलुक संघीय संरचनामा गएसँगै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५ आषाढ ४ गतेको निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना र प्रहरी किताबखानालाई गाभेर राष्ट्रिय किताबखाना बनाइएको छ। यसपछि यस किताबखानाले राष्ट्रिय किताबखानाको विद्यालय शिक्षक माहाशाखाको रुपमा कार्य गर्दै आएको छ।

### ३.५.२ राष्ट्रिय किताबखाना (शिक्षक) का कार्यहरु

१. स्थायी शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति, पदस्थापन, सरुवा, वढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन विदा, उपचार खर्चको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरु वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) फाइलमा संलग्न गरी अद्यावधिक गर्ने,

२. शिक्षकको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने,

३. ६ महिना अगावै शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिने सम्बन्धी सूचना व्यवस्थापन गर्ने,

४. सेवाबाट अलग भएका शिक्षकको विरामी विदा (अस्थायीको समेत) उपचार खर्च, उपदानको रकम निकासा दिने तथा निवृत्तभरण, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी नि.भ.अधिकारपत्र (पेन्सनपट्टा) प्रदान गर्ने,

५. शिक्षा ऐन र नियमावलीमा व्यवस्था भएअनुसार सेवा अवधि गणना गर्ने,

६. निवृत्तभरण प्राप्त शिक्षकलाई परिचयपत्र प्रदान गर्ने,

७. स्थायी शिक्षकको स्थायी ठेगाना परिवर्तन गर्ने,

८. शिक्षकको अभिलेख तथा सुविधा सम्बन्धी सूचना केन्द्रको रुपमा काम गर्ने,

९. शिक्षकको सम्पत्ति विवरणको वार्षिक रुपमा अभिलेख राख्ने,

१०. सम्बन्धित निकाय तथा शिक्षकलाई शिक्षकको अभिलेखअनुरुपका तथ्याङ्कहरु नियमानुसार उपलब्ध गराउने,

११. शिक्षकको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरुप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने,

### ३.५.३ आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय किताबखाना (शिक्षक)द्वारा सम्पादन भएका कार्यहरुः

१. २०७३ साल श्रावण १ पश्चात सेवा निवृत्त भएका र प्राविधिक ग्रेड भुक्तानी नभएका १२२९ शिक्षकहरुको प्राविधिक ग्रेड निर्धारण र भुक्तानीको व्यवस्था गरिएको,

२. ४७२६ सेवा निवृत्त शिक्षकहरुको सेवा सुविधा निर्धारण गरी निवृत्तभरण अधिकार पत्र जारी र २५५ शिक्षकहरुको उपदान निर्धारण गरिएको,

३. ६३२ पालिकाको तलबी प्रतिवेदन पारित गरिएको,

४. निवृत्तभरण अधिकारपत्र जारी भएका सेवा निवृत्त शिक्षकहरुको दोस्रो कामहरु (निवृत्तीभरण अधिकार पत्रको पाना सकिएमा, हराएमा, पारिवारिक निवृत्तीभरण अधिकार पत्र लगायत निजले पाउने अन्य सेवा) सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध गराइएको,

५. ८७,५३२ जना शिक्षकहरुको आ.व.२०७७/७८ को सम्पत्ति विवरण दर्ता गरिएको,

## ३.६ राष्ट्रिय परीक्षा बोर्ड

### ३.६.१ परिचयः

शिक्षा (आठौं संशोधन) ऐन, २०७३ को कार्यान्वयन संगै उच्च माध्यमिक परीक्षा परिषद् खारेज भई राष्ट्रिय परीक्षा बोर्ड सञ्चालनमा आएको छ। साविकको उच्च माध्यमिक शिक्षा परिषदबाट सम्पादन हुँदै आएका सम्बन्धन, विद्यालय अनुमति, छात्रवृत्ति र विद्यालय संचालन सम्बन्धी कार्य स्थानीय तहबाट व्यवस्थापन गरिने र पाठ्यक्रम निर्माण, विकास र समकक्षता सम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट गरिने गरी कार्यक्षेत्र निर्धारण गरेबमोजिम विद्यालय

शिक्षा परीक्षा (SEE) एवं माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सम्बन्धी सम्पूर्ण कार्य राष्ट्रिय परीक्षा बोर्डबाट हुँदै आएको छ। कक्षा १० को परीक्षा प्रादेशिक स्तरमा सञ्चालन गर्ने र समग्र विद्यालय शिक्षाको परीक्षा समेतलाई दिशानिर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डको रही आएको छ। बोर्डका ७ वटा प्रदेश कार्यालयहरु र ५ वटा शाखा कार्यालयहरूले जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइसंग समन्वय गरी सेवा प्रवाह गरिरहेका छन्।

### ३.६.२ बोर्डको काम, कर्तब्य अधिकारः

१. मन्त्रालयले स्वीकृत गरेको परीक्षा सम्बन्धी नीतिको अधिनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने गराउने
२. बोर्डको दीर्घकालिन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,
३. विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने गराउने,
४. बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,
५. बोर्डको काम सुचारु रुपमा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने,
६. बोर्डको मासिक, आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

### ३.६.३ आर्थिक वर्ष २०७८/७९ मा  राष्ट्रिय परीक्षा बोर्डद्वारा सम्पादन भएका कार्यहरुः

१. व्यावहारिक अभ्यास (OJT) का लागि सातै प्रदेशमा Vertual Mode बाट अभिमुखीकरण सम्पन्न ,
२. बैदेशिक बोर्ड/संस्थासँग समन्वय र सदस्यता नवीकरण (Council of Boards of School education in India (COBSE) को सदस्य नविकरण Annual Subscription to COBSE for 2021-2022) सम्पन्न,
३. कार्यक्रम प्रवर्द्धन एवं सूचना संप्रेषण (रेडियो/टि.भि. कार्यक्रमः नेपाल टेलिभिजनबाट १६ एपिसोड सम्पन्न),
४. कक्षा १२ को परीक्षाका लागि प्रश्नपत्र निर्माण र परिमार्जन (६४ विषयका १४६ सेट प्रश्नपत्र निर्माण र परिमार्जन कार्य सम्पन्न),
५. तालिम प्राप्त शिक्षकबाट आइटम निर्माण तथा परिमार्जन एवं Set Test कार्य सम्पन्न गरी विश्लेषणको चरणमा रहेको),

६. केन्द्राध्यक्षहरूको अभिमुखीकरणका लागि मापदण्ड निर्धारण कार्यशाला सम्पन्न (सहभागी संख्या ७५ जना),

७. केन्द्राध्यक्ष गोष्ठी सम्पन्नः कक्षा १२ (७७ जिल्लामा),

८. केन्द्राध्यक्षहरूको अभिमुखीकरण कार्यक्रम सम्पन्नः कक्षा १० (२००७ जना सहभागी),

९. कक्षा १२ को उत्तरपुस्तिका परीक्षण एवं संपरीक्षण कार्यशाला सम्पन्न (२६ प्याकेज),

१०. कक्षा १० को २०७८ सालको उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण कार्यशाला सम्पन्न (१५७ जना सहभागी),

११. २०७७ सालको कक्षा १० (SEE) को कोरोनाका कारण स्थगित परीक्षाको नतीजा प्रकाशन (परीक्षामा सहभागी परीक्षार्थी संख्या-४८४२७८ जना)

१२. २०७८ सालको कक्षा १२ को कोरोनाको कारणले स्थगित परीक्षा संचालन तथा नतिजा प्रकाशन (परीक्षामा सहभागी हुने परीक्षार्थी संख्या-३७४०१५ जना),

१३. २०७८ सालको कक्षा १२ को (कोरोना Response) ग्रेडबृद्धि परीक्षा संचालन तथा नतिजा प्रकाशन (परीक्षामा सहभागी परीक्षार्थी संख्या- ४२०४८ जना)

१४. २०७८ सालको कक्षा १२ को पुनर्योगको नतिजा प्रकाशन (प्राप्त निवेदनः ४७६५ मध्ये २६६ जनाको ग्रेड परिवर्तन),

१५. २०७८ सालको कक्षा १० को वार्षिक परीक्षा संचालन तथा नतिजा प्रकाशन (परीक्षामा सहभागी परीक्षार्थी संख्या- ४९५७५१ जना)

१६. कक्षा १२ को वार्षिक परीक्षा समीक्षा कार्यक्रम सम्पन्न (११ प्याकेज),

१७. आन्तरिक सूचना प्रणाली (Virtual Private Network) सुदृढीकरण,

१८. EMIS विकास (आवश्यक सफ्टवेयर निर्माण कार्य सम्पन्न),

१९. मेसिनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर र हेभी ड्युटी प्रिन्टर खरिद कार्य सम्पन्न),

२०. १८३ वटा नयाँ विद्यालयको विद्यालय नक्शांकन (GIS Mapping) सम्पन्न,

२१. Ledger Digitization कार्य सम्पन्नको अन्तिम चरणमा रहेको,

२२. अध्ययन अनुसन्धानः (४वटा अनुसन्धानको परामर्शदाता छनौट पश्चात कार्य सम्झौता भई काम अन्तिम चरणमा रहेको,

२३. ग्रेडसिट/मार्क स्लिप/मार्कलेजरको छपाई कार्य सम्पन्न,

२४. पोखराको भवन निर्माण (कार्य सम्पन्नको अन्तिम चरणमा रहेको),

२५. शैक्षिक प्रमाणपत्र TMP छपाईः (कक्षा १२ को गत वर्षको छपाई कार्य सम्पन्न तथा चालु आ.व.का लागि छपाईको बोलपत्र आह्वान),

२६. उत्तरपुस्तिका छपाई कार्य सम्पन्न

२७. उत्तरपुस्तिका धुलाई (प्रयोग भईसकेका ९४ हजार के.जी. उ.पु. धुलाईसम्बन्धी बोलपत्र भई कार्य सम्पन्न),

## ३.७ व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना –दोस्रो (EVENT-II)

### ३.७.१ परिचयः

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा विश्व बैंकको आर्थिक सहयोगमा व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना पहिलो २३ अगष्ट २०११ देखि ३१ बक्टुवर २०१५ सम्म सफलता पूर्वक सम्पन्न भई हाल दोस्रो चरणको रुपमा २५ सेप्टेम्बर २०१७ देखि १६ जुलाई २०२३ सम्म विश्व बैंकको ६० मिलियन अमेरिकी डलर ऋण सहयोगमा कार्यान्वयनमा रहेको छ। सीपयुक्त तथा रोजगारउन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच अभिवृद्ध गर्नु र नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम पद्दतिलाई सुदृढ गर्नु परियोजनाको प्रमुख उद्देश्य रहेको छ। परियोजना कार्यान्वयन संयन्त्रलाई हेर्दा शिक्षा सचिवको अध्यक्षतामा ६ सदस्यीय परियोजना कार्यान्वयन समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सदस्य सचिवको अध्यक्षतामा ९ सदस्यीय प्राविधिक सहयोग समिति र परियोजना निर्देशक (सहसचिव) सहित १२ जना निजामति सेवा र १६ जना सहायक तह (करार सेवा) गरी २८ जना कर्मचारी दरबन्दीको परियोजना सचिवालय रहेको छ। यसको कार्यालय बुद्धनगर, काठमाण्डौंमा रहेको छ।

### ३.७.२ आर्थिक वर्ष २०७८/७९ मा व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना–दोस्रोद्वारा सम्पादन भएका कार्यहरुः

१. कोभिडका कारण रोकिएका २०७७/७८ समूहका ३६ हजार ८ सय २० कोटा छोटो अवधिका लागि तालिम सञ्चालन भएको,

२. कोभिडका कारण रोकिएका २०७७/७८ समूहका ५सय कोटा कार्यस्थलमा आधारित तालिम (OJT) सञ्चालन भएको,
३. आव २०७८/७९ का तह १ र २ को छोटो अवधिको तालिम र OJT सहितका तालिम सञ्चालन गरिएको,
४. काठमाडौं विश्वविद्यालयसंग अनुगमन सम्बन्धी सम्झौता सम्पन्न गरी कार्यान्वयनमा रहेको,
५. TSLC/Diploma तहका छात्रवृत्ति निकासा भएको,
६. Job Placement Support Program सम्पन्न गरिएको,
७. सामुदायिक प्राविधिक विद्यालयमा ICT Support Program ५९ विद्यालयलाई वितरण गरिएको,
८. १६ ओटा प्राविधिक विद्यालयलाई गुणस्तर सुधार अनुदान निकासा गरिएको,
९. २०७६/७७ समूहका छोटो अवधिका तालिमहरुको सिप परीक्षण कार्य सम्पन्न भएको,
१०. Project Restructuring सम्बन्धमा प्रक्रिया अगाडि बढाइएकोमा १ वर्ष No cost extension भै आएको,

## ३.८ केन्द्रिय आयोजना कार्यान्वयन इकाई

### ३.८.१ परिचयः

२०७२ साल बैशाख १२ गतेको भूकम्प र त्यस पछिका पराकम्पहरुबाट पूर्ण तथा आंसिक रूपमा क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण गर्ने कार्य राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत केन्द्रिय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा) ले सम्पादन गर्दै आएकोमा विद्यालय भवनको सम्पादन हुन बाँकी कामलाई निरन्तरता दिई उक्त कार्य जिम्मेवारी सम्पन्न गर्ने उद्देश्यका साथ आ.व.२०७८/७९ देखि केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा ल्याइएको छ।

### ३.८.२ आर्थिक वर्ष २०७८/७९ मा केन्द्रिय आयोजना कार्यान्वयन इकाईद्वारा सम्पादन भएका कार्यहरुः

१. भूकम्प अति प्रभावित १४ जिल्लामा ADB को सहयोगमा सञ्चालित DRSP- (Disaster Resilient School Project) बाट १४१ विद्यालय प्रबलीकरण (Retrofit) गर्ने क्रमागत कार्यक्रम अन्तरगत ५२ ओटा विद्यालयको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको र ८९ ओटा विद्यालयको ३० प्रतिशत निर्माण कार्य सम्पन्न भएको,

२. भूकम्प अति प्रभावित १४ जिल्लमा DRSP - (Disaster Resilient School Project) बाट २०७ विद्यालय निर्माण गर्ने क्रमागत कार्यक्रम अन्तर्गत ९१ विद्यालय निर्माण कार्य सम्पन्न, ६८ विद्यालयको ९० प्रतिशत निर्माण कार्य सम्पन्न, १३ ओटा विद्यालयको ५० प्रतिशत निर्माण कार्य सम्पन्न र ३५ विद्यालयको २० प्रतिशत निर्माण कार्य सम्पन्न भएको,

३. भारतीय अनुदान सहयोगबाट ७ जिल्लामा ७० विद्यालय निर्माणको क्रमागत कार्यक्रम मध्ये ८ ओटा विद्यालय हस्तान्तरण भएको र ६२ ओटा विद्यालयको ९० प्रतिशत निर्माण सम्पन्न भएको तथा १ पुस्तकालय पूनर्निमाण गर्ने कार्य ३५ प्रतिशत सम्पन्न भएको,

४. साउदी फण्डको सहयोगमा भूकम्पबाट क्षति भएका २५ विद्यालयको पुनर्निर्माण सम्पन्न गर्ने कार्यक्रम अन्तर्गत ४ विद्यालयको कार्य सम्पन्न भएको, १६ ओटा विद्यालयको ८७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको ५ विद्यालयको ५० प्रतिशत निर्माण सम्पन्न भएको,

५. भूकम्प अति प्रभावित ६ जिल्लामा JICA को सहयोगमा सञ्चालित ESRP (Emergency School Reconstruction Project) बाट २७४ विद्यालय निर्माण गर्ने कार्यक्रम मध्ये २६० विद्यालय भवन निर्माण सम्पन्न भएको, १४ निर्माणाधिन विद्यालयको ७५ प्रतिशत कार्य सम्पन्न भएको,

## ३.९ विश्वविद्यालय अनुदान आयोग

### ३.९.१ परिचयः

नेपाल सरकारले निर्धारण गरेका उच्च शिक्षाका उद्देश्य पूरा गर्दै राष्ट्रलाई आवश्यक पर्ने साधारण, व्यावसायिक एवम् प्राविधिक क्षेत्रका उच्च तथा विशिष्ट जनशक्ति उत्पादनको लागि स्थापित विभिन्न विश्वविद्यालयहरूको सञ्चालन तथा विकासको निम्ति विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने सम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न जरुरी देखिएकोले नेपालमा बिक्रम सम्बत् २०५० सालमा विश्वविद्यालय अनुदान आयोग ऐनमार्फत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रूपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको हो।

आयोगले विश्वविद्यालयहरू बिच समन्वय, सरकारी अनुदान वितरण, नयाँ विश्व विद्यालय स्थापनार्थ नेपाल सरकारलाई राय सुझाव प्रदान, शैक्षिक गुणस्तर निर्धारण जस्ता कार्यहरू गर्दै आएको

छ। उच्च शिक्षा हासिल गर्न योग्यता र प्रवृत्तिका आधारमा सबै विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्न, अनुसन्धान उन्मुख उच्च शैक्षिक संस्कृतिको विकास गरी उच्च शैक्षिक संस्थाहरूको सञ्चालनमा सुशासन कायम गर्न, अध्ययन अध्यापन र अनुसन्धानको अनुकुल वातावरण निर्माण गर्न, विश्वविद्यालय तथा क्याम्पसहरूलाई सञ्चालन तथा विकास अनुदान, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शोध सहयोग, अध्ययन अध्यापन तथा व्यवस्थापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सिप, दक्षता, क्षमता अभिवृद्धिका लागि पुनर्ताजगीकरण, अनुसन्धान विधिको प्रशिक्षण, विद्वतवृत्ति, अनुसन्धान अनुदान आदि सञ्चालन गरिएका छन्। सरकारले लिएको उद्देश्य अनुरुप उच्च शिक्षालाई समानता, समावेशी र पहुँचयोग्य हुने किसिमले संस्थागत तथा मानव श्रोत विकासका करीब ३० वटा विभिन्न कार्यक्रमहरु हाल आयोगबाट विधिवत रुपमा संचालनमा रहेका छन्।

### ३.९.२ आयोगको काम, कर्तव्य र अधिकारः

विश्वविद्यालय अनुदान आयोग ऐन,२०५०को दफा ६ मा उल्लिखित आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन्ः

१. विश्व विद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ,
२. विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,
३. विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूको लागि सम्बन्धित निकायहरूमा सिफारिश गर्ने ,
४. विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने,
५. शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने,
६. विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
७. नेपालभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्धतवृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
८. विश्वविद्यालयहरूबिच समन्वय कायम गर्नआयोगको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ,
९. आयोगको उद्देश्य पूर्तिको लागि तोकिएबमोजिमका अन्य कामहरू गर्ने ।

### ३.९.३ आर्थिक वर्ष २०७८/७९ मा विश्वविद्यालय अनुदान आयोगद्वारा सम्पादन भएका कार्यहरुः

१. कार्यक्रम कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
२. उच्च शिक्षामा उत्कृष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न संचालन निर्देशिका तर्जुमा गरिएको,
३. आ.ब. २०७८/७९ मा ४४ वटा उच्च शैक्षिक संस्थाहरुलाई LOI (Letter of Intent) प्रदान गरिएको,
४. २१ वटा उच्च शैक्षिक संस्थाहरुको SSR (Self Study Report) स्वीकार गरिएको,
५. हालसम्म ७० ओटा शैक्षिक संस्थाहरुलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको,
६. १९ वटा PRT (Peer Review Team) गठन गरिएको,
७. देशभरका ४७२ वटा सामुदायिक क्याम्पसहरुलाई नियमित अनुदान रु. ६४,०६,९६,३०० र २६२ वटा सामुदायिक क्यापसहरुलाई भौतिक विकास अनुदान रु. ५४,४४,७५,००० प्रदान गरिएको,
८. गरामनी क्याम्पस विर्तामोडको भवन निर्माणका लागि ३ करोड निकाशा गरिएको,
९. उच्च शिक्षामा उत्कृष्टताको प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको सिलसिलामा Standard Operation Procedure and Guideline for Collaborative Research and Innovation Grants, 2078 र Standard Operating Procedure and Guideline for Entrepreneurship and Self Employment, 2078 तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
१०. Standard Operating Procedure and Guideline for Performance Based Funding, 2078 तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
११. आयोगको लेखा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लेखा नीति तथा कार्यविधि निर्देशिका, २०७८ तर्जुमा गरि कार्यान्वयनमा ल्याइएको,
१२. विदेशमा आयोजना हुने सभा/सम्मेलन/गोष्ठी जस्ता कार्यक्रममा सहभागी हुन प्रदान गरिने आंसिक सहयोगका लागि भ्रमण अनुदानमा १५ जना, उच्च शैक्षिक संस्थाहरुलाई छोटो अवधिका कार्यक्रम संचालन गर्न पुर्नताजगी तालिम १४ वटा, शैक्षिक संस्था उद्योगी व्यवसायी संवाद १० वटा, अनुसन्धान विधि तालिम ४९ वटा, शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि ३९ वटा, राष्ट्रिय तथा स्थानीय सम्मेलनका लागि ३६ वटा, अन्तराष्ट्रिय सम्मेलनका लागि १५ वटा संस्थालाई अनुदान प्रदान गरिएको,

१३. ९ओटा विश्वविद्यालय र ७ वटा सामुदायिक क्याम्पसहरुको स्थलगत अनुगमन गरिएको, साथै आयोगबाट डेस्क मनिटरिङ निरन्तर र प्रभावकारी रुपमा भैरहेको,

## ३.१० चिकित्सा शिक्षा आयोग

### ३.१०.१ परिचयः

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई नागरिकका आधारभूत आवश्यकता एवम् नैसर्गिक अधिकारका रूपमा स्वीकार गरी मौलिक हकको रुपमा राखेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ। त्यसैको फलस्वरुप नेपाल सरकारले आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटमा शिक्षा र स्वास्थ्यका विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

विभिन्न समयमा नागरिक समाज संवाद, दवाव समूह एवम् सरोकारवालाहरूबाट प्रस्तुत मागहरूको सम्बोधन एवम् नेपालको संविधान तथा कानुनबाट प्रत्याभूत गुणस्तरीय चिकित्सा शिक्षामा नागरिकको सहज पहुँच अभिवृद्धिका लागि चिकित्सा शिक्षाको क्षेत्रमा समसामयिक सुधार गर्न नेपाल सरकारले विभिन्न समयमा विभिन्न आयोग, कार्यदल र समितिहरू गठन गरी सुझाब प्रतिवेदनसमेत लिने कार्य भएको पाइन्छ।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी, विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनासमेतलाई मध्यनजर गरी चिकित्सा शिक्षा आयोगको स्थापना र सञ्चालन गर्न विक्रम संवत २०७५ फागुन १० मा राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भयो। सोही ऐन बमोजिम चिकित्सा शिक्षा आयोग सञ्चालनमा रहेको छ।

### ३.१०.२ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ।

१. चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

२. सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

३. एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

४. प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

५. प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

६. चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,

७. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

८. आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजी सम्बन्धी नीति र मापदण्ड तय गर्ने,

९. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

१०. आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

११. शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

१२. तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**३.१०.३ आर्थिक वर्ष २०७८/७९ मा चिकित्सा शिक्षा आयोगद्वारा सम्पादन भएका कार्यहरुः**

१. चिकित्सा शिक्षा आयोगको पक्की भवनको डिपिआर तयार भएको,

२. सार्वजनिक शिक्षण संस्थामा अध्ययन गर्ने चिकित्सा शिक्षा अन्तर्गत स्नातक तहको जम्मा सिट संख्याको ७५ प्रतिशत सिटमा निःशुल्क छात्रवृत्तिमा विद्यार्थीहरु (सन् २०२० को व्याचमा ५३१ जना र सन् २०२१ को व्याचमा ११६५ जना) अध्ययन गरिरहेका,

## ३.११ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

### ३.११.१ परिचयः

आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवम् त्यस्ता तालिम दिने विभिन्न निकायहरूका बिच समन्वय कायम गर्न तथा सिपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि २०४५ साल कार्तिक २८ गतेका दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ जारी गरी सोहीअनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गरिएको हो ।

### ३.११.२ परिषद्को काम, कर्तव्य र अधिकारः

ऐनको दफा ६ ले व्यवस्था गरेबमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का काम, कर्तव्य र अधिकारहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास गर्नको लागि तोकिएबमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने,

२. निजी एवम् गैरसरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अध्यापन वा सञ्चालनको स्वीकृति दिने र तिनीहरूले पाउने सुबिधा र सहयोगसम्बन्धी व्यवस्था गर्ने,

३. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालिममा जोड दिने,

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने,

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने,

६. आधारभूत तहको सिप तथा तालिम सञ्चालन गर्ने र मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने,

७. बहु-प्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवम् सञ्चालन गर्ने गराउने,

८. नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित

संस्थाद्वारा सिप विकासको निमित्त दिइने व्यावसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरेबमोजिम लागू गर्ने गराउने,

९. विभिन्न तालिमसम्बन्धी कार्यक्रमहरू बिच समन्वय कायम गर्ने गराउने,

१०. प्राविधिक प्रशिक्षकसम्बन्धी तालिम सञ्चालन गर्ने गराउने,

११. एप्रेन्टिससिप तालिमसम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

१२. प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालिन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्यविषय (ट्रेनिङ्ग प्याकेज) तथा तालिम दिने शिक्षकसम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

१३. सिपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्ने गराउने,

१४. सिप प्रमाणिका बनाउने र सिपको स्तर निर्धारण गर्ने,

१५. सरकारी तथा गैरसरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालिम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालिमहरूको राष्ट्रियस्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने,

१६. आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने,

१७. सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने,

१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने,

१९. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक परामर्श दिने,

२०. नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने,

२१. परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने,

२२. यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने,

### ३.११.३ आर्थिक वर्ष २०७८/७९ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सम्पादन भएका कार्यहरुः

१. डिप्लोमा इन योगा तथा नेचुरल थेरापी, डिप्लोमा इन फिजियोथेरापी, डिप्लोमा इन फेसन डिजाइन, डिप्लोमा इन एग्रिकल्चर इन्जिनियरिङ्ग, डिप्लोमा इन मेक्राटोनिक्स, डिप्लोमा इन आर्युवेदिक फार्मेसी,डिप्लोमा इन नेचुरल एण्ड एरोमेटिकको पूर्वाधार निर्देशिका निर्माण कार्य सम्पन्न भएको,

२. डिप्लोमा तह, प्रि-डिप्लोमा तह र सिप विकास तालिमका पाठ्यक्रम निर्माण/परिमार्जन/एकीकरणको विषय एवं विधा पहिचान तथा छनोटः ११ ओटा डिप्लोमा तह, १ ओटा प्रि-डिप्लोमा तह र ४ ओटा छोटो अवधिको विषय छनोट गरिएको,

३. डिप्लोमा इन इलेक्टोनिक्स इन्जिनियरिङ्ग र डिप्लोमा इन कुलनरी आर्टसको पाठ्रयक्रम परिमार्जन गरिएको,

४. २५२४ जना प्रशिक्षक/कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालीम प्रदान गरिएको,

५. देशभरी रहेका सिप परीक्षण केन्द्रहरू मार्फत सिप परीक्षण एवम् प्रमाणीकरण आरम्भ भएको,

६. स्तरोन्नतिका लागि सिफारिस भएका ६५ वटा सस्थाहरू मध्ये धरौटी रकम र सम्बन्धन शुल्क जम्मा गरेका संस्थाहरूलाइ स्तरोन्नति पत्र दिइएको,

७. ७ वटा नमुना शिक्षालयहरू मध्ये कर्णाली र इलामको भौतिक पूर्वाधार विकास कार्य सम्पन्न भएको, बर्दिवास, टिकापुर, माडी, दाङ र गोर्खा जिल्लामा सम्पन्न हुने क्रममा रहेको,

८. डिप्लो तहमा ५५ संस्थाको लागि चिकित्सा शिक्षा आयोगबाट सिट निर्धारण गर्न आवश्यक विवरण माग गरिएको,

## ३.१२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

### ३.१२.१ परिचयः

मुलुकको चौतर्फी विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका रहने भएकोले विज्ञान तथा प्रविधिको माध्यमबाट देश विकास गर्ने उद्देश्यले २०३९ साल मङ्सीर २० गते नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको हो। वि.सं.२०६३ सालको राजनीतिक परिवर्तन पश्चात राजसंस्थाको अन्त्यपछि नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा

प्रतिष्ठान ऐन,२०४८ को दोस्रो संशोधन (मिति२०६४/०६/१५) बाट "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" नामाकरण भएको हो। राष्ट्रको सर्वाङ्गीण विकासका लागि देशमा विज्ञान तथा प्रविधिको विकास गर्नु गराउनु, स्वदेशी प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु, गराउनु, विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान गर्नु, गराउनु र देशको लागि उपयुक्त विदेशी प्रविधि पहिल्याउनु र सो को हस्तान्तरणको लागि सहयोग पुऱ्याउनु प्रज्ञा प्रतिष्ठानको मूलभूत उद्देश्य रहेको छ।

### ३.१२.२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ मा उल्लिखित प्रज्ञा-प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन्।

१. विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताको आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्द्धन गर्ने।

२. प्रविधि हस्तान्तरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने।

३. स्वदेशी तथा विदेशी वैज्ञानिक तथा प्रविधिसम्बन्धी निकायहरूसित समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गर्ने।

४. विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय प्रलेख तथा सूचना प्रणालीको विकास गरी सेवा प्रदान गर्ने ।

५. विज्ञान तथा प्रविधि विषयहरूमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने, गराउने तथा विज्ञान तथा प्रविधिसम्बन्धी विभिन्न प्रकाशन गर्ने, गराउने।

६. विज्ञान तथा प्रविधिसम्बन्धी क्षेत्रीय वा अन्तर्राष्ट्रिय र अन्य विदेशी सङ्घसंस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदानप्रदान गर्ने।

७. प्रज्ञा-प्रतिष्ठानको सञ्चालन तथा विज्ञान तथा प्रविधिसम्बन्धी कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने।

८. विज्ञान तथा प्रविधिको विकास, प्रवर्द्धन वा प्रयोगमा उत्कृष्ट योगदान दिने व्यक्ति वा संस्थालाई कदर गर्ने र प्रोत्साहित गर्ने।

९. विज्ञान तथा प्रविधिको उपयोगिता र उपादेयताबारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने र विज्ञान तथा प्रविधिको प्रयोग बढाउन अनुकूल वातावरण सृजना गर्ने।

१०. विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय निकायहरूको कार्यक्रम र उपलब्धिबारे अध्ययन गरी आवधिक प्रतिवेदन तयार गर्ने।

११. विज्ञान तथा प्रविधि विकास कार्यक्रम सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने।

१२. विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासका लागि नयाँ निकाय वा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई राय दिने।

१३. देशभित्र रहेको विज्ञान तथा प्रविधिसँग सम्बन्धित कुनै प्रयोगशाला वा निकायको विकासका निमित्त तोकिएबमोजिम वित्तीय वा प्राविधिक सहयोग प्रदान गर्ने।

१४. विज्ञान तथा प्रविधिसम्बन्धी उत्कृष्ट आविष्कार तथा नमुनाहरूको प्रदर्शन कक्ष स्थापना गर्ने।

१५. प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरू गर्ने गराउने।

**३.१२.३ आर्थिक वर्ष २०७८/७९ मा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा सम्पादन भएका कार्यहरुः**

१. जंगली खाद्यफलको मुल्य अभिबृद्धि गर्ने उद्देश्यले अमला, गुंयेलो र किमुको फलको जुसको एन्टिअक्सिडेन्ट क्षमता परीक्षण गरको र नेपालका जंगली खाद्य फल (*Wild Edible Fruits of Nepal*) सम्बन्धी पुस्तक प्रकाशन गरिएको

२. जडिबुटी सम्बन्धी बृहत जानकारीको लागि भाग–१ किताब लेखिएको

३. से–फोक्सुन्डो राष्ट्रिय निकुन्ज, डोल्पाका ३० वटा हिमचितुवाका दिशाका नमुनाहरुको fragment analysis गरिएको।

४. लालीगुराँसको १२ वटा ढुसीहरुको कल्चर गरी २ वटा ढुसीका नमूनाहरुको मूसाहरुमा विषाक्तता परीक्षण गरिएको ।

५. १२४ वटा गोब्रे सल्लाका पातका नमुनाहरु संकलन गरी ती मध्ये १० वटाको DNA extraction गरिएको

६. Cladia aggregate को LCMS को विधिबाट ५ वटा compound पहिचान गरेको ।

७. जडिबुटीहरु (plumeria rubra, nycthanthus arbortritis, tagetes erecta, lindera nitseana) बाट सुगन्धित तेल निकाली गुणस्तर मापन गरिएको

८. १७ वटा जंगली वनस्पतिहरुका वीउहरु संकलन, भण्डारण गरी परीक्षण viability गरिएको ।

९. ३ वटा अति शुक्ष्म वस्तुहरुको संश्लेषण गरी त्यसका गुणहरुको परीक्षण र उपयोगिताहरुको अध्ययन गरिएको ।

१०. सप्तरी जिल्लाको सुरुङ्गा र गोर्खाको सिरानचोक, जौबारीमा च्याउको वीउ उत्पादन गर्ने प्रयोगशालाको स्थापना र संचालन गरी ६०० र ३४० प्याकेट कन्ये च्याउको वीउ उत्पादन गरी कृषकहरुलाई वितरण गरिएको। स्थानीयलाई च्याउ खेती तालिम प्रदान गर्नुका साथै जौबारीमा सिताके च्याउ उत्पादन फार्म स्थापाना गरिएको ।

११. जलवायु परिवर्तन सम्बन्धी उपलब्ध प्रकाशनहरु केन्द्र एवं CDP मा अद्यावधिक गर्नुका साथै उपलव्ध प्रकाशनहरु online-catalogue (http://librarycatalog.ncckmc.nast.gov.np/) मा राखिएको ।

**१२. निम्नानुसार विश्लेषणात्मक सेवा (Analytical Service) प्रदान गरिएको**

- ६५० वटा सुन्तलाका नमूनाहरुको HLB रोग परीक्षण
- ९०० वटा पानीका नमूनाहरुको परीक्षण
- १२६ वटा (रसायन, खाद्यवस्तु आदी) को नमूनाहरु परीक्षण
- ३० वटा नमुनाहरूको DNA sequencing

१३. वायोडिजेल निर्माण गरी इन्जिनमा, fuel property परीक्षण गरिएको ।

१४. वायोचार उत्पादन गरी फोफेट र नाइट्रोजनको स्तर घटाउन बागमती नदीको पानीमा वायोचार सम्पन्न गरिएको ।

१५. राष्ट्रिय नवप्रवर्तन सुचांक र ढाँचा तयार भएको ।

**१६. निम्नानुसार वृत्तिहरू प्रदान गरिएको**

- ११ जनालाई सहायक अनुसन्धान वृत्ति (ARF)
- १ जनालाई अनुसन्धान वृत्ति (RF)
- ९ जनालाई अनुसन्धान सहायक वृत्ति (RA)
- ५ जनालाई विद्यावारिधी शोधवृत्ति
- १० जनालाई अनुसन्धान अनुदान प्रदान
- २२ जनालाई तोकिएको विधामा स्नातकोत्तर शोध अनुदान प्रदान

१७. १३ वटा विधाका १९ जनालाई विज्ञान तथा प्रविधि सम्बन्धी पुरस्कार प्रदान गरिएको ।

१८. १२ वटा संस्थालाई आर्थिक सहयोग, १ ओटा संस्थालाई अन्तर्राष्ट्रिय जर्नल प्रकाशन शुल्क र ३० वटा जर्नल कृति प्रकाशन प्रोत्साहन पुरस्कार प्रदान गरिएको ।

१९. अन्तर्राष्ट्रिय ३ वटा र राष्ट्रिय १५ वटा संघसंस्थाहरुसँग समझदारी पत्र (MoU) मा हस्ताक्षर भएको ।

## ३.१३ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

### ३.१३.१ परिचयः

घट्नाहरुको सत्य तथ्य पत्ता लगाउन भौतिक प्रमाणको प्रशोधन गर्ने उद्देश्यले विश्वका विभिन्न देशहरुमा सुविधा सम्पन्न विधि विज्ञान प्रयोगशाला स्थापना गरिएको हुन्छ। नेपालमा पनि आधुनिक किसिमको साधन सुविधा सम्पन्न, स्वतन्त्र विधि विज्ञान प्रयोगशालाको आवश्यकता महसुस गरी सन् १९८३ मा कानुन सुधार आयोगको सिफारिसबमोजिम सर्वप्रथम नेपालमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना भई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) अन्तर्गत सन् १९८६-१९९५ सम्म सञ्चालन भएको पाइन्छ। सन् १९९५-२००० सम्म राष्ट्रिय विधि विज्ञान प्रयोगशाला कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय अन्तर्गत सञ्चालनमा रहयो भने हाल नेपाल सरकारको निर्णय बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत स्वतन्त्र संस्थाको रूपमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सञ्चालनमा रहेको छ।

### ३.१३.२ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कार्यविवरणः

१. विधि विज्ञान (Forensic Science)सँग सम्बन्धित विभिन्न विषय क्षेत्रहरूमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने,

२. अपराध अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुर्याउन विभिन्न भौतिक प्रमाणहरू (Physical Evidences) विषादी, लागू औषध, डि.एन.ए., वन्यजन्तुका अखेटोपहार विवादित लिखत आदिको वैज्ञानिक परीक्षण गर्ने,

३. अदालतबाट माग भएका विवरण उपलब्ध गराउने वा विशेषज्ञलाई अदालतमा उपस्थित गराई बयान वा बकपत्र गराउने,

४. प्रयोगशालाको सेवा प्राप्त सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्थामा कार्यरत व्यक्तिलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने,

### ३.१३.३ आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाद्वारा सम्पादन भएका कार्यहरु:

१. विधि विज्ञान सम्बन्धी परीक्षणका लागि प्रहरी तथा अदालत लगायतबाट प्राप्त भएका ६ सय ८० केशका २ हजार ३ सय ५ नमूनाहरूको परीक्षण गरी परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा संप्रेषण

२. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्रदान गरिने सेवालाई विकेन्द्रित गर्न लुम्बिनी प्रदेशको रुपन्देहीमा विधि विज्ञान प्रयोगशाला स्थापना,

३. DNA Kits, Forensic Voice Analysis System, Electric Transformer लगायतका प्रयोगशाला सामग्री तथा तथा उपकरण खरिद प्रक्रियामा रहेको,

४. विभिन्न रिक्त पदहरूको अन्तरवार्ता नतिजा प्रकाशन भई तालिमका लागि आवश्यक व्यवुथा भएको,

## ३.१४ वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय

### ३.१४.१ परिचयः

विश्वमा अन्तरिक्ष विजयको महा-अभियानको प्रारम्भ सँगै चन्द्रमा तथा अन्य आकाशीय पिण्डहरू लगायत अन्तरिक्षको अन्वेषण तथा शान्तिपूर्ण प्रयोग सम्बन्धी सन्धि-सम्झौतामा नेपाल १६ अक्टोवर १९६७ मा पक्ष राष्ट्र रहन गएको सन्दर्भमा नेपालमा प्लानेटेरियम, बेधशाला तथा विज्ञान सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा विकास गरी जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारमा अभिबृद्धि गर्न, खगोल विज्ञान, खगोल भौतिक विज्ञान, अन्तरिक्ष विज्ञान तथा ज्योर्ति विज्ञानमा अध्ययन अनुसन्धान गर्न, विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई जनमानसमा प्रवाहित गर्न विकास समिति ऐन, २०१३ बमोजिम वी.पी. कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरेभटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको स्थापना भएको हो ।

### ३.१४.२ वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको कार्यविवरणः

१. बेधशाला, प्लानेटेरियम तथा विज्ञान सङ्ग्रहालयको स्थापना एवम् सञ्चालन।

२. खगोल एवम् अन्तरिक्ष विज्ञानमा अध्ययन अनुसन्धान गर्ने गराउने।

३. राष्ट्रिय अन्तरिक्ष विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको स्थापना गर्ने।

४. आम जनमानस र विद्यार्थीहरूमा विज्ञानको प्रवर्द्धन गर्ने तथा आम जनमानसमा पुर्याउनलाई राष्ट्र विकासमा सहयोग गर्ने।

**३.१४.३ आर्थिक वर्ष २०७८/७९ मा वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयद्वारा सम्पादन भएका कार्यहरुः**

१. साइन्स सिटीको विस्तृत अध्ययन अनुसन्धानको कार्य सम्पन्न भएको,

२. विज्ञान संग्रहालय परिसरमा ८१८ फीट कम्पाउण्ड वाल स्टील फेन्सिङ निर्माण कार्य सम्पन्न भएको,

३. जनमानसमा बैज्ञानिक चेतना तथा संस्कारको प्रादुर्भाव गर्न नेपाल टेलिभिजनबाट पाक्षिक रूपमा आजको विज्ञान नामक कार्यक्रम संचालन भइरहेको,

४. अन्तराष्ट्रिय स्तरको जर्नल Scientific World Volume १५, तथा २०७९ को Astronomical क्यालेन्डर प्रकाशन भएको,

५. विज्ञान संग्रहालय सर्वसाधारणको लागि खुला रहेको र स्कूल कलेजका विद्यार्थीहरुको समूह र सर्वसाधारणहरूले निरन्तर रुपमा विज्ञान संग्रहालयको अध्ययन भ्रमण गरी लाभ लिइरहेका,

६. नगरकोट राष्ट्रिय वेधशालाबाट स्नातकोत्तर तथा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुले निरन्तर रुपमा अनुसन्धान कार्य गरिरहेका,

## ३.१५ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

### ३.१५.१ परिचयः

दोस्रो विश्वयुद्ध पश्चात विश्वलाई आपसी शान्ति मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र संघको बहुआयामिक पहल मध्ये विश्व शान्तिमा शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान सशक्तिकरण र विकास गर्ने उद्देश्य सहित विशिष्टिकृत संस्थाको रूपमा स्थापित युनेस्को संयुक्त राष्ट्र संघको विशिष्टकृत संगठन हो। यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो। यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ। सन् १९५३ देखि नेपाल युनेस्कोको सदस्य भएको हो।

युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोग मार्फत सरकार र युनेस्को बीच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्ध गर्ने गराउने साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन्। नेपाल

पनि उक्त संगठनको सदस्य राष्ट्र भएकोले यसै सन्दर्भमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो। युनेस्कोको प्रधान कार्यालयसंग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरुलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली दुतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिको रुपमा कार्य गर्न तोकिएको छ।

### ३.१५.२ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्यः

१. शैक्षिक, बैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमको माध्यमबाट नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकासमा सहयोग पुर्याउनु,

२. शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने,

३. आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा परिचित गर्ने गराउने,

४. युनेस्कोको उद्देश्य एवम् कार्यक्रमहरूको प्रचारप्रसार गरी सर्वसाधारण समक्ष पुर्याउने,

५. युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवम् कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुर्याउने,

६. आयोग अन्तर्गत गठन हुने विभिन्न विषय तथा विशेष समिति, युनेस्को क्लवहरूको राष्ट्रिय महासंघ र युनेस्को सम्बद्ध परियोजना सञ्जाल (ASPnet) हरूको समन्वय र सहकार्यमा सहयोग पुर्याउने,

### ३.१५.३ आर्थिक वर्ष २०७८/७९ मा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगद्वारा सम्पादन भएका कार्यहरुः

१. युनेस्कोका नवप्रर्वतनहरूको प्रचार प्रसार सम्बन्धी क्रियाकलाप सञ्चालनः युनेस्कोका उद्देश्य, आदर्श तथा अवधारणाहरूलाई स्थानीय तहसम्म पुऱ्याउने, युनेस्कोका नविनतम अवधारणाहरूको प्रचार प्रसार गर्ने **Global Citizenship Education** को अवधारणा र सरोकारवाला पक्षहरूको भूमिकाको वारेमा जानकारी गराउने लगायतका उद्देश्यले युनेस्कोका विषयक्षेत्र र क्रियाकलापहरूका सम्बन्धमा स्थानीय सरोकारवालाहरुमा सचेतना अभिवद्धि गर्न र युनेस्कोका नविनतम अवधारणाहरू स्थानीय तहसम्म प्रचार गरिएको,

२. दिगो विकासका लागि शिक्षा सम्बन्धी क्रियाकलापको प्रवर्द्धन गर्ने उद्देश्यले सरोकारवालाहरू बिच रौतहटको चन्द्रपुर नगरपालिका, सिराहा नगरपालिका र दोलखाको चरिकोट नगरपालिकामा दुईदिवसीय कार्यशाला गोष्ठीको सञ्चालन गरिएको,

३. सांस्कृतिक सम्पदा (भौतिक/अभौतिक) संरक्षण एवम् सम्बर्द्धनमा युवा अभियान विषयमा बाराको गढीमाई, भक्तपुरको चागुनारायण, खोटाङको हलेसी र नवलपरासीको मौलाकालिका क्षेत्रमा अभिमुखीकरण कार्यक्रम सञ्चालन,
४. विज्ञान तथा प्रविधिसंग सम्बन्धित बाल प्रतिभा खोजी कार्यक्रम अन्तर्गत भक्तपुरमा राष्ट्रिय प्रतियोगिता सम्पन्न गरिएको,
५. भुमण्डलीय नागरिक शिक्षा तथा जलवायु परिवर्तन शिक्षालाई स्थानीय तहसम्म पुर्याउन सचेतनामूलक कार्यशाला गोष्ठी सञ्चालन गरिएको,

## ३.१६ केशर पुस्तकालय

### ३.१६.१ परिचयः

केशर सम्शेरले आफ्नो निजी पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गरेपछि वि.सं. २०२६ सालदेखि केशर पुस्तकालयको रूपमा सञ्चालन हुँदै आएको छ। यो पुस्तकालय हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत एक सरकारी पुस्तकालयको रूपमा सञ्चालन भैरहेको छ। उक्त पुस्तकालयमा महत्वपूर्ण पुस्तक, कागजात तथा अन्य महत्त्वपूर्ण संकलनहरू रहेका छन्।

### ३.१६.२ आर्थिक वर्ष २०७८/७९ मा केशर पुस्तकालयद्वारा सम्पादन भएका कार्यहरुः

१. नयाँ पुस्तकहरुको Acquision, Accessioning, Classification & Cataloguing सम्बन्धी कार्य गरिएको,
२. पुस्तकहरूको संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्य गरिएको,
३. प्रि फ्याव भवनमा सारिएका न्यू कलेक्सनका पुस्तक र जर्नलहरू पुस्तकालय विज्ञानको नियमानुसार सेलभिङ्ग कार्य गरिएको,
४. पुस्तकालयमा रहेका फोटोहरू तथा पुरातात्विक वस्तुहरूको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सहकार्यमा संरक्षण र सम्बर्द्धनको लागि मर्मत सम्बन्धी कार्य र पुराना पुस्तकहरूको सरसफाई कार्य गरिएको,
५. ई -पुस्तकालय सफ्टवेयरमा e -Resource हरू अपलोड गरिएको,
६. पुस्तकालयमा रहेका महत्वपूर्ण पुस्तकहरूको Digitization सम्बन्धी कार्यहरू गरिएको,

७. पुराना तथा महत्वपूर्ण पठन सामग्रीहरुको साथै पत्रपत्रिकाहरूको वाइन्डिङ्ग गरी पुस्तकालय विज्ञानको नियमानुसार व्यवस्थापन गरिएको,

८. पुस्तकालयमा भौतिक रुपमा पाठक सेवा तथा अनलाईन पाठ्यसामग्री खोज्न सहज पहुँचका लागि निःशुल्क इन्टरनेट सेवा प्रदान गरिएको,

## ३.१७ डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय

### ३.१७.१ परिचयः

डा. डिल्लीरमण रेग्मीले आफ्नो अध्ययन अनुसन्धानको क्रममा संकलन गरेका पुस्तक, पत्रपत्रिका साथै पुरातात्विक वस्तुको संकलनलाई वि.सं. २०३७ सालमा आफ्नो निजि पुस्तकालय संग्रहालय र भवनहरु नेपाली जनतालाई अध्ययन अनुसन्धान गर्न पाउने गरी आफ्नो शेषपछि नेपाल सरकार शिक्षा मन्त्रालयलाई बकस पत्र गरिदिनु भएको थियो। उहाँको इच्छानुसार उहाँको देहबसान पछि नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा "डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति" गठन (आदेश) २०६० जारी गरी सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय समितिको व्यवस्था गरिएको छ। वि सं २०६१ साल पुष ३ गतेबाट यो पुस्तकालय सर्वसाधारणका लागि खुला गरिएको हो। हाल यस पुस्तकालयमा ३५ हजार भन्दा बढी पुस्तक पत्रपत्रिका र जर्नलहरु रहेका छन्।

### ३.१७.२ आर्थिक वर्ष २०७८/७९ मा डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयद्वारा सम्पादन भएका कार्यहरुः

१. डा. डिल्लीरमण रेग्मीको १०९औं जन्मजयन्ती कार्यक्रमको उपलक्ष्यमा ८३० थान नयाँ पुस्तक खरिद गरिएको र ९४ थान उपहार प्राप्त भएको।

२. यस अवधिमा ४,५७५ जनालाई पुस्तकालय सेवा प्रदान गरिएको।

३. डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तराष्ट्रिय शान्ति पुरस्कार २०७८ प्रदान गरिएको।

## ३.१८ नेपाल राष्ट्रिय पुस्तकालय

### ३.१८.१ परिचयः

नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना नेपाल सरकारबाट वि.सं. २०१३ साल पुस महिनामा भएको थियो। सर्वप्रथम राजगुरु हेमराज पाण्डेको निजी पुस्तकहरू खरीद गरेर पुस्तक सङ्कलन

कार्य सुरू गरिएको थियो। त्यस समयमा यो पुस्तकालय सिंहदरबार भित्रको सिक्री ढोका भन्ने भवनमा रहेको थियो। सिंहदरबारमा रहेको केन्द्रीय सचिवालयको पुस्तकालय गाभेर यसलाई अझ ठूलो बनाइएको थियो। वि.सं.२०१७ सालमा यसलाई सिंहदरबारबाट हरिहर भवनमा सारिएको थियो भने हाल सानोठिमी, भक्तपुरमा रहेको छ।

### ३.१८.२ आर्थिक वर्ष २०७८/७९ मा नेपाल राष्ट्रिय पुस्तकालयद्वारा सम्पादन भएका कार्यहरु

१. नेपाल राष्ट्रिय पुस्तकालयबाट ३०० थान नयाँ पुस्तक खरिद गरिएको,

२. पुस्तकहरूको डिजिटल आर्काइभिङ्ग सम्बन्धी कार्य गरिएको,

३. ९० ओटा शीर्षकलाई ISSN( International standard Serial Number) प्रदान गरिएको,

४. पुस्तकहरूको Accessioning, Cataloguing & Classification कार्य भइरहेको,

खण्ड चार

# समस्या तथा चुनौतीहरू र समाधानका लागि भएका प्रयास

## ४.१ समस्या तथा चुनौतीहरूः (समग्रमा)

१. संघीय शिक्षा सम्बन्धी ऐन कानुन जारी भई नसकेकोले तीनै तहका सरकार बीचको जिम्मेवारीको स्पष्टता हुन बाँकी,

२. शिक्षक दरवन्दी मिलानको कार्यान्वयन पश्चात नपुग हुने विषयगत शिक्षक दरबन्दी सृजना गर्न नसकिनु,

३. स्थानीय तथा प्रदेश तहबाट शैक्षिक तथ्याङ्क संकलन तथा प्रतिवेदन हुन कठिनाइ,

४. शैक्षिक क्षेत्रमा जनशक्ति व्यवस्थापन, वृत्तिविकास र प्रोत्साहन व्यवस्था गर्न नसकिनु,

५. कोभिड १९ का कारण भएको शैक्षिक क्षति परिपूरणका लागि वैकल्पिक पद्धतिबाट शिक्षण सिकाइ कार्यक्रम सञ्चालनको प्रयत्न भएतापनि सवै बालबालिकाको पहुँचमा इन्टरनेट कनेक्टिभिटी नहुनु र सिकाइका लागि सहयोगी अन्य सञ्चारका माध्यमको पहुँच नभएका स्थानका बालबालिकालाई शैक्षिक सेवा प्रदान गर्न कठिनाइ हुनु,

६. विद्यालय क्षेत्र विकास कार्यक्रम पश्चातको लागि विकास भइरहेको १० वर्षे शैक्षिक योजना र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्र विकास योजना तर्जुमा र कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीको मोडालिटि विकास र कार्यान्वयन,

७. विद्यालय शिक्षक कितावखानालाई राष्ट्रिय कितावखानामा एकीकृत गर्ने निर्णय भएतापनि कार्य प्रकृति र सेवाग्राही फरक भएकोले एकीकृत रूपमा सेवा सञ्चालनमा अन्यौलता रहेको,

८. स्रोतको सुनिश्चितता नगरी स्थानीय तहबाट थप विद्यालयको अनुमति दिइदा संघीय तहमा आर्थिक दायित्व बढ्नु,

९. संघीयता कार्यान्वयनमा आउनु पूर्वको अनुगमन संयन्त्र अस्तित्वमा नरहेको र नयाँ भरपर्दो/प्रभावकारी संयन्त्र निर्माण र परिचालन गर्ने प्रबन्ध हुन नसक्नु ,

१०. साक्षर नेपाल घोषणा कार्यक्रम अझै पूरा नहुनु,

११. आवश्यकता अनुसार प्राविधिक विषय पढाउने प्रशिक्षक, शिक्षकको दरबन्दी

व्यवस्थापन,

१२. विद्यालयमा नियमित रूपमा शिक्षण सिकाइको सुपरीवेक्षण गरी पृष्ठपोषण उपलब्ध गराउने लगायतका कार्य व्यवस्थित हुन नसकेको,

१३. विगतमा सवै जिल्लामा शिक्षकलाई तालिम दिने संयन्त्र रहेकोमा संघीयता कार्यान्वयन पश्चात शिक्षक तालिम तथा क्षमता विकास सञ्चालनमा कठिनाई हुनु,

१४. त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रलाई राष्ट्रको आवश्यकताका विविध विषयमा अनुसन्धान गर्ने उत्कृष्ठता केन्द्रकोरुपमा विकास गर्न नसक्नु,

१५. उच्च शिक्षामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीको प्रभावकारी कार्यान्वयन नहुनु।

१६. नेपाल सरकारको घोषित नीति अनुसार स्थापना हुने विश्वविद्यालय तथा मेडिकल कलेजहरुको जग्गा प्राप्ति, गुरुयोजना निर्माण, डिपिआर तयारी, पुर्वाधार विकास कार्य र यसका लागि लगानी जुटाउने कार्यमा कठिनाइ हुनु,

१७. उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, विद्यालय शिक्षा र अनौपचारिक शिक्षामा राष्ट्रिय योग्यताप्रणालीको कार्यान्वयनका लागि संयन्त्र विकास र स्रोत व्यवस्थापनमा समस्या,

१८. प्राविधिक शिक्षालयहरुको लागि आधारभूत भौतिक पूर्वाधार निर्माण, उपकरण, प्रविधि र दक्ष प्रशिक्षक तथा जनशक्तिको प्रवन्ध गर्न नसकिनु,

१९. व्यक्तिको रुची र श्रम बजारको आवश्यकताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपविकास तालिममा पहुँच विस्तार नहुनु,

२०. राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप (NVQS) विस्तृतीकरण र कार्यान्वयन गर्न नसकिनु।

## ४.२ समस्या तथा चुनौतीहरूः (आयोजना/कार्यक्रम सम्बद्ध)

१. तोकिएको समयमा तोकिएका माइलस्टोनहरूको काम सम्पन्न हुन नसक्नु ।

२. वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको समयमै प्रगति प्रतिवेदन प्राप्त नहुनु ।

३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका कार्यक्रमहरू समयमा नै सम्पन्न हुन नसक्नु।

४. पूँजीगत खर्च लक्ष्य अनुसार नहुनु ।

५. भौतिक प्रगति भएका कार्यक्रममा अपेक्षितस्तरमा वित्तीय प्रगति हुन नसक्नु ।

६. प्रतिवेदन गर्ने कार्यमा सुधार आए पनि अझै स्वतस्फूर्त रूपमा समयमै प्रतिवेदन हुन नसक्नु ।

७. संरचनात्मक तयारी (जग्गा प्राप्ति, समिति गठन, कानूनी आधार निर्माण) सम्बन्धी कार्यहरू समयमा सम्पन्न नहुनु,

## ४.३ रुपान्तरणकारी आयोजनाका समस्याहरूः

१. छुट्टै कार्यक्रम, वजेट वा कार्यन्वयन संयन्त्र नभएको,

२. विभिन्न निकायबाट सञ्चालन भएको,

३. सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच पुर्याउन स्रोतको सुनिश्चितता नभएको,

## ४.४ समस्या समाधानका लागि गरिएका कार्यहरु/प्रयासहरुः

१. उच्च तह व्यवस्थापन समूह बैठक (SMT Meeting) मा छलफल र समीक्षा गर्ने गरिएको

२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठकमा छलफल एवम् समीक्षा गर्ने गरिएको,

३. समस्या समाधानका लागि समन्वयात्मक कार्य गर्ने गरिएको,

४. निकायहरूलाई प्रभावकारी कार्यान्वयनको लागि निर्देशन एवम् सहजीकरण गर्ने गरिएको,

५. मन्त्रालयस्तरबाट समाधानमा कठनाई हुने विषयलाई राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकमा पेस गरिएको,

६. बैठकका निर्णयहरूलाई जानकारी तथा आवश्यक कार्यान्वयनका लागि सम्बद्ध तथा मातहतका निकायहरूमा पठाइएको,

७. निरन्तर प्रतिवेदन गर्ने, फलोअप गर्ने तथा पृष्ठपोषण लिने दिने कार्य गरिएको,

अनुसूची-१

# २०७८/०७९ माइलस्टोको निकायगत समग्र प्रगति विवरण

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २१४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रीत गरिनेछ। तीन वर्षभित्र सबै तहका सामुदायिक विद्यालय र क्याम्पसको कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी तथा शौचालयलगायत वैकल्पिक सिकाई विधि अनुकूलका भवन तथा पूर्वाधार निर्माण गरिनेछ। आगामी वर्ष प्राथमिकताको आधारमा१ हजार ५ सय सामुदायिक विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरिनेछ। यस कार्यक्रमको कार्यान्वयनबाट शैक्षिक पूर्वाधार निर्माणमा क्रान्तिकारी परिवर्तन हुने, देश सुहाउँदो दक्ष जनशक्ति उत्पादन गरी सामाजिक न्याय सहितको आर्थिक-सामाजिक रुपान्तरण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागिरु.८८७७१ लाख विनियोजन गरिएको। (**परिमार्जित बजेटका आधारमा प्रस्तावित कार्यविधि स्वीकृति पश्चात विद्यालय छनौट र निर्माण कार्य गर्ने गराउने**) | सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास तथा गुणस्तर सुधार गर्ने। | सार्वजनिक विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधारका लागि प्रविधि तथा पूर्वाधार विकासको विस्तृत अध्ययन र योजना तयारी | सम्पन्न | शिमास्रोविके |
| | | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि परिमार्जन | सम्पन्न | शिमास्रोविके |
| | | | विद्यालय भवनको प्रोटोटाइप डिजाइन तयारी | सम्पन्न | शिमास्रोविके |
| | | | ३०७६ वटा कक्षा कोठा निर्माण गर्न सार्वजनिक विद्यालय छनौट र बजेट निकासा | सम्पन्न | शिमास्रोविके |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने। | डिजिटल सिकाइ केन्द्र स्थापना, व्यवस्थापन तथा सञ्चालन सम्वन्धी विस्तृत प्राविधिक मार्गदर्शनको तयारी | सम्पन्न | शिमास्रोविके |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | डिजिटल सिकाइ केन्द्र सञ्चालन सहजीकरणका लागि जनशक्ति व्यवस्थापन | डिजिटल सिकाइ केन्द्र सञ्चालन प्रदेशस्तरमा हुने। प्रदेशमा वित्तीय हस्तान्तरण भई कार्यक्रम कार्यान्वयनको प्रक्रियामा रहेको । | शिमास्रोविके |
| | | | डिजिटल सिकाइ केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास | प्रदेशमा वित्तीय हस्तान्तरण भई कार्यक्रम कार्यान्वयनको प्रक्रियामा रहेको । | शिमास्रोविके |
| | | | सिकाइ सहजीकरणका निमित्त मोवाइल एप्स विकास तथा प्रयोग | बजेट तथा कार्यक्रम परिमार्जन हुँदा यो कार्यक्रम हटेको। | शिमास्रोविके |
| | | सात ओटै प्रदेशका शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना गर्ने। | डिजिटल सिकाइ केन्द्रको स्थापना विकास तथा सुदृढीकरणका लागि आवश्यक यन्त्र उपकरण, सूचना प्रविधि प्रयोगशाला लगायतको व्यवस्थापनका लागि वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके/प्रदेश सामाजिक विकास मन्त्रालय |
| | | | Digital Learning सञ्चालन तथा व्यवस्थापनका गर्न प्राविधिक जनशक्ति व्यवस्थानका लागि वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके/प्रदेश सामाजिक विकास मन्त्रालय |
| | | | डिजिटल सिकाइ सामग्री व्यवस्थापन (इ लाईब्रेरी)का लागि वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके/प्रदेश सामाजिक विकास मन्त्रालय |
| | | प्राविधिक शिक्षाको पहुँच विस्तार गर्ने। | प्राविधिक शिक्षाको पहुँच विस्तार तथा ल्याव सहितको यन्त्र उपकरण व्यवस्थापनका लागि (स्पेसिफिकेशन सहित) विद्यालय छनौट र वित्तीय हस्तान्तरण। | सम्पन्न | शिमास्रोविके |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | डिजिटल पुस्तकालय तथा आइटी ल्याव व्यवस्थापन गर्ने | सिकाइसँगै कमाइ कार्यक्रम सञ्चालनमा विद्यालयहरुका लागि सहयोग कार्यक्रम (परीक्षणको रुपमा)का लागि विद्यालय छनौट र वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | | २२१८ वटा सामुदायिक विद्यालयमा डिजिटल पुस्तकालय व्यवस्थापनका लागि(स्पेसिफिकेशन सहित) विद्यालय छनौट र वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | | २२१८ वटा सामुदायिक विद्यालयमा आईटी ल्याव व्यवस्थापन (प्रोजेक्टर,स्मार्ट वोर्ड, टिभीसेटलगायतका सामग्री ) का लागि ( विद्यालय छनौट, स्पेसिफिकेशन तयारी तथा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २१५ | आगामी शैक्षिक सत्रमा आधारभूत तहमा विद्यार्थी भर्नादर शतप्रतिशत पुर्याई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरिने। गुरूकुल, मदरसा र गुम्वा जस्ता परम्परागत शिक्षा विधिलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गर्ने। | छात्रवृत्ति वितरण गर्ने । | छात्रवृत्तिका लागि वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | निःशुल्क पाठ्यपुस्तकको वितरण गर्ने । | निःशुल्क पाठ्यपुस्तकका लागि वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | परम्परागत विद्यालयलाई सञ्चालन अनुदान उपलब्ध गराउने । | स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |

| बजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २१६ | प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रू. १५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइनेछ। नेपाल सरकारले हाल उपलव्ध गराउदै आएको मासिक पारिश्रमिकमा वृद्धि गरी रू. ८ हजार पुर्याएको छु। न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने व्यवस्था मिलाइनेछ। | बालविकास शिक्षक र विद्यालय कर्मचारीका लागि तलब उपलब्ध गराउने । | प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीका लागि संघीय सरकारले व्यहोर्ने रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २१७ | बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिकसत्र पूरा नगरी बीचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवाखाजा कार्यक्रम सञ्चालन गर्ने। | कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउने। | स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २१८ | शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षकको दरवन्दी मिलान गरिने। प्राथमिक तहमा बढी हुने दरवन्दी माध्यमिक तहमा रुपान्तरण गरी बढी भएको दरवन्दी खारेज गरिने। माध्यमिक तहका विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक व्यवस्था गर्ने। | दरवन्दी मिलानमा सहजीकरण गर्ने । | दरवन्दी मिलान कार्य जारी राख्ने | खुद पुलमा रहेका स्थानीय तहबाट थप हुने स्थानीय तहमा दरवन्दी स्थानान्तरण गर्ने क्रममा १३६२ खुद पुल दरवन्दी स्थानान्तरण भएको। साथै जिल्ला र स्थानीय तहबाट स्थानान्तरण भएका १०४ समेत गरी हालसम्म कूल जम्मा १४६६ खुद पुल दरवन्दी स्थानान्तरण भएको । | शिमास्रोविके/ स्थानीय तह |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | दरवन्दी मिलान योजना अनुसार माथिल्लो तहमा रुपान्तरण हुने दरवन्दीलाई थप हुने स्थानीय तहमा वितरण | दरवन्दी मिलान योजना अनुसार माथिल्लो तहमा दरवन्दी थप हुने विद्यालयका लागि तल्लो तहको दरवन्दी कटौती हुने अवस्था भएमा थप हुने दरवन्दी बरावरको तल्लो तहको दरवन्दीलाइ पुल कायम गरिएको । | शिमास्रोविके |
| | | | शून्य दरवन्दी र एक मात्र दरवन्दी भएका माविलाई विज्ञान, गणित र अंग्रेजी शिक्षक व्यवस्था गर्न शिक्षण सहयोगका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २१९ | आगामी दुई वर्षभित्र सबै सामुदायिक विद्यालयमा निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा पुर्याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको अन्तसम्ममा मुलुकभरका ६० प्रतिशत विद्यालयमा सेवा विस्तार गरिने। | सबै माध्यमिक विद्यालय र आधारभूत तह (कक्षा ६-८) का विद्यालयलाई इन्टरनेट शुल्क उपलब्ध गराउने । | इन्टरनेट शुल्कका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | थप १०१२ विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने । | सूचना प्रविधि प्रयोगशाला स्थापना गर्नका लागि विद्यालय छनौट | सम्पन्न | शिमास्रोविके |
| | | | स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २२० | वैकल्पिक शिक्षण सिकाइ कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिने। विद्यालय जान नपाएका विद्यार्थीलाई लक्षित गरी सिकाई पोर्टलको विकास तथा नेपाल टेलिभिजन मार्फत शैक्षिक च्यानल सञ्चालन गर्ने व्यवस्था मिलाउने। | श्रव्य तथा श्रव्यदृष्य पाठ उत्पादन गर्ने। | उत्पादन गर्न बाँकी पाठको विवरण तयारी, विषयवस्तुको नक्शांकन र पाठ्यक्रममा आधारित थप श्रव्य तथा श्रव्यदृष्य पाठ उत्पादन आरम्भ | सम्पन्न | शिमास्रोविके |

| बजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | शैक्षिक टेलिभिजन च्यानल प्रशारण गर्ने | वर्षभरी प्रशारण गरिने पाठका आधारमा नेपाल टेलिभिजनसँग सम्झौता, टेलिभिजनलाई सामग्री उपलब्धता र श्रव्यदृष्य पाठ प्रशारण आरम्भ | सम्पन्न | शिमास्रोविके |
| २२१ | सार्वजनिक विद्यालयमा कक्षा नौसम्म अध्ययन गर्ने बालबालिकालाई रङ्गीन पाठ्यपुस्तक छपाई गरी शैक्षिक शत्र शुरू हुनु अगावै निःशुल्क वितरण गरिने। कक्षा १२ सम्मका छात्रछात्रालाई निःशुल्क पाठ्यपुस्तक र छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने। | कक्षा-९का अनिवार्य विषयका पाठ्यपुस्तक वहुरंगमा विकास गर्ने। | रंगिन पाठ्यपुस्तकको मुद्रणीय प्रति तयारी | सम्पन्न | पाविके |
| | | | रंगिन पाठ्यपुस्तक छपाइ | सम्पन्न | जशिसाके |
| | | | पाठ्यपुस्तक वितरण | | जशिसाके |
| | | सबै छात्राहरूलाई सेनेटरी प्याड वितरण गर्ने । | सेनेटरी प्याडको रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| २२२ | जोखिममा परेको अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बालबालिकाका लागि ताप्लेजुङ्ग, रसुवा, मुस्ताङ, मुगु, दार्चुला लगायतका १३ हिमाली जिल्लामा माध्यमिक तहका आवासीय विद्यालय सञ्चालन गरिने। | आवासीय विद्यालय सञ्चालन गर्ने । | हाल सञ्चालनमा रहेका हिमाली तथा अन्य आवासीय विद्यालय सञ्चालनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | | थप आवासीय विद्यालय सञ्चालनका लागि छात्रवृत्ति तथा भौतिक सुबिधा विस्तार आरम्भ | १७ जिल्लाका २७८ जना वादी र HIV प्रभावित वालवालिकाहरूका लागि आवासीय छात्रवृत्ति वापत ४० हजारका दरले हुन आउने रकम सम्वन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। | शिमास्रोविके |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २२३ | चेपाङ्ग, राउटे, बादी, माझी, मुसहर लगायत आर्थिक सामाजिक रुपमा सीमान्तकृत र लोपोन्मुख समुदाय, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, द्वन्द्व पिडित, कोभिड- १९ को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्रा तथा एचआईभि एड्स संक्रमित बालबालिकाको शिक्षा प्राप्तिको अधिकारको संरक्षण गर्न छात्रवृत्ति प्रदान गर्ने। दलित, मुस्लिम महिला तथा मुक्त कमलरी महिला विद्यार्थीका लागि सबै विषयमा उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने र निःशुल्क शिक्षा सुनिश्चित गर्ने व्यवस्था मिलाउने। | लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका विद्यार्थी एवम् कोभिड- १९ को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्रा, एचआईभि एड्स संक्रमित, द्वन्द्वपिडित, अपाङ्ग, मुक्त कमलरी, राउटे वादी लगायतका विद्यार्थीका लागि छात्रवृत्ति वितरण गर्ने। | छात्रवृत्तिका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |
| | | उच्च शिक्षा अध्ययनरत मुस्लिम महिला तथा मुक्त कम्लरीलाई छात्रबृत्ति प्रदान गर्ने। | छात्रवृत्ति निर्देशिका तयार | सम्पन्न | विअआ |
| | | | छात्रवृत्ति आवेदनका लागि सूचना प्रकाशन | सम्पन्न | विअआ |
| | | | ३२० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण | अपांगता भएका, दलित तथा आर्थिक रुपले विपन्न, मुक्त कमलरी, मुस्लिम महिला विद्यार्थी, सहीद तथा द्वन्द्व पीडित परिवारका छोराछोरीलाई उच्च शिक्षा अध्ययन गर्नका लागि १५७५ जनालाई छात्रवृत्ति प्रदान गरिएको। | विअआ |
| २२४ | दृष्टिविहिन बालबालिकालाई ब्रेल पाठ्यपुस्तक लगायत आधुनिक प्रविधिको सहायताबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ। वौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय सुविधा सहित प्रत्येक प्रदेशमा एक-एक विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने। | दृष्टिविहीन विद्यार्थीलाई ब्रेल पाठ्यपुस्तक वितरण गर्ने । | ब्रेल पाठ्यपुस्तक छपाई गर्ने संस्थासँग सम्झौता | सम्पन्न | शिमास्रोविके |
| | | | ब्रेल पाठ्यपुस्तक छपाई | सम्पन्न | शिमास्रोविके |
| | | | ब्रेल पाठ्यपुस्तक विद्यार्थीलाई वितरण | सम्पन्न | शिमास्रोविके |
| | | प्रत्येक प्रदेशमा विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने। | विशेष विद्यालयको रुपमा छनौट भएका विद्यालयको भौतिक निर्माणका लागि प्रदेशमा वित्तीय हस्तान्तरण | सम्पन्न | शिमास्रोविके |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २२५ | एक विद्यालय - एक स्वास्थ्यकर्मी नीति अवलम्बन गरी विद्यालयमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ। प्रत्येक शैक्षिक सत्रको शुरूमा सबै विद्यार्थीको अनिवार्य रूपमा आँखा, कान लगायतका आधारभूत स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कार्यान्वयन गर्ने। | स्वास्थ्य सचेतना अभिवृद्धि र विद्यार्थीको आधारभूत स्वास्थ्य परीक्षण गर्ने। | विद्यालय नजिकको स्थानीय स्वास्थ्य संस्थाबाट शैक्षिक सत्रको शुरुमा विद्यार्थीको स्वास्थ्य परीक्षण | विद्यालयको संयोजन र स्थानीय तहमा भएका स्वास्थ्य सँस्थाहरूसँगको समन्वयमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण भइरहेको । | स्थानीय तह र प्रदेश सा वि मन्त्रालय |
| २२६ | माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद र सङ्गीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गर्ने। | विद्यालयमा सह/अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । | विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सह तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी विषयवस्तु थप तथा अद्यावधिक | सम्पन्न | पाविके |
| २२७ | विश्वविद्यालय अनुदान आयोगलाई राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण तथा विश्वविद्यालयको अनुगमन र नियमन गर्ने सवल र सक्षम निकायमा विकास गरिनेछ। विश्वविद्यालयलाई प्रदान गरिने अनुदान कार्यसम्पादनमा आधारित बनाइनेछ। विश्वविद्यालयअनुदान आयोग मार्फत वितरण हुने अनुदान वृद्धि गरी रू १८ अर्ब १८करोड विनियोजन गरिएको। | राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड निर्धारण गर्ने। | राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड तयारी | राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगबाट नै कार्य शुरु गर्ने गरी आयोग बाट निर्णय भएको। राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड तयारीका लागि समिति गठन भएको। | विअआ |
| | | मापदण्ड अनुसार योग्यता परीक्षण गर्ने। | विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषयका उच्च शैक्षिक निकायका शिक्षकहरूको योग्यता परीक्षण प्रारम्भ | राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड निर्माण पश्चात कार्य अनुदान आयोगबाट योग्यता परीक्षणको कार्य अघि बढाइने। | विअआ |
| | | सामुदायिक क्याम्पसहरुलाई भौतिक पूर्वाधार विकास अनुदान उपलब्ध गराउने। | सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ संसोधन | सम्पन्न | विअआ |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | सामुदायिक क्याम्पसहरूको छनौट, सूचि प्रकाशन र अनुदान निकासा | सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७८ दोश्रो संसोधन बमोजिम ६० वटा लगायत ४ठ्द वटा क्याम्पसहरूलाई रू. ६४,०६,९६,३०० अनुदान निकासा गरिएको। | विअआ |
| | | क्याम्पसहरूलाई कार्यसम्पादनमा आधारित अनुदान वितरण गर्ने। | अनुदानका लागि सार्वजनिक सूचना प्रकाशन | सम्पन्न | विअआ |
| | | | अनुदान वितरण | सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७८ दोश्रो संसोधन बमोजिम ४७२ वटा क्याम्पसलाई अनुदान निकासा गरिएको। | विअआ |
| २२८ | सत्तरी प्रतिशत प्राविधिक र तीस प्रतिशत साधारण शिक्षाको अवधारणा कार्यान्वयन गरिनेछ। महोत्तरीको जलेश्वरमा इन्जिनियरिङ्ग कलेज स्थापना गरिनेछ। कृषि तथा वन विश्वविद्यालयका आङ्गिक क्याम्पस विस्तार गरिनेछ। | पहुँच नपुगेका प्रदेश तथा जिल्लाहरुमा विज्ञान तथा प्राविधिक क्याम्पसको विस्तार गर्ने। | संभाव्यता अध्ययन | सम्पन्न | विअआ |
| | | | विश्वविद्यालयबाट स्वीकृति प्रदान | सम्भाव्यता अध्ययन प्रतिवेदनको सुझाव तथा सिफारिसका आधारमा उक्त कार्यक्रम अगाडी बढ्ने चरणमा रहेको। | विअआ |
| | | विद्यमान प्राविधिक कार्यक्रहरुमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तारका माध्यमबाट लागत साझेदारीका आधारमा प्राविधिक धार विस्तार गर्ने। | ७ वटा शैक्षिक संस्थाको भौतिक संरचनाको विकास आरम्भ | सम्पन्न | विअआ |
| | | | ८ वटा प्राविधिक कार्यक्रमहरुमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तार कार्यक्रमको निरन्तरता | ७ ओटा प्राविधिक कार्यक्रमहरुमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तार गरिएको। | विअआ |

| बजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २२९ | मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय आगामी दुई वर्षभित्र सञ्चालनमा ल्याइनेछ। आगामी वर्ष विश्वविद्यालयको पूर्वाधार निर्माण प्रारम्भ गर्न बजेट व्यवस्था गरेको छु। | मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयको पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्ने। | विधेयकको मस्यौदा तयार | विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको। | मप्रौविवि विकास समिति |
| | | | भौतिक संरचना तयार गर्न जग्गा व्यवस्थापन | प्रारम्भिक प्रक्रियामा रहेको। | मप्रौविवि विकास समिति |
| | | | विस्तृत परियोजना प्रतिवेदन तयार | | मप्रौविवि विकास समिति |
| | | | वातावरणीय अध्ययन सम्पन्न | प्रारम्भिक प्रतिवेदन प्राप्त भएको। | मप्रौविवि विकास समिति |
| | | | भौतिक संरचनाको विकास प्रारम्भ | | मप्रौविवि विकास समिति |
| २३० | दुई वर्षभित्र योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याउने गरी पूर्वाधार निर्माणको कार्य प्रारम्भ गर्न बजेट छुट्याएको छु। | योगमाया आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्ने। | भौतिक संरचना तयार गर्न जग्गा व्यवस्थापन | भौतिक संरचना तयार गर्न जग्गा खरिदको कार्य प्रक्रियामा रहेको। | योआविवि विकास समिति |
| | | | विस्तृत परियोजना प्रतिवेदन तयार | | योआविवि विकास समिति |
| | | | वातावरणीय अध्ययन सम्पन्न | | योआविवि विकास समिति |
| | | | भौतिक संरचना निर्माण आरम्भ | | योआविवि विकास समिति |
| २३१ | प्रस्तावित नेपाल विश्वविद्यालयको स्थापना तथा सञ्चालनको लागि आवश्यक सहजीकरण गरिनेछ। | नेपाल विश्वविद्यालयको स्थापना तथा सञ्चालनको लागि आवश्यक सहजीकरण गर्ने। | विधेयकको मस्यौदा तयार | विधेयकको प्रारम्भिक मस्यौदा तयार भई परिमार्जनका लागि समिति गठन भएको। | शिविप्रम (उशिम) |
| | | | भौतिक संरचना तयार गर्न जग्गा व्यवस्थापन | जग्गा व्यवस्थापनका लागि छलफल भै रहेको। | शिविप्रम (उशिम) |
| | | | विस्तृत परियोजना प्रतिवेदन तयार | वातावरणीय अध्ययन कार्य भै रहेको। यस पश्चात विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्य सुरु गरिने। | शिविप्रम (उशिम) |
| | | | वातावरणीय अध्ययन सम्पन्न | वातावरणीय अध्ययन कार्य भै रहेको। | शिविप्रम (उशिम) |
| | | | भौतिक संरचना निर्माण आरम्भ | | शिविप्रम (उशिम) |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २३२ | आगामी वर्ष सुदुरपश्चिम प्रदेशको गेटामा निर्माणाधिनमेडिकल कलेज सञ्चालनमा ल्याइनेछ। बुटवलमेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। प्रदेश नं २ को बर्दिबास र कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज स्थापना गर्न जग्गा प्राप्ती र विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। | गेटा मेडिकल कलेज सञ्चालनका लागि अस्पताल सञ्चालन गर्ने। | निर्माणाधानीन अस्पताल भवन तथा सो संग सम्वन्धित अन्य भौतिक संरचनाहरुको निर्माण सम्पन्न | सम्पन्न | गेमेकपूविस/ विअआ |
| | | | आवश्यक स्वास्थ्य उपकरण खरिदको लागि बोलपत्र आव्हान | आवश्यक स्वास्थ्य उपकरणको सूचि तयार भएको। बोलपत्र आव्हानको कार्य हुन नसकेको। | गेमेकपूविस/ विअआ |
| | | | बोलपत्र मूल्याङ्कन | बोलपत्र आव्हानको कार्य हुन नसकेको। | गेमेकपूविस/ विअआ |
| | | | सामग्री खरिद | सामग्री खरिदको कार्य हुन नसकेको। | गेमेकपूविस |
| | | | आवश्यक जनशक्ति व्यवस्थापन | जनशक्ति व्यवस्थापनको कार्य हुन नसकेको। | गेमेकपूविस/ विअआ |
| | | गेटा मेडिकल कलेज सञ्चालनको कानुनी प्रारुप तर्जुमा गर्ने। | मन्त्रिपरिषद्मा विधेयकको मस्यौदा पेश | एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयकको मस्यौदा सहमतिका लागि अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको। | गेमेकपूविस/ विअआ |
| | | बर्दिबास मेडिकल कलेजको अन्तिम विस्तृत परियोजना प्रतिवेदन तयारी र जग्गा प्राप्ति गर्ने। | अन्तिम प्रतिवेदन तयार | अन्तिम प्रतिवेदन तयार भई स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालय पठाइएको। | बमेकपूनिविस /विअआ |
| | | | बर्दिबास मेडिकल कलेजका लागि जग्गा प्राप्ति | बर्दिबास मेडिकल कलेजका लागि जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको। | बमेकपूनिविस /विअआ |
| | | वुटवल मेडिकल कलेजको अन्तिम विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने। | अन्तिम प्रतिवेदन तयार | अन्तिम प्रतिवेदन तयार भई स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालय पठाइएको। | बुमेकपूनिविस/विअआ |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | वुटवल मेडिकल कलेजको जनरल हस्पिटल भवन निर्माण कार्य सञ्चालन गर्ने। | बोलपत्र/ठेक्का सूचना प्रकाशन | पुनरावलोकन सहितको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भए पश्चात बोलपत्र आव्हानको प्रक्रिया अघि बढ्ने। | बुमेकपूनिविस/विअआ |
| | | | निर्माणकर्ता छनौट तथा सम्झौता र साइट क्लियरेन्स | बोलपत्र/ठेक्का पश्चात मात्र निर्माणकर्ता छनौट तथा सम्झौता हुने तथा साइट क्लियरेन्सका लागि कार्य भैरहेको । | बुमेकपूनिविस/विअआ |
| | | | निर्माण कार्य आरम्भ | विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भए पश्चात थप कार्य अघि बढ्ने। | बुमेकपूनिविस/विअआ |
| | | सुर्खेत मेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने। | परामर्श सेवाको सूचना प्रकाशन | सम्पन्न | सुमेकपूविनिस/विअआ |
| | | | परामर्श दाता छनौट तथा सम्झौता | सम्पन्न | सुमेकपूविनिस/विअआ |
| | | | सुपरभिजन कार्य आरम्भ | सम्पन्न | सुमेकपूविनिस/विअआ |
| | | सुर्खेत मेडिकल कलेजको IEE/EIA तयारी गर्ने | सूचना प्रकाशन | सम्पन्न | सुमेकपूविनिस/विअआ |
| | | | परामर्शदाता छनौट तथा सम्झौता | सम्पन्न | सुमेकपूविनिस/विअआ |
| | | | IEE/EIA प्रतिवेदन तयार | प्रतिवेदन तयारीको कार्य भइरहेको । | सुमेकपूविनिस/विअआ |
| | | सुर्खेत मेडिकल कलेजको लागि जग्गा प्राप्ति गर्ने। | जग्गा प्राप्ति | सुर्खेत मेडिकल कलेजको गुरु योजना स्वीकृत भएको। जग्गा प्राप्तिको लागि प्रारम्भिक कार्य सुरु गरिएको। | सुमेकपूविनिस/विअआ |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २३३ | विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित बनाइनेछ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सेडा, सिनास, सेरिड र रिकास्टलाई अनुसन्धानको अग्रणी संस्थाको रूपमा विकास गर्न बजेट व्यवस्था गरेको छु। | राष्ट्रिय प्राथमिकता क्षेत्रमा अनुसन्धान गर्ने। | अनुसन्धानको कार्यविधि संसोधन | सम्पन्न | विअआ |
| | | | अनुसन्धान प्रस्ताव आह्वान | सम्पन्न | विअआ |
| | | | अनुसन्धान कार्य आरम्भ | आयोगबाट त्रिभुवन विश्वविद्यालय अन्तरगतका सेडा, सिनाम, सेरिड र रिकास्टलाई एकमुष्ट रुपमा बजेट निकासाको कार्य अन्तिम चरणमा रहेको। आयोगबाट तयार भएको अनुसन्धान कार्यविधि अनुसार उक्त संस्थाहरूमार्फत अनुसन्धान सम्बन्धी कार्यहरू सञ्चालन हुने। | विअआ |
| २३४ | स्थानीय विशेषता र आवश्यकताका आधारमा सीपयुक्त दक्ष जनशक्ति तयार गर्न सबै स्थानीय तहमा प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सम्बन्धन र सम्बन्धित स्थानीय तहको व्यवस्थापनमा प्राविधिक शिक्षालय स्थापना गर्न सशर्त अनुदान उपलव्ध गराइनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाईपाठ्यक्रम विकास, दक्ष प्रशिक्षक उत्पादन, शिक्षालयको गुणस्तर निर्धारण,सिकाई प्रमाणीकरण र नियमन कार्यमा केन्द्रीत गरिनेछ। | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायकहरूको संस्थागत पहूँच नपुगेका सबै स्थानीयतहमा प्राविधिक शिक्षा सञ्चालन गर्ने। | प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालनका लागि पूर्वाधार निर्देशिका अध्यावधिक | सम्पन्न | सिटिइभिटि |
| | | | स्थानीय तहहरूलाइ लक्षित गरी स्थानीय तहको व्यवस्थापनमा कार्यक्रम सञ्चालन गर्न प्रस्तावना माग (पटक) | सम्पन्न। | सिटिइभिटि |

| वजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | पूर्वाधार निरीक्षण प्रतिवेदनको आधारमा सम्बन्धन/स्वीकृति प्रदान आरम्भ | सम्पन्न | सिटिइभिटि |
| | | प्राविधिक शिक्षाको पाठ्यक्रम परिमार्जन, निर्माण तथा एकीकरण गर्ने। | डिप्लोमा तह, प्रि-डिप्लोमा तह र सीप विकास तालिमका पाठ्यक्रम निर्माण/परिमार्जन/एकीकरणको विषय एवं विधा पहिचान तथा छनोट | सम्पन्न | सिटिइभिटि |
| | | | उद्योगी, व्यावसायी, रोजगारदाताहरूको प्रत्यक्ष संलग्नतामा विषय विज्ञ, प्रशिक्षकहरूको सहयोगमा पाठ्यक्रम निर्माण/परिमार्जन/एकीकरण | उद्योगी, व्यावसायी, रोजगारदाताहरूको प्रत्यक्ष संलग्नतामा विषय विज्ञ, प्रशिक्षकहरूको सहयोगमा पाठ्यक्रम निर्माण/परिमार्जन/एकीकरणको यस आवको कार्य सम्पन्न भएको। | सिटिइभिटि |
| | | प्रशिक्षक/कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने। | मागको आधारमा प्रादेशिक तहमा तालिम सञ्चालन (जना) | सम्पन्न | सिटिइभिटि |
| | | छोटो अवधिको तालिम तथा पूर्व सिकाइको सीप परीक्षण तथा प्रमाणीकरण गर्ने। | छोटो अवधिको तालिम तथा पूर्व सिकाइको सीप प्रमाणीकरणका लागि सार्वजनिक सूचना प्रकाशन (पटक) | सम्पन्न | सिटिइभिटि |
| | | | देशभरी रहेका सीप परीक्षण केन्द्रहरूमार्फत सीप परीक्षण र प्रमाणीकरण आरम्भ | सम्पन्न | सिटिइभिटि |
| | | प्राविधिक शिक्षालयको गुणस्तर निर्धारण गर्ने। | गुणस्तर सुनिश्चितता मापदण्ड, २०७७ अद्यावधिक | सम्पन्न | सिटिइभिटि |

| बजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | ७ वटा नमुना शिक्षालयहरूको भौतिक पूर्वाधार विकास आरम्भ | ७ ओटै नमुना शिक्षालयहरूको भौतिक पूर्वाधार विकास जारी रहेको। कर्णाली र इलाम प्राविधिक शिक्षालयको निर्माण कार्य सम्पन्न भएको। | सिटिइभिटि |
| | | | इ-लर्निङ्ग शैक्षिक सिकाइ सामग्रीहरूको विकास आरम्भ | सम्पन्न | सिटिइभिटि |
| २३५ | इतिहासको अध्ययन, अन्वेषण र खोज गरी भौगोलिक, राजनीतिक, साँस्कृतिक एवम् सामाजिक पक्षमा प्रामाणिकता स्थापित गर्न क्रियाशील रहेको इतिहास संसोधन मण्डललाई सवल बनाउन रकम उपलब्ध गराइनेछ। काठमाण्डौको जगडोलमा युनेस्को ग्राम निर्माण गरिनेछ। | इतिहास संसोधन मण्डलको सवलीकरण गर्ने | प्रस्ताव माग र स्वीकृति | सम्पन्न | इतिहास संशोधन मंडल |
| | | | रकम निकासा | सम्पन्न | शिविप्रम(आप्र शाखा) |
| | | | प्रतिवेदन प्राप्ति | प्रतिवेदन तयारीको कार्य भइरहेको । | इतिहास संशोधन मंडल |
| | | युनेस्को ग्राम निर्माण गर्ने | युनेस्को ग्राम निर्माण आरम्भ | युनेस्को ग्राम निर्माणका लागि प्रारम्भिक कार्यहरू सुरु गरिएको। | युनेराआ |
| २३६ | समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन आवद्ध गरी वैज्ञानिक चेतना अभिवृद्धि गरिनेछ। विज्ञान र प्रविधि सम्बन्धी कार्यलाई एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्न विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषद् गठन गरिनेछ। | विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषद् गठन गर्ने। | विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषद् गठन | १० वर्षे विज्ञान प्रविधि तथा नवप्रवर्तन रणनीतिक कार्यान्वयन कार्ययोजनाको मस्यौदामा राष्ट्रिय विज्ञान परिषद् गठन गर्ने विषय समेत समावेश गरिएको। उक्त मस्यौदा रायको लागि १५ वटा मन्त्रालयमा पठाइएकोमा १३ वटा बाट राय प्राप्त भएको। अर्थ मन्त्रालयबाट पुन संशोधन गरी पेश गर्न सुझाव प्राप्त भएको। | शिविप्रम(विप्रम) |

| बजेट बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | मुख्य क्रियाकलाप | माइलस्टोन | प्रगतिको अवस्था | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २३७ | विज्ञान तथा प्रविधिका क्षेत्रमा विश्वस्तरको जनशक्ति उत्पादन गर्न स्थापित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय आगामी वर्ष सञ्चालनमा ल्याइनेछ। मकवानपुरको चित्लाङ्गमा इन्जिनियरिङ्ग संकायको पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ। काभ्रेको पाँचखालमा पूर्वाधार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य आरम्भ गरिनेछ।यसका लागि रु.१अर्ब ५५ करोड रकम विनियोजन गरेको छु। | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय संचालन गर्ने। | चित्लाङ्गमा पूर्वाधार निर्माण सम्पन्न | चित्लाङ्गमा पूर्वाधार निर्माणको कार्य ९५ प्रतिशत सम्पन्न भएको | मभवि तथा प्रविधि विकास समिति |
| | | | काभ्रेको पाँचखालमा जग्गा प्राप्ति | सम्पन्न | मभवि तथा प्रविधि विकास समिति |
| | | | वातावरणीय अध्ययन | चित्लाङ्गको वातावरणीय अध्ययनको कार्य सम्पन्न भएको | मभवि तथा प्रविधि विकास समिति |
| | | | विस्तृत परियोजना प्रतिवेदन तयार | काभ्रेको पाँचखालमा पूर्वाधार निर्माणका लागि गुरू योजना तयार भएको। | मभवि तथा प्रविधि विकास समिति |
| २३८ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनसंरचना गरिनेछ। विपी कोइराला मेमोरियल विज्ञान संग्रहालयलाई विपी कोइराला राष्ट्रिय विज्ञान पार्कमा विकास गरिनेछ। | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनसंरचना गर्नका लागि ऐन परिमार्जन गर्ने। | मन्त्रिपरिषद्मा विधेयकको मस्यौदा पेश | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनसंरचना गर्नका गठित मस्यौदा समितिबाट प्रारम्भिक मस्यौदा तयार भई छलफलको क्रममा रहेको। | नास्ट |
| | | साइन्स सिटीको विस्तृत अध्ययन अनुसन्धान गर्ने। | बोलपत्र आह्वान | सम्पन्न | विपिकोमेविसं |
| | | | सम्झौता र कार्यादेश | सम्पन्न | विपिकोमेविसं |
| | | | साइन्स सिटीको विस्तृत अध्ययन अनुसन्धानको प्रतिवेदन तयार | साइन्स सिटीको विस्तृत अध्ययन अनुसन्धानको प्रतिवेदन तयार भएको। | विपिकोमेविसं |
| ४१५ | देशभरका शिक्षकहरुलाइ निवृत्तभरण अधिकार पत्र लगायत निजले पाउने अन्य सेवा सुविधाहरु अगामी श्रावण ञ गते देखि सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट वितरण गर्ने व्यवस्था मिलाउने । | निवृत्तिभरण अधिकार पत्र कार्यविधि तयार गरी कार्यान्वयन गर्ने। | कार्यविधि निर्माण र कार्य आरम्भ | सम्पन्न | राकिशि/कोलेनिका |